# झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन

रत्नराज्यलक्ष्मी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर तह द्वितीय
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
धुर्वादेवी मैनाली
रत्नराज्यलक्ष्मी क्याम्पस
नेपाली विभाग
प्रदर्शनी मार्ग
काठमाडौँ
२०६४

# रत्नराज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौँ

**मिति : २०६४/ /.....**

## मन्तव्य

रत्नराज्यलक्ष्मी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतका छात्रा **धुर्वादेवी मैनाली**ले स्नातकोत्तर तह, (नेपाली) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनार्थ सिफारिस गर्दछु ।

........................................

डा. कुलप्रसाद कोइराला

(निर्देशक)

# रत्नराज्यलक्ष्मी क्याम्पस

**प्रदर्शनीमार्ग, काठमाडौँ**

# स्वीकृतिपत्र

यस क्याम्पसका छात्रा श्री/सुश्री धुर्वादेवी मैनालीले स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति तयार पार्नुभएको **झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**मिति :** २०६४/   /

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. कुलप्रसाद कोइरालाका कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्नो कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख हरिप्रसाद पराजुली एवम् सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने रत्नराज्यलक्ष्मी क्याम्पसप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि. वि. केन्द्रीय पुस्तकालय काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउने पूज्य पिता छविन्द्रराज मैनाली र माता अम्बिकादेवी मैनालीप्रति म आजीवन ऋणी छु । आफूले व्यावहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने आदरणीय श्रीमान् खगेन्द्रप्रसाद सुवेदीप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने भाइहरू हरि मैनाली, एल्. पी. मैनाली एवम् बहिनी पूजा मैनालीप्रति म कृतकृत्य छु । शोधपत्र तयार पार्न बारम्बार घचघच्याइरहने साथीहरू गीता सापकोटा र तुलसा बस्नेत एवम् भाइहरू भूपाल सुवेदी, नारायण नेपालप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु साथै शुद्धसँग टङ्कण गरिदिने आत्मीय मित्र वीरेन्द्र नेपालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि रत्नराज्यलक्ष्मी क्याम्पससमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र २०६२/६३

मिति : २०६४

**शोधार्थी**

धुर्वादेवी मैनाली
रत्नराज्यलक्ष्मी क्याम्पस
२०६४

# विषयसूची


*पृष्ठ*

पहिलो परिच्छेद

**शोधपत्रको परिचय** **१–६**
१.१ शोधशीर्षक १
१.२ शोधपत्रको प्रयोजन १
१.३ विषयपरिचय १
१.४ समस्याकथन २
१.५ शोधकार्यको उद्देश्य २
१.६ पूर्वकार्यको समीक्षा २
१.७ शोधकार्यको औचित्य ५
१.८ शोधकार्यको सीमाङ्कन ५
१.९ सामग्रीसङ्कलनको विधि ५
१.१० शोधविधि ६
१.११ शोपत्रको रूपरेखा ६

दोस्रो परिच्छेद

**खण्डकाव्यको सैद्धान्तिक पक्ष** **७–३२**
२.१ विषयप्रवेश ७
२.२ विधापरिचय ७
२.३ खण्डकाव्यको परिभाषा ८
२.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीयमान्यता ८
२.३.२ पाश्चात्य साहित्यमा खण्डकाव्यको स्थिति १०
२.३.३ नेपाली सन्दर्भमा खण्डकाव्य १३
२.४ खण्डकाव्यका तत्त्वहरू १५
२.४.१ कथानक १५
२.४.२ पात्र/चरित्र १६
२.४.३ परिवेश १७
२.४.४ भाव १८
२.४.५ भाषाशैली १८
२.४.५.१ लयविधान १९
२.४.५.२ बिम्ब र प्रतीक १९
२.४.६ कथनपद्धति २०
२.५ नेपाली खण्डकाव्यको विकासक्रम २०
२.५.१ प्राथमिक काल (वि. सं.१८२६ देखि १९४०) २१
२.५.२ माध्यमिक काल (वि. सं. १९४१-१९७४) सम्म २३
२.५.३ आधुनिक काल (वि. सं. १९७५ देखि हालसम्म) २५

२.६ निष्कर्ष ३२

तेस्रो परिच्छेद

**महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको खण्डकाव्य यात्रा ३३–४३**

३.१ विषयप्रवेश ३३

३.२ खण्डकाव्यकार देवकोटाको सङ्क्षिप्त जीवनी ३३

३.३ देवकोटाको खण्डकाव्यकारिता ३५

३.४ देवकोटाको खण्डकाव्य यात्रा र चरण विभाजन ३६

३.५ देवकोटाका खण्डकाव्य कृतिहरूको कालक्रमिक विवरण ४१

चौथो परिच्छेद

**'झञ्झावर्णन' खण्डकाव्यको अध्ययन ४४–५७**

४.१ झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन ४४

४.१.१ शीर्षकीकरण ४४

४.१.२ कथानक ४४

४.१.३ परिवेश ४८

४.१.४ रसभावगत विविधता ४९

४.१.५ कथनपद्धति ५०

४.१.६ भाषाशैली ५१

४.१.७ लयविधान ५२

४.१.८ बिम्बालङ्कारविधान ५३

४.२ निष्कर्ष ५६

पाचौ परिच्छेद

**शोधनिष्कर्ष ५८–६१**

**सन्दर्भग्रन्थसूची**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| सङ्क्षिप्त रूप | – | पूर्ण रूप |
| आई. ए. | – | इन्टरमिडिएट अफ आर्टस् |
| एम्. ए. | – | मास्टर अफ आर्टस् |
| गो. प | – | गोरखापत्र |
| चौ. सं. | – | चौथो संस्करण |
| ते. सं. | – | तेस्रो संस्करण |
| त्रि. वि. | – | त्रिभुवन विश्वविद्यालय |
| दो. सं. | – | दोस्रो संस्करण |
| पृ. | – | पृष्ठ |
| प्र. | – | प्रकाशन |
| प्रा.डा. | – | प्राध्यापक डाक्टर |
| प्रा. लि. | – | प्राइवेट लिमिटेड |
| ष. सं. | – | षष्ठ संस्करण |
| सम्पा. | – | सम्पादन/सम्पादक |
| सा. प्र. | – | साझा प्रकाशन |

# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'झञ्झावर्णन' खण्डकाव्यको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविक तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो पत्रको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नेपाली साहित्याकाशका चम्किला नक्षत्र हुन् । उनले नेपाली साहित्यमा महाकाव्य, खण्डकाव्य, निबन्ध, बालकविता तथा फुटकर कविताजस्ता विविध विधामा कलम चलाएका छन् । उनको लेखनले नेपाली साहित्यको श्रीवृद्धिमा अमूल्य योगदान पुऱ्याएको छ । उनका विविध कृतिहरूमध्ये **झञ्झावर्णन** खण्डकाव्य प्रकृतिकाव्यको रूपमा रहेको छ । यस खण्डकाव्यमा प्रकृतिका विविध रूपको चर्चा गरिएको छ । यस खण्डकाव्यमा अङ्ग्रेजी स्वच्छन्दतावादी प्रकृति कविताका क्रान्तिचेतको प्रेरणा र प्रभाव केही मात्रामा झल्किन्छ तापनि यो मुख्यतः देवकोटाकै प्रकृतिकेन्द्रित उग्र विप्लवी सौन्दर्यचेतको आख्यान, न्यून कवितात्मक अभिव्यक्ति गरिएको खण्डकाव्य हो । बीसौँ शताब्दीको विश्वको राजनीतिक जागरण र क्रान्तिको झञ्झारूपी परिवेशको प्रभाव पनि यहाँ देवकोटाले ग्रहण गरेका छन् । झञ्झाका यिनै विविध पक्षको वर्णन गर्ने क्रममा यस शोधपत्रमा देवकोटाको **झञ्झावर्णन** खण्डकाव्यको कृतिपरक अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली कविताका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनले **मुनामदन**, **राजकुमार प्रभाकर**, **लुनी**, **तिप्लिङ्गी**, **कुञ्जिनी**,

**दुष्यन्तशकुन्तला भेट**, **रावणजटायु युद्ध**, **सीताहरण**, **म्हेन्दु**, **तुषारवर्णन**, **नेपाली मेघदूत**, **नवरस**, **कटक**, **मैना**, **वसन्ती**, **सृजामाता**, **वैराग्यलहरी**, **आनन्दशतक**, **झञ्झावर्णन**, **मायाविनी सर्सी**, **नाला**, **पहाडी पुकार**, **आँसु**, **नयाँ सत्यकलिसंवाद**, **परिवर्द्धन मुनामदन**जस्ता खण्डकाव्य लेखेर नेपाली साहित्यलाई ठूलो टेवा पुऱ्याएका छन् । देवकोटाका कृतिहरूका बारेमा आजसम्म अध्ययन हुँदै नभएको त होइन तर उनको **झञ्झावर्णन**जस्तो विशिष्ट खण्डकाव्यको छिटपुट रूपमा मात्र मूल्याङ्कन हुन सम्भव छैन । नेपाली खण्डकाव्यको इतिहासमा उनले दिएको योगदान ठम्याउनु अन्यन्त जरुरी छ । उनका अनेक खण्डकाव्यहरूमध्ये **झञ्झावर्णन** कस्तो खण्डकाव्य कृति हो ? देवकोटाको खण्डकाव्य यात्रा र प्रवृत्ति कस्तो देखापर्दछ ? खण्डकाव्यका तत्त्वका कोणबाट हेर्दा उक्त खण्डकाव्य कस्तो देखिन्छ ? यही कुरालाई आत्मसात् गर्दै **झञ्झावर्णन** खण्डकाव्यको कृतिपरक अध्ययन गरी यसको मूल्याङ्कनतर्फ प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ। अतः उनको **झञ्झावर्णन** कृति नै यस शोधपत्रको मूल समस्याका रूपमा रहेको छ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य **झञ्झावर्णन** खण्डकाव्यको कृतिगत वैशिष्ठ्य केलाउनु रहेको छ । यसै उद्देश्यको साथसाथ निम्नलिखित प्राज्ञिक उद्देश्यहरू पनि समेटिएका छन् :

क) अनेक खण्डकाव्यहरूमध्ये **झञ्झावर्णन** खण्डकाव्य कस्तो कृति हो केलाउने,

ख) देवकोटाको खण्डकाव्ययात्रा र प्रवृत्ति के कस्तो देखापर्दछ,

ग) खण्डकाव्यतत्त्वका आधारमा **झञ्झावर्णन** खण्डकाव्यको विश्लेषण गर्ने,

## १.६ पूर्वकार्यको समीक्षा

खण्डकाव्यकार महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यगत प्रवृत्ति एवम् **झञ्झावर्णन** खण्डकाव्यको विभिन्न विद्वान्हरूले विविध लेख तथा रचनाका माध्यमबाट सामान्य रूपमा परिचर्चा गर्दै आएका छन् । **झञ्झावर्णन** नेपाली साहित्यको उत्कृष्ट खण्डकाव्य हो । विशेष रूपमा यसको अध्ययन नभए तापनि सामान्य रूपमा हालसम्म भएका यसका पूर्वकार्यहरूलाई यथासम्भव खोज गरी यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

चूडामणि बन्धुले **रचना** (वर्ष १४, अङ्क ४, २०३३) पत्रिकामा 'देवकोटा बनारसमा' भन्ने लेखमा उनका खण्डकाव्यहरूका नामावली उल्लेख गरी सामान्य रूपमा ती कसरी लेखिएर प्रकाशित भए भन्ने कुरा उल्लेख गरेका छन् ।

वासुदेव त्रिपाठी **मैना** (२०३९) खण्डकाव्यको भूमिकामा देवकोटाका बनारस प्रवासकालीन काव्यकृतिहरूलाई सारगर्भित रूपमा चिनाएका छन् । देवकोटाका सातवटा खण्डकाव्यहरू **मैना**, **वसन्ती**, **सृजामाता**, **नेपाली मेघदूत**, **वैराग्यलहरी**, **आनन्दशतक**, **झञ्झावर्णन**लाई आख्यान, लय र रसको आधारमा हेर्नाका साथै देवकोटाका आधारभूत खण्डकाव्यको चेतना आख्यानबाट अनुप्राणित देखिन्छ र आख्यानको विकल्पस्वरूप अन्य विविध संरचना र प्रविधिको प्रयोग पनि कवि देवकोटाले गरेको तर प्रवाहविस्तार नै त्यसको मूल कारक रहेको पाइन्छ भनेका छन् । प्रस्तुत सात खण्डकाव्यहरूले भावुक स्वच्छन्दतावादी-प्रगतिवादी कवि देवकोटाका भाव विविधताको नमुना पेस गरेका छन् ।

कुमारबहादुर जोशीले **महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोड उपमोडको विवेचना** (२०४२) शीर्षकको अप्रकाशित विद्यावारिधि शोधप्रबन्धमा देवकोटाले रचेका एक्काइस् वटा खण्डकाव्यकृतिहरूको विवरण उनका कृतिहरूको सूची दिँदा प्रस्तुत गरेका छन् । बीसौँ शताब्दीको विश्वराजनीतिक जागरण र क्रान्तिको झञ्झाबाट उत्प्रेरित र प्रभावित भई उनले **झञ्झावर्णन** खण्डकाव्यको रचना गरेका हुन् भनेका छन् ।

अम्बिकादेवी रिमालले **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन** (२०४२) नामक अप्रकाशित शोधपत्रमा प्रकृतिका विध्वंशकारी भयङ्कर रूपलाई केन्दबिन्दु बनाएर क्रान्तिकारी झञ्झा वीरताको चित्रण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रान्तिकारी युगचेत र आत्मिकचेतको अभिव्यक्ति गरेका छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विश्लेषण र मूल्याङ्कन** (२०४८) मा पूर्वीय-पाश्चात्य पौराणिक तथा ऐतिहासिक तूफानी बिम्ब र प्रतीकहरूलाई अँगाल्दै उग्रसौन्दर्यचेतका साथै बनारस प्रवासकालीन समयमा रहँदाको उनको क्रान्तिकारी विद्रोहचेतको अभिव्यञ्जना

गरेका छन् । परिवेशमा विकृति र विसङ्गति, ताप सन्तानहरूको सृष्टि भएपछि उच्च आदर्श र स्वप्नहरू आहत भई झञ्झावीरको जन्म भएर सबै विकृति तानाशाहीको अन्त्य हुने कुराको चर्चा गरेका छन् ।

वासुदेव त्रिपाठीले **गोधूली** (२०५१, वर्षाशरद) पत्रिकामा 'महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राको थालनी एवम् दिशाबोध : एक चर्चा' लेखमा देवकोटाले प्रकृतिलाई नै आलम्बन विषय बनाइएको यो प्रकृतिपरक काव्यमा प्रकृतिको मौसमीचक्रको विप्लवी झञ्झा रूपका विध्वंसक र नवनिर्माणकारी दोहोरो क्रान्तिचेतलाई व्यक्त गरेका छन् भनी उल्लेख गरेका छन्।

कुमारबहादुर जोशीले **देवकोटाका कविताकृतिमा प्रकृति** (२०५३) पुस्तकमा यो खण्डकाव्य देवकोटाको प्रथम र अन्तिम प्रकृतिकाव्य हो भनेका छन् ।

कुमारबहादुर जोशीले **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन,** (२०५७) मा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि सेली र वायरनबाट उत्प्रेरित हुने यस खण्डकाव्यका परिवेशमा चर्को आएपछि झञ्झावीर जन्मने र त्यसले परिवेशलाई बढारेर स्वच्छ तुल्याई सुन्दर बनाउँछ भन्ने झञ्झारूपी क्रान्तिदर्शन अभिव्यञ्जित भएको छ भनेर भनेका छन् ।

चूडामणि बन्धुले **देवकोटा** (२०५८) मा प्रकृति र मानव, व्यक्ति र समाज, राष्ट्र र अन्तर्राष्ट्रिय सबैलाई समेटेर क्रान्तिकारी झञ्झाको गीत गाउँदै स्रग्धरा छन्दको तुफानी प्रवाहमा गडगडाहटका साथ प्रकृतिको रौद्र रूपको वर्णन गरेका छन् भनेका छन् ।

नवराज केसीले **मैना खण्डकाव्यसङ्ग्रहको कृतिपरक अध्ययन** (२०५८) शीर्षकको अप्रकाशित शोधपत्रमा संसारका विकृति र विसङ्गतिलाई झञ्झारूपी क्रान्तिबाट निर्मल पारी स्वच्छ बनाउँछ भनेका छन् ।

महादेव अवस्थीले **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता** (२०६१) पुस्तकमा प्रकृतिकेन्द्री रौद्र सौन्दर्यचेतना र क्रान्तिकारी विद्रोह चेतनाको साथै धार्मिक, नैतिक, आध्यात्मिक विचारको वर्णन गर्दै अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूका क्रान्तिचेतनारूपी पाश्चात्यजगत्का विविध क्षेत्रको र बीसौं शताब्दीको

युगको प्रभाव झल्किए पनि प्रकृतिका उग्र, रौद्ररूपको वर्णन गरी रचिएको मौलिक कृति **झञ्झावर्णन** हो भनेका छन् ।

यसरी पूर्वकार्यको समीक्षालाई हेर्दा देवकोटाको उक्त **झञ्झावर्णन** कृतिका बारेमा छिटपुट रूपमा मात्र चर्चा गरिएको देखिन्छ । त्यस कारण यस कृतिलाई व्यापक र वैज्ञानिक-विश्लेषणका आधारमा तथा खण्डकाव्यको सैद्धान्तिक मापदण्डका आधारमा विभिन्न कोणबाट विश्लेषण तथा मूल्याङ्कन यस शोधपत्रमा गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

पूर्वकार्यको समीक्षामा उल्लेख भएअनुसार **झञ्झावर्णन** खण्डकाव्यको विश्लेषण खण्डकाव्यका तात्त्विक सैद्धान्तिक कोणबाट व्यापक अध्ययन नभएर एकाङ्गी दृष्टिकोणबाट मात्र भएको देखिन्छ । अतः बहुपक्षीय वा समग्र पक्षका आधारमा यस खण्डकाव्यको अध्ययन गर्नु औचित्यपूर्ण रहेको मानिन्छ । खण्डकाव्यतत्त्वका आधारमा गरिएको उक्त कृतिको कृतिपरक अध्ययनको आफ्नै महत्त्व छ । यसले एकातिर यसमा रहेका कृतितत्त्वको बारेमा जानकारी गराउनेछ भने अर्कोतिर यसका कृतिगत विशेषताका बारेमा जान्न चाहने र भविष्यमा यस्तै किसिमका कृतिहरूको कृतिपरक विवेचना गर्न चाहनेहरूलाई प्रस्तुत शोधपत्रले सहयोग गर्न सक्ने हुँदा यो शोधकार्य औचित्यपूर्ण छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कृतिपरक विवेचनामा आधारित छ । यस शोधपत्रमा कवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचिएको **झञ्झावर्णन** खण्डकाव्यको कृतिपरक विवेचना गर्नु प्रस्तुत शोधकार्यको क्षेत्र वा सीमा हो ।

## १.९ सामग्रीसङ्कलनको विधि

प्रस्तुत शोधकार्यको निम्ति अपेक्षित सामग्रीहरूको सङ्कलन मुख्य रूपमा पुस्तकालयीय अध्ययनपद्धतिबाट गरिएको छ भने कतिपय सामग्रीहरूको सङ्कल गर्दा शोधनिर्देशक, प्राध्यापक, विषयविशेषज्ञ तथा समीक्षकहरूबाट पनि मौखिक जानकारी लिइएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यको विषय **झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन** भएकाले तत्सम्बन्धी सामग्रीको विश्लेषण गर्दा मुख्यतः खण्डकाव्यसम्बन्धी आधारभूत चिन्तनद्वारा स्थापित सैद्धान्तिक कोणहरूको उपयोग गरिएको छ भने खासखास स्थलहरूमा आवश्यकता अनुसार साहित्यिकवाद तथा ऐतिहासिक सन्दर्भसमेतको आड लिइएको छ । यसका साथै सङ्कलित सामग्री र तिनको पहिचान, वैज्ञानिक विश्लेषण र निष्कर्षणका लागि विशेषतः वर्णनात्मक, तुलनात्मक तथा विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## १.११ शोपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि निम्नलिखित मुख्य चार परिच्छेदमा विभाजन गरिएको छ भने उक्त परिच्छेदहरूमा पनि आवश्यकताअनुसार शीर्षक तथा उपशीर्षकमा विभाजन गरी समापन गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | : | खण्डकाव्यको सैद्धान्तिक अध्ययन |
| तेस्रो परिच्छेद | : | महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनी र खण्डकाव्ययात्रा |
| चौथो परिच्छेद | : | झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन |
| पाँचौ परिच्छेद | : | शोधनिष्कर्ष |
| | | सन्दर्भग्रन्थसूची |

# bf];|f] kl/R5]b

## खण्डकाव्यको सैद्धान्तिक पक्ष

### २.१ विषयप्रवेश

कविता साहित्यको एउटा विधा हो । खण्डकाव्य कविताको उपविधा मानिन्छ । लय वा छन्दका दृष्टिले साहित्यलाई गद्य र पद्य गरी दुई भागमा वर्गीकरण गरिन्छ । गद्यअन्तर्गत आख्यानसाहित्य र आख्यानेतर साहित्य पर्दछन् भने आख्यान लिने वा नलिने सम्पूर्ण कविता पद्यअन्तर्गत पर्दछन् ।मानवीय अन्तर्मनका अनुभूतिको लयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । लय कविताको परिचायक तत्त्व हो । यही कविताविधाको एक उपविधात्मक रूप खण्डकाव्य हो ।

### २.२ विधापरिचय

कविता विधाका विभिन्न उपविधाहरू छन् । कविताको लघुत्तम रूपभन्दा विस्तृत र बृहत् रूपभन्दा सङ्क्षिप्त जीवनको कुनै एक पक्षको प्रतिनिधित्व गर्ने खास संरचनाबद्ध काव्यलाई नै कविताको आयाम तथा आख्यान र संरचनाको विस्तृतिले गर्दा खण्डकाव्य फुटकर र कवितादेखि अलगिन्छ । कविताको लघु रूपभन्दा ठूलो र बृहत् रूपभन्दा सानो मध्यबिन्दुको रचना हुनाले नै खण्डकाव्यलाई कविताको मध्यम रूप मानिएको हो । फुटकर कवितामा झिनो आख्यानको प्रयोग भएको पनि हुनसक्छ तर महाकाव्यमा चाहिँ आख्यानले पूर्णता पाएको हुन्छ । ती दुवैको मध्यबिन्दुमा रहेको खण्डकाव्यले भने जीवनको एक खण्डलाई समेट्ने आख्यानलाई अवलम्बन गर्ने हुनाले खण्डकाव्य कविताको मझौलो रूप मानिन्छ । संरचना र अनुभूति विस्तारका दृष्टिले कविताका विविध उपभेद छन् । लघुतम रूप, लघुरूप, मध्यमरूप र बृहत्रूप ।[१] जसलाई निम्न तालिकाका माध्यमले स्पष्ट्याउन सकिन्छ :

[१] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.) **नेपाली कविता** (भाग ४), (काठमाडौं : साझा प्रकाशन, २०५४), पृ. १२ ।

कविता

लघुरूप　　　　मध्यमरूप　　　　बृहत्‌रूप

लघुत्तम　　लघु　　खण्डकाव्य　　बृहत्　　बृहत्तर/बृहत्तम्

तालिकामा देखाइएको रेखाचित्रमा कविताको सबैभन्दा सूक्ष्मरूप लघुतम रूप हो । यसअर्न्तगत मुक्तक, सायरी, स्तुति, हाइकु आदि पर्दछन् । लघुतम कविताको तुलनामा केही विस्तृत आयाम भएको लघुरूप फुटकर कविता हो । लघुरूपभन्दा ठूलो र बृहत् रूपभन्दा सानो आयाममा देखापर्ने कविताको उपविधा खण्डकाव्य हो । पूर्वमा सबैभन्दा लामो आयाम भएको कवितात्मक उपविधा बृहत् वा बृहत्तर रूप हो । यसमा प्रचलित कलात्मक वा ललित महाकाव्यहरू र **रामायण**, **महाभारत** तथा पश्चिमका **इलियड**, **ओडिसी**जस्ता विकसनशील महाकाव्य पर्दछन् ।

## २.३ खण्डकाव्यको परिभाषा

### २.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीयमान्यता

पूर्वेली काव्यशास्त्रीयपरम्परामा खण्डकाव्यसम्बन्धी चिन्तन धेरैपछि मात्र देखापरेको हो । साहित्य या काव्य र त्यसका विभिन्न भेदको परिचय दिने कार्य भने संस्कृत साहित्यशास्त्रीहरूले गरेको देखिन्छ । जसअनुसार संस्कृत साहित्यशास्त्रमा काव्य/साहित्यबारे सैद्धान्तिक चिन्तन भरतमुनिदेखि सुरु भएको हो तर यिनले खण्डकाव्यको चर्चा नगरी काव्य विभाजन गर्ने काम मात्र गरेका छन् । छैठौँ शताब्दीका आचार्य भामहले काव्यलाई आयामका आधारमा विभाजन गरेका छन् । उनका आधारमा मुक्तक र सर्गबन्धमा विभाजन गरे भने मुक्तकले एकल पद्यको र सर्गबन्धले प्रबन्धकाव्यको सङ्केत गर्दछ ।[२]

ईशाको आठौँ शताब्दीका रुद्रटले प्रबन्धकाव्यलाई महान्‌काव्य र लघुकाव्य गरी दुई भागमा विभाजन गरेर तिनका बीचको भिन्नता देखाएका छन् ।[३] यिनले चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) र समग्र रस (शृङ्गार, वीर आदि) का आधारमा महान् काव्य र लघुकाव्यलाई

---

[२] नरेन्द्र, **भारतीय काव्यशास्त्रको भूमिका**, (दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस, सन् १९७६), पृ. ३५३-५५ ।

[३] रुद्रट, **काव्यालङ्कार**, (दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५), पृ. ४१८ ।

चिनाएका छन् । महान्‌काव्यमा चारै वर्ग र समग्र रसको अभिव्यक्ति हुन्छ भने लघुकाव्यमा ती मध्येको एक वर्ग र अनेक नभई एक रसको अभिव्यक्त हुन्छ ।[४] यिनले विभाजन गरी देखाएको लघुकाव्य नै उत्तरवर्ती विद्वान् विश्वनाथले चिनाएको खण्डकाव्य हो भन्न सकिन्छ ।

ईशाको नवौँ शताब्दीका आनन्दबर्द्धनले पद्यकाव्यलाई मुक्तक र प्रबन्धकाव्यमा विभाजन गरी महान् प्रबन्धकाव्यका लागि सर्गबन्ध शब्दको प्रयोग गरेका छन् ।[५] यिनकै अनुयायी ईशाको दसौँ शताब्दीका अभिनव गुप्तले श्लोकसङ्ख्या र वर्णित विषयका आधारमा आफ्ना पूर्ववर्ती आचार्यहरूले भन्दा भिन्न प्रकारले पद्यलाई दस श्रेणीमा विभाजन गरेका छन् ।[६] मुक्तक, युग्मक, विशेषक, कलापक, कुलक, पर्यायबन्ध, परिकथा, खण्डकथा, सकलकथा र सर्गबन्ध । यी मध्ये मुक्तक दुईहरफे पद्यरचना हो । युग्मक, विशेषक, कलापक, कुलकचाहिँ क्रमशः दुईश्लोके, तीनश्लोके, चारश्लोके र पाँचश्लोके कविता हुन् र यिनलाई कविताको लघु/फुटकर भेदअन्तर्गत् राख्न सकिन्छ । पर्यायबन्ध परिकथा, खण्डकथा, सकलकथा र सर्गबन्धलाई उनले पद्यको प्रबन्धअन्तर्गत राखेका छन् ।

यसपछि विश्वनाथ (चौधौँ शताब्दी) ले **साहित्यदर्पण** ग्रन्थमा मुक्तकदेखि सर्गबन्धसम्मका गद्य तथा पद्य दुवै विधाको चर्चा गर्नाका साथै काव्यका चार भेदहरूको पनि चर्चा गरेका छन् ।[७] उनले कविता विधालाई काव्य, खण्डकाव्य, कोषकाव्य र महाकाव्यमा विभाजन गरेका छन् । यिनका अनुसार काव्य भनेको प्रबन्धकाव्यको त्यो भेद हो जुन संस्कृत, प्राकृत वा अपभ्रंश भाषामा निबद्ध हुन्छ एवम् यसमा सर्गबन्ध आवश्यक छैन र पञ्चसन्धिको आवश्यकता पनि पर्दैन । यो एकार्थप्रवण वा एकान्वितिपूर्ण हुन्छ ।[८] खण्डकाव्य भनेको त्यो काव्यको भेद हो जुनमा एकदेशको अनुसरण गर्ने पद्यप्रबन्ध हो[९] भन्ने उनको मत रहेको छ । उनका दृष्टिमा शृङ्खलित इतिवृत्त नभएको, परस्पर असम्बद्ध श्लोकहरूबाट निर्मित काव्य नै कोषकाव्य हो ।[१०] सिङ्गो जीवनको व्याख्या गरिएको सर्गबन्ध विशिष्टकाव्य महाकाव्य हो ।

---

[४] **ऐजन** ।

[५] अभिनव गुप्त, **ध्वन्यालोक लोचन**, (वाराणसी : चौखम्बा विद्याभवन, सन् २०२१), पृ. ३५३-५५ ।

[६] **ऐजन** ।

[७] विश्वनाथ, **साहित्यदर्पण**, (वाराणसी : चौखम्वा संस्कृत सीरिज अफिस, सन् १९१२) पृ. ४६५ ।

[८] **ऐजन**, पृ. ५५४ ।

[९] **ऐजन**, पृ. ५५५ ।

[१०] **ऐजन** ।

यिनले खण्डकाव्यको चर्चा गर्ने क्रममा खण्डकाव्य काव्यको एकदेशानुसारी र काव्यको एक पक्षको उद्घाटन गर्ने खालको हुन्छ भन्नाले यसको आकार मझौला किसिमको हुन्छ भन्ने बुझिन्छ । चौधौँ शताब्दीका विश्वनाथले खण्डकाव्यको उल्लेख गरेपछि त्यसपछिका विद्वान्हरूले उनकै अनुशरणमा खण्डकाव्यको मान्यतालाई अगाडि सार्दै आएका छन् । विश्वनाथको यही मत नै खण्डकाव्यसम्बन्धी खास पूर्वीय दृष्टिकोण हो ।[११]

## २.३.२ पाश्चात्य साहित्यमा खण्डकाव्यको स्थिति

पाश्चात्य जगत्मा खण्डकाव्यको सैद्धान्तिक चिन्तन भएको पाइँदैन । खण्डकाव्य समकक्षका संरचनाहरू प्रशस्तै पाइन्छन् । महाकाव्य र फुटकर कविताका बीचमा रहेको खण्डकाव्यलाई यी दुई रूपमा बीचको कवित्व रूपलाई हेरेर पाश्चात्य साहित्यमा अध्ययन गरिन्छ । पश्चिममा खण्डकाव्य भनिने संरचना नपाइए पनि खण्डकाव्य स्तरका विषयवस्तु र आयाम बोकेका रचनाहरू भने प्रशस्तै भेटिन्छन् ।

पश्चिमी साहित्यको मध्यकाल क्रिश्चियन धर्मशास्त्रीय पाण्डित्यले किचिएको अन्धकारपूर्ण काल मानिन्छ । त्यसबेला जेजति विकास र प्रगति भयो त्यो सबै क्रिश्चियन साहित्य र कलाको मात्र भयो । अन्य विधा र गाथाहरू उपेक्षित नै रहेको पाइन्छ । पछि डानक्नीनले रोमाञ्चपूर्ण काव्यको रचना गरेर क्याथोलिक विरुद्ध विद्रोह ल्याए । उनको त्यही रोमाञ्चक काव्य 'गीतमय गाथा' (लिरिकल ब्यालेड) लाई पश्चिमको पहिलो खण्डकाव्यको स्वरूप भन्न सकिन्छ ।[१२] त्यहाँ आख्यानात्मक कविता (नेरेटिभ पोइम) लेख्ने परम्परा अठारौँ शताब्दीको अन्त्यतिरबाट सुरु भएको पाइन्छ ।[१३] १९ औँ शताब्दीसम्म आइपुग्दा पश्चिममा खण्डकाव्य भन्न सुहाउने काव्य 'गीतिमय गाथा' र आख्यानात्मक कविता देखिन्छन् । मध्यकालका रोमाञ्चकाव्य, गोपकाव्य र शोककाव्य आदि खण्डकाव्यको आयाम भएका रचनाहरू हुन् । पाश्चात्य काव्यपरम्परामा खण्डकाव्यको शृङ्खलित परिभाषा वा लेखनप्रक्रिया नपाइए पनि मझौला स्तरका कविताको संरचनालाई खण्डकाव्य मान्दै आएका छन् । १९ औँ शताब्दीसम्म आइपुग्दा पाश्चात्य कवितापरम्परामा 'लङ्ग पोइम' (लामो कविता) को जन्म भएको हो । यी सबै मझौला स्तरका कविता संरचनालाई नै पाश्चात्य काव्यपरम्परामा खण्डकाव्य मानिन्छ ।

---

[११] दैवज्ञराज न्यौपाने, 'खण्डकाव्यको सैद्धान्तिक परिचय', **वाङ्मय**, (वर्ष, अङ्क, २०५५/५६), पृ. ४४ ।

[१२] ईश्वरी गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : न्यू हिरा इन्टरप्राइजेज, २०६०, पृ. १६३-६४ ।

[१३] **ऐजन** ।

**क) गाथा**

ल्याटिनमा गाथाको अर्थ नाच्नु भए पनि कुनै कथालाई सङ्गीत र नृत्यका साथमा प्रस्तुत गरिने रचनालाई गाथा भनिन्छ ।[१४] यसलाई लोककाव्य पनि भनिन्छ । पाश्चात्य काव्यपरम्परामा गाथाको अध्ययन गर्नुपर्दा प्राचीन गाथासम्म पुग्नुपर्ने देखिन्छ । गाथामा गेयात्मकता र लयात्मकताको विशेष प्रधानता हुन्छ । गीतमा कथालाई आबद्ध गरेर प्रबन्धित तुल्याइएको लोककाव्य नै लोकगाथा हो । गाथामा आख्यान र कवित्वको सहअस्तित्व देखिन्छ । यस्ता गाथालाई व्यष्टि रूपमा कविताको मझौलो रूप खण्डकाव्यको रूपमा र समष्टि रूपमा महाकाव्यको रूपमा लिन सकिन्छ । पाश्चात्य साहित्यमा क्याथोलिकको विरुद्ध डान क्वीनले रोमाञ्चपूर्ण काव्यको रचना गरेर साहित्यको क्षेत्रमा नयाँ प्रवृत्ति भित्र्याउने काम गरे । डान क्वीनले तयार गरेको रोमाञ्चपूर्ण रचना गीतिमय गाथा नै पाश्चात्य साहित्यको पहिलो खण्डकाव्यात्मक गाथा मानिन्छ ।

**ख) आख्यानात्मक कविता**

१९ औं शताब्दीको सुरुतिर पाश्चात्य साहित्यमा खण्डकाव्य भन्न सकिने कविताका रूपमा आख्यानात्मक कविता देखापर्दछन् । यही आख्यानात्मक कवितामा कविता र कथानकको बीचमा सहअस्तित्व भेटिन्छ । आख्यानात्मक कविता लघु कविता र महाकाव्यको बीचमा पर्दछ । फलतः आख्यानात्मक कवितालाई खण्डकाव्यको नजिक राखी अध्ययन गरिन्छ । आख्यानात्मक कविताको मझौला रूप भए पनि यसलाई छोट्याएमा फुटकर कविता र लम्ब्याएमा महाकाव्य बन्न सक्ने कुरा पाश्चात्य साहित्यशास्त्रीको विचार रहेको छ ।[१५] आख्यानात्मक कवितालाई पाश्चात्य लोकगाथाकै लिखित साहित्यिक उपलब्धि मानिन्छ । यसलाई नेपाली समालोचक तारानाथ शर्माले विवरणात्मक लामो कविताको नाम दिएका छन् ।[१६]

**ग) रोमाञ्चकाव्य**

रोमाञ्चकाव्य मध्यकालीन साहित्यको देन हो । मध्यकालीन युरोपमा रोमन क्याथोलिक चर्चका विरोधमा डान क्वीनले रोमाञ्चकाव्यको रचना गरेका थिए । रोमाञ्चकाव्यमा अद्‌भुत घटनाहरूको वर्णन गरिएको हुन्छ । काव्यमा कथाले पाठकलाई

---

[१४] खगेन्द्रप्रसाद लुँइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ३९ ।

[१५] ईश्वरीप्रसाद गैरे, **पूर्ववत्**, पृ. १६५ ।

[१६] टीकाराम वाँस्तोला, 'आधुनिक नेपाली खण्डकाव्य शिक्षण', **पृथ्वीवाङ्मय**, (वर्ष १, अङ्क १, २०५८), पृ. ५६ ।

कुतूहलता सिर्जना गरिदिन्छ जसबाट पाठकलाई काव्य पढ्न उत्सुकता जाग्दछ । यस्ता अद्भुत विषयको वर्णन हुने हुँदा यसको आकार छोटोभन्दा बढी लामो नै हुन्छ । रोमाञ्चकाव्यमा आख्यानको प्रबलता र कवित्व तत्त्वको दुर्बलता रहन्छ । यसमा कथावस्तु लम्बिने धेरै सम्भावना हुन्छ ।[१७] नेपालीमा पनि पद्यमय 'पिनासको कथा', 'राजा, राजकुमारीका बारेका कविता' यस्तै प्रकारका संरचना भएका सिर्जना हुन् ।

**घ) गोपकाव्य**

गोपकाव्यलाई ग्रामकाव्य पनि भनिन्छ । यसको विषयवस्तु क्षुद्र वा निकृष्ट हुन्छ तर कविता र अभिव्यक्ति पक्ष सशक्त एवम् प्रबल हुन्छ ।[१८] विषयवस्तुको क्षुद्रता रहे पनि प्रकृतिको वर्णनले यसलाई खण्डकाव्यको नजिक पुऱ्याउन मद्दत गर्छ । आख्यानको दुर्बलता र कवितातत्त्वको प्रबलता खण्डकाव्यको पनि विशेषता भएकाले पश्चिममा खण्डकाव्यस्तरीय रचनाहरू देखिन्छन् । विषयवस्तु, संरचना र अभिव्यक्तिशिल्पलाई हेर्दा फुटकर कविताभन्दा माथिल्लो स्तरको र महाकाव्यभन्दा तल्लो स्तरको भएकाले गोपकाव्यलाई खण्डकाव्यअन्तर्गत राखिन्छ ।

**ङ) शोककाव्य**

यसमा आख्यानतत्त्व भिनो रहे पनि कवितातत्त्व प्रबल हुन्छ र शोकपूर्ण अभिव्यक्ति हुनाले मान्छेको मनलाई विरोचित पार्न समेत सक्षम रहन्छ । यो पनि फुटकर कविताभन्दा लामो र महाकाव्यभन्दा छोटो आयाममा संरचित हुने भएकाले यसलाई पनि खण्डकाव्यको कोटिभित्र राखिन्छ ।[१९]

**च) लामो कविता**

पाश्चात्य साहित्यमा खण्डकाव्यलाई छुट्टै उपविधाको रूपमा चर्चा गरेको पाइँदैन । २० औ शताब्दीमा स्तरीय लामा कविता प्रशस्त लेखिएको पाइन्छ । पाश्चात्य काव्यजगत्मा कविद्वय टी. एस् इलियट र डब्लु. बी. एट्सबाट लेखनको आरम्भ गरिएका लामा कविताहरू काव्यकै समानन्तर र आयाम बोकेका मझौला रूपका अधिकतम उपलब्धिका रूपमा देखापरेका हुन् ।[२०] अङ्ग्रेजी कवितामा देखापरेको प्रयोगवादी धाराअन्तर्गत लामा कविता

---

[१७] ईश्वरीप्रसाद गैरे, **पूर्ववत्**, पृ. १६५ ।

[१८] नारायणप्रसाद गौतम, **नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना**, (काठमाडौं : दीक्षान्त पुस्तक भण्डार, २०६१), पृ. २० ।

[१९] खगेन्द्र लुँइटेल, पूर्ववत्, पृ. ४०-४१ ।

[२०] **ऐजन** ।

देखापरेका कृति हुन् । नेपाली साहित्यमा प्रयोगवादी धाराको सुरुआत मोहन कोइरालाले **सूर्यदान** (२०२२), **लेक** (२०२५), **पलङ नं. २१** (२०२८), **गङ्गाप्रवास** (२०३८), **नदी किनाराका माझी** (२०३८) आदि खण्डकाव्य समकक्षी लामा कविताको रचना गरेर भएको देखिन्छ । यी सबै कविता मझौला रूप वा खण्डकाव्यअन्तर्गत पर्दछन् । लामो कवितामा कविको अवचेतन मन वा स्नायुतन्त्र नै विशृङ्खलित हुन्छ ।[२१]

खण्डकाव्य आख्यानात्मक प्रबन्धकाव्य हो । यसको संरचना कलात्मक भइकन पनि सुबोध्य, संवेद्य र सम्प्रेष्य बन्ने क्षमताको देखिन्छ अनि यसमा प्रयुक्त भावचेतनाको अमूर्ततालाई मूर्तरूप दिने सहज अभिव्यक्त रहन्छ तर अपूर्ण तथा चूर्णित आख्यानीकरण हुने र संरचनात्मक घनत्वका कारणले गर्दा दुर्बोध्य हुने तथा यसमा प्रयुक्त भावचेतनालाई कतै अर्धमूर्त र कतै मूर्त प्रयोगद्वारा समष्टि प्रभाव उत्पन्न गराउने प्रयत्न भएका कारणले संवेद्य बन्न खोज्दाखोज्दै पनि संप्रेष्य हुन नसक्ने प्रयोगद्वारा आक्रान्त रहेको हुन्छ ।

यसरी रोमदेखि आधुनिक युरोपसम्मका शोककाव्य, गीतिकाव्य, रोमाञ्चकाव्य, आख्यानात्मक लगायत गोपकाव्य, लामो कविताआदिका माध्यमबाट कविताका विभिन्न मझौला स्वरूपहरूको सृजना भई तिनले पारिभाषिक स्वीकृति र चर्चा पाएका छन् तर पनि तिनीहरूलाई खण्डकाव्य नै भनेको पाइँदैन । जे होस् यी सबै खण्डकाव्य नै नभए पनि कविताको मझौलो रूप र खण्डकाव्यकै स्तरमा संरचित रचना हुन् ।

### २.३.३ नेपाली सन्दर्भमा खण्डकाव्य

नेपाली साहित्यका विद्वान्हरूले पनि खण्डकाव्यबारे आआफ्ना धारणाहरू व्यक्त गरेका छन् । सर्वप्रथम सोमनाथ शर्माले खण्डकाव्यलाई चिनाउने प्रयास गरेका छन् । उनले खण्डकाव्यलाई यसरी चिनाएका छन् :

> "काव्यको एक टुक्राजस्तो कथानक लिएर शृङ्खलित रूपमा बीचबाटै उठेर बीचमै टुङ्गिएको सर्गबन्ध तथा सन्धिबन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य भनिन्छ" ।[२२]

नेपाली शब्दकोशमा खण्डकाव्यलाई यसरी चिनाइएको छ :

---

[२१] ईश्वरीप्रसाद गैरे, **पूर्ववत्**, पृ. १६६ ।

[२२] सोमनाथ शर्मा, **साहित्यप्रदीप**, दो. सं., (काठमाडौँ : विराटनगर पुस्तक संसार, २०२८), पृ. १०९ ।

[२२] **नेपाली बृहत् शब्दकोश**, पाँ. सं., (काठमाडौँ : ने. रा. प्र. प., २०५८), पृ. २३६ ।

"कथानक एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य खण्डकाव्य हो" ।[२३]

केशवप्रसाद उपाध्यायले खण्डकाव्यलाई यसरी परिभाषित गरेका छन् :

" खण्डकाव्यमा जीवनको एक अंश विशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्प अवधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थित हुन्छ, यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित छ" ।[२४]

खण्डकाव्यसम्बन्धी चिन्तनकै क्रममा मोहनहिमांशु थापाले खण्डकाव्यको परिभाषा यसरी दिएका छन् :

"खण्डकाव्यमा मानवजीवनको एक पक्षको चित्रण हुन्छ र एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थताको विश्लेषण हुन्छ" ।[२५]

वासुदेव त्रिपाठीले खण्डकाव्यबारे टिप्पणी गर्दै भनेका छन् :

"खण्डकाव्यलाई कविता विधाको त्यस्तो मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ जसमा कुनै आख्यान अँगालेर वा नअँगालीकन जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ" ।[२६]

यसैगरी महादेव अवस्थी भन्छन् :

"खण्डकाव्य कविताको त्यो प्रबन्धात्मक रूप हो, जो सर्गरहित वा सर्गसहित हुन सक्छ; जसले समग्र सन्धिको अपेक्षा गर्दैन, जो आख्यानात्मक वा आख्यानरहित अनि एकान्वितिपूर्ण पद्यहरूद्वारा संरचित हुन्छ । जसमा एकै उद्देश्यप्राप्तिमा प्रवृत्त जीवनखण्डको वा जीवनजगत् कालखण्डको (महाकाव्य, सकलकथा वा विश्वनाथीय काव्यका दाँजामा लघु र खण्डात्मक अनि फुटकर कविताका दाँजामा अपेक्षाकृत विस्तारित किसिमको) र कुनै एक पुरुषार्थ रस विशेषको अभिव्यक्ति भएको हुन्छ" ।[२७]

---

[२४] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, (काठमाडौँ : साझा प्रकाशन, २०३०), पृ. १५३ ।

[२५] मोहनहिमांशु थापा, **साहित्यपरिचय**, चौ. सं. (काठमाडौँ : साझा प्रकाशन, २०५०), पृ. १५७ ।

[२६] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली कविता भाग ४**, (काठमाडौँ : साझा प्रकाशन, २०५३), पृ. ५६-५७ ।

[२७] महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, (काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स, प्रा. लिं, २०६१) ।

खण्डकाव्यसम्बन्धी नेपाली विद्वान्हरूका उपर्युक्त दृष्टिकोणहरूबाट के स्पष्ट हुन्छ भने नेपाली साहित्यमा पनि यसबारे प्रशस्त चिन्तन गरिएको छ । यी विद्वान्हरूको दृष्टिकोण बेग्लाबेग्लै भए पनि खण्डकाव्यले जीवनको एक अंशको क्रमबद्ध अभिव्यक्ति गर्दछ भन्ने कुरामा सबैको एक मत देखिन्छ र त्यो मत संस्कृत साहित्यशास्त्री विश्वनाथका खण्डकाव्यसम्बन्धी मान्यताबाटै अभिप्रेरित हो भन्न सकिन्छ ।

खण्डकाव्य कविताको त्यस्तो प्रबन्धात्मक रूप हो जसमा जीवनको एकखण्ड वा एक घटना र प्रसङ्गलाई अँगाली मध्यम एवम् मझौला प्रकारको आयाममा लयबद्ध या लयमुक्त किसिमले एक पुरुषार्थ वा एक रसलाई प्रस्तुत गरिन्छ ।

## २.४ खण्डकाव्यका तत्त्वहरू

कविता विधाको उपविधाअन्तर्गत पर्ने यस खण्डकाव्यका लागि विभिन्न तत्त्वको आवश्यकता पर्दछ । मुख्यतः कथावस्तु, पात्र, परिवेश, भाव, भाषाशैली (लय, बिम्ब, प्रतीक)जस्ता तत्त्वहरू पर्दछन् । यहाँ केही तत्त्वहरूको परिचय दिइएको छ ।

### २.४.१ कथानक

प्रबन्धात्मक काव्यमा घटना या भाव नछरियोस् भन्ने प्रयोजनका निमित्त चयन गरिएका घटनाहरूको विन्यास र अन्तःसम्बन्धलाई कथावस्तु भनिन्छ । लेखकले कृतिमा इच्छित प्रभाव पार्न गरिएको घटनाहरूको विन्यास नै कथावस्तु हो । यस्तो कथावस्तु सामाजिक, ऐतिहासिक, पौराणिक, कविकल्पित कुनै एक हुनसक्छ ।[२८]

कथावस्तुसम्बन्धी चर्चाको थालनी पूर्वीय संस्कृत साहित्यशास्त्रका सन्दर्भमा नाटक र महाकाव्यलाई आधार बनाएर भरतमुनिदेखि पाश्चात्य साहित्यशास्त्रमा एरिष्टोटल, बेसिल होगार्थ, एम बोल्टन, ई. एम् फोस्टर लगायतका विभिन्न विद्वानहरूले गरेका छन् ।[२९] एरिष्टोटलले स्रोतका रूपमा दन्त्यकथा, इतिहास र काल्पनिक कथालाई लिएका छन् । यिनले दन्त्यकथालाई विशेष मन पराएकाले प्रख्यात कथावस्तुतिर नै उनको झुकाव रहेको देखिन्छ ।[३०] सम्भाव्यताका नियमअन्तर्गत इतिहास र काल्पनिक कथा पनि सफल हुन सक्छन् भन्ने उनेको विश्वास रहेको छ ।[३१] यसका साथै कथानक कार्यकारण शृङ्खलामा आबद्ध

[२८] **ऐजन ।**

[२९] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १,** ते. सं., (काठमाडौ : साझा प्रकाशन, २०४८), पृ. ५८ ।

[३०] **ऐजन ।**

[३१] **ऐजन ।**

हुनुपर्छ भन्ने उनको मत रहेको छ । कथावस्तुमा घटनाको सम्बद्धता र शृङ्खलतात्मक सम्बद्धता, सुनियोजित सम्भाव्यता र विश्वसनीयता हुनाका साथै श्लोकश्लोक पिच्छेको भावनात्मक आख्यानीकरणको कथावस्तुले एक रस परिपाकको गुम्फित रूपमा प्राप्त गर्न सक्नुपर्छ । खण्डकाव्यमा भावनाको आख्यानीकरण हुने र आख्यानभित्र कथावस्तु समेटिने भएकाले कथावस्तु खण्डकाव्यको प्रमुख तत्त्व हो जुन शृङ्खलित र सुनियोजित हुनुपर्छ । खण्डकाव्यमा कथानकको विकासक्रमिक वा व्यतिक्रमिक हुनसक्छ । यसका विभिन्न अङ्ग वा भाग र अवस्थाहरूको विकास क्रमिक वा व्यतिक्रमिक जुन रूपमा भए पनि हुनुपर्छ ।[३२]

कथावस्तुकै आधारमा खण्डकाव्यमा अन्य तत्त्व निर्देशित हुने भएकाले कथावस्तुमा गत्यात्मकता हुनु आवश्यक हुन्छ । कथावस्तुमा अनावश्यक घटनाहरूको गुम्फन नभई विषयवस्तु अघि बढ्दैजाँदा त्यसले पाठक/श्रोतामा संशय र उत्सुकता उत्पन्न गराउन सक्नुपर्छ । खण्डकाव्य प्रबन्धकाव्य भएकाले यसमा पात्रबाट निर्मित घटनाको शृङ्खलामा काव्यले एउटा निश्चित आकार पाउने भएकाले कथावस्तु खण्डकाव्यको आधारभूत तत्त्व हो ।

## २.४.२ पात्र/चरित्र

पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ अनुभूति र आख्यानमय काव्यतत्त्वलाई निजी व्यक्तित्वको प्रकाशको आलोकमा सशक्त र जीवन्त एवम् संवेद्य र मार्मिक तुल्याउने कथावस्तुको गतिशीलतालाई अघि बढाउने कार्य खण्डकाव्यको पात्रविधानले गर्दछ । कथावस्तुका घटनाहरू पात्रमा निर्भर हुन्छन् । पाश्चात्य विद्वान् एरिष्टोटलका अनुसार चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिका रूचि अरूचिको प्रदर्शन गर्नाका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ ।[३३] यिनले पात्रमा हुनुपर्ने केही गुणहरू देखाएका छन् । एरिष्टोटलले देखाएका चरित्रहरू स्थिर छन् र उनीहरूमा आकस्मिक परिवर्तन गर्नुहुँदैन भन्ने उनको मत रहेको छ ।[३४]

खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने अर्को तत्त्व पात्र भएकाले यो सशक्त, जीवन्त र संवेद्य हुनु आवश्यक हुन्छ । खण्डकाव्यमा नायक वा नायिकाको प्रमुख भूमिका हुनाका साथै सहनायकनायिका, प्रतिनायकनायिका र अरु पात्रहरू रहने व्यवस्था हुनसक्छ तर मुख्य

[३२] खगेन्द्रप्रसाद लुँइटेल, **पूर्ववत्**, पृ. २२४ ।

[३३] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १**, ते. सं., **पूर्ववत्**, पृ. ६२-६३ ।

[३४] **ऐजन** ।

चरित्रकै सेरोफेरोमा यिनीहरूलाई चित्रण गर्नुपर्दछ । खण्डकाव्यमा नायक वा प्रमुख पात्रको एक पक्षको चित्रण हुनाका साथै काव्यको परिस्थिति विशेषमा पात्रको हृदयस्पर्शी अवस्था वा उत्कर्ष रूपको अर्थपूर्ण र प्रभावपूर्ण प्रस्तुतिको हुन्छ[३५] त्यस्तै मोहनराज शर्माले अझ सूक्ष्म र कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनका अनुसार चरित्रलाई लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख र सहायक, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा आबद्धताका आधारमा बद्ध र मुक्त गरी यी विभिन्न किसिमले देखाइएको हुन्छ । खण्डकाव्यले मुख्य चरित्रको जीवनको एक खण्डको मात्र पूर्ण अभिव्यक्ति गर्दछ । सम्पूर्ण जीवनको होइन । मुख्य चरित्रकै मात्र सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्न नसक्ने भएकाले खण्डकाव्यमा अनावश्यक पात्रहरूको घुइँचो हुनुहुँदैन । पात्रहरू मानवीय, मानवेतर, सजीव र निर्जीवसमेत हुनसक्छन् ।

## २.४.३ परिवेश

परिवेश भनेको देश, काल र परिस्थिति/वातावरण हो । परिवेशमा कथावस्तुको घटना एवम् पात्रसँग सम्बन्धित देश, काल र परिस्थितिको चित्रण हुन्छ अर्थात् पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रबिन्दु नै परिवेश हो । देश, काल, वातावरणले कथावस्तुको स्थान, समय र परिवेशलाई घटित घटनाका रूपमा कथावस्तुको कथातत्त्वलाई सशक्त, जीवन्त, स्वभाविक एवम् गतिशील तुल्याउँछ । कुनै पनि खण्डकाव्यमा महाकाव्यमा जस्तो व्यापक परिवेश चित्रण नभएर सङ्क्षिप्त वर्णन गरिएको हुन्छ र परिवेशले देश, काल र परिस्थितिलाई जनाएको हुन्छ ।[३६] परिवेशलाई स्थानगत, कालगत आदिका रूपमा हेर्न सकिन्छ । यसअन्तर्गत समाजका रीतिस्थिति, धर्म, संस्कृति, भाषा र प्रकृतिलाई समेटेको पाइन्छ । खण्डकाव्यले कथावस्तु, पात्रविधान, परिवेशमा आधारित आख्यानात्मक संरचनाकै अपेक्षा गर्ने भए पनि आख्यानविकल्पी संरचना भएका खण्डकाव्य पनि रचिएका देखिन्छन् । यस्ता आख्यानीकरण विना नै वस्तुवर्णनमा मात्र सीमित रहेर खण्डकाव्य रचना हुन सक्दैन ।[३७]

खण्डकाव्यमा पुनर्जीवनको विस्तृत रूपमा चित्रण नगरी सङ्क्षिप्त तथा सारगर्भित रूपमा गरिनुपर्दछ र त्यो एकाङ्की एकपक्षीय वा एकदेशीय स्वरूपको हुनुपर्छ । युगजीवनको

[३५] हिमांशु थापा **पूर्ववत्**, पृ. ५९ ।

[३६] घनश्याम दाहाल र अन्य, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य**, (काठमाडौं : भुँडीपुराण, २०५७), पृ. ६-७ ।

[३७] नरेन्द्र चापागाई र दधिराज सुवेदी, **पूर्ववत्**, पृ. ४४-४५ ।

चर्चा नगर्दा खण्डकाव्य निर्जीव बन्न पुग्छ । यस कारण पात्रको मानसिक द्वन्द्व तथा आरोह तथा अवरोहको चित्रण गरेमा खण्डकाव्य प्रभावकारी हुन सकेको र धेरै जसो खण्डकाव्यहरूचाहिँ कम प्रभावकारी रहेको पाइन्छ । त्यसैले प्रभावशाली खण्डकाव्यका निम्ति आख्यानात्मक संरचना प्रमुख तत्त्वको रूपमा परिवेश रहेको देखिन्छ ।

### २.४.४ भाव

भाव काव्यको प्रमुख तत्त्व हो । रचनाकारहरूले रचेका रचनामा भएका अनेक भावहरूमध्ये कुनै एक भावलाई कृतिमा केन्द्रीय भावका रूपमा व्यक्त गरिएको छ । कृतिमा रचनाकारहरूले रति, शोक, उत्साह, भय आदि स्थायीभावहरूमध्ये कुनै एक भावलाई केन्द्रीय भावको रूपमा व्यक्त गरेको हुन्छ । त्यस केन्द्रीय भावको परिपुष्टिका लागि लज्जा, मोह, श्रम, उग्रता, उन्माद, शङ्का, स्मृति, सन्त्रास, हर्ष, विषाद, ग्लानि आदि तत्क्षणमा निस्कने र हराउने अनेकौं सञ्चारीभावहरूको आवश्यकता हेरी चित्रण गर्दछ ।[३८]

यी विभिन्न सञ्चारीभावहरूद्वारा केन्द्रीय भाव परिपुष्ट भई पाठक/स्रोतालाई आनन्दानुभूति प्रदान गर्छ । कृतिको भाव आकर्षक भएमा कृतिको मूल्य चरम बिन्दुमा पुग्छ । भावले सन्देश वा विचारलाई बुझाए पनि भाव शब्द रसको स्थायीभावका रूपमा आएको छ । कृतिमा आएका सञ्चारीभावहरूलाई एकत्रित गरी केन्द्रीय भावलाई सहज ढङ्गले प्रस्तुत गरी अङ्गीरसलाई परिपाकमा पुऱ्याउँछ ।

### २.४.५ भाषाशैली

जुनसुकै साहित्यिक रचनाको कथन भाषाद्वारा नै गरिन्छ । लेखकले आफ्नो कृतिमा सुहाउँदो भाषाको प्रयोग गरेको हुनुपर्छ । साहित्य भाषिक अभिव्यक्ति जुनसुकै साहित्यका लागि पनि भाषाको आवश्यकता पर्छ नै । कुन भाषामा ? कस्तो भाषिक भेद ? लेखिएको भनेर रचना विशेषको परिचय गरिन्छ भने भाषाको भनिने तरीकालाई शैली भनिन्छ । सामान्य भाषामा भनिने तरिकालाई विशेष परिष्कार दिएपछि त्यो शैली नै हुन्छ ।[३९] भाषाशैलीमा शब्दविन्यास, वाक्यविन्यास र वर्णविन्यासमा माधुर्य कलाकारिता र प्रभावात्मक सौन्दर्यसहित शैलीगत सङ्क्षिप्तता हुनुपर्छ । भाषाप्रयोगमा तत्सम, तद्भव, आगन्तुकजस्ता विभिन्न स्रोतका भाषिक शब्दको चयन खण्डकाव्यमा हुनसक्छ । साहित्यकारहरूले विभिन्न शैलीको प्रयोग गर्दा सामान्य शैली र आलङ्कारिक शैली गरी दुई रूप भए पनि साहित्यिक

---

[३८] ऐजन ।

[३९] देवज्ञराज न्यौपाने, 'खण्डकाव्यको सैद्धान्तिक परिचय', **वाङ्मय**, (२०५५/५६), पृ. ४९ ।

शैलीका विभिन्न भेदहरू मुक्त वा बद्ध शैली वर्णनात्मक, विवरणात्मक, सूत्रात्मक आदि उच्च साहित्यिक शैली निर्माणका लागि साहित्यकारमा प्रतिभा, व्युत्पत्ति र अभ्यास, चातुर्य आदि हुनु आवश्यक छ । अतः कुनै पनि रचनाको केन्द्रीय भाव संवाहक यही भाषिक चयन वा भाषाशैली भएकाले खण्डकाव्यका लागि यो अपरिहार्य तत्त्व हो ।

### २.४.५.१ लयविधान

कविताको मुख्य तत्त्व वा गेयात्मक कविताको मुटु लय हो । गीतिचेतनाका अभावमा कवितात्मक अभिव्यक्ति जीवित र सार्थक हुँदैन । भाषाशैलीको पङ्क्तिगत, पङ्क्तिपुञ्जगत श्लोकात्मक वा अनुच्छेदात्मक उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत आह्लाद नै लय हो ।[४०] कविता पङ्क्तिमा प्रयुक्त वर्ण, मात्रा तथा अक्षरको वितरणक्रम तथा तिनको अडान/विरामको स्थिति लयविधान हो । लयविधान कविताका हरफहरूमा प्रयुक्त भाषिक स्वर-व्यञ्जन वर्णको सम-विषम वितरणप्रक्रियाबाट निर्मित चरण वा पङ्क्तिको गतिक्रममा आधारित हुन्छ । कविताका पङ्क्तिहरू दोहोरिँदै जाँदा वा पङक्तिगत अनुप्रास अुनच्छेदका स्तरमा पुग्दा पङ्क्तिमा देखिने वार्णिक, मात्रिकको नियमित आवृत्ति नै छन्द वा लय हो । नेपालीमा विभिन्न लयमा आधारित खण्डकाव्यहरू रचिएका छन् । खण्डकाव्य कविताकै एक उपविधा भएकाले यसका लागि पनि लयविधान आवश्यक हुन्छ । कवितामा प्रयुक्त यी वर्णमात्रिक, मात्रिक, वार्णिक र मुक्त लयमध्ये कुनै पनि लयमा खण्डकाव्यको रचना हुन सक्छ ।

### २.४.५.२ बिम्ब र प्रतीक

कुनै कृतिमा मुख्य कथ्यको अर्थ प्रकट गर्ने सहचर प्रतिच्छायाँका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो र जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुनसक्छ । बिम्ब एक प्रकारको अलङ्कार नै हो र कृतिको आवश्यक तत्त्व पनि हो । बिम्बहरू रचनामा खास गरी उपमानका रूपमा आउने गर्दछन् र ती बक्रोक्ति वा अतिशयोक्तिबाट सृजित हुने भएकाले विशेष चमत्कारी ठहरिन्छ । सङ्गति (साधर्म्य) र व्यतिरेक (वैधर्म्य), प्रश्न, संशय, तर्क वितर्क, द्वन्द्व तथा विरोधाभास, स्वभाव र अतिरञ्जना, वस्तुता र आदर्शीकरण, प्रशंसा, व्यङ्ग्य र उपहास, अधिक वा न्यून कथन समानान्तरण र तिरोहण आदि अनेक मुद्रामा

---

[४०] वासुदेव त्रिपाठी र अन्य, (सम्पा), **पूर्ववत्**, पृ. १९ ।

बिम्बालङ्कारका रूपतात्त्विक प्रविधिहरूले कवितालाई उजिल्याउने हुँदा खण्डकाव्यमा बिम्बविधान आवश्यक हुन्छ ।[४१]

खण्डकाव्यमा बिम्बका अतिरिक्त प्रतीकको पनि प्रयोग गरिन्छ । कुनै अनुपस्थित वस्तुलाई अर्को उपस्थित वस्तुद्वारा झल्काउने कुरा नै प्रतीक हो ।[४२] प्रतीकका रूपमा उपस्थित वस्तुले अनुपस्थित वस्तुको प्रतीत गराउनु नै प्रतीक प्रयोगको मुख्य उद्देश्य हो भन्न सकिन्छ । कृतिमा सोझै प्रयोग गर्न नसकिने कुराहरूलाई रचनाकारले प्रतीकका माध्यमद्वारा प्रस्तुत गर्दछ । खण्डकाव्यमा प्रतीकप्रयोग ठाउँठाउँमा वा कृतिव्यापी रूपमा गरिन्छ अतः खण्डकाव्यले कवितात्मक उचाइ प्राप्त गर्न सक्छ ।

### २.४.६ कथनपद्धति

खण्डकाव्य मानवीय अनुभवजगत्को लयात्मक भाषिक कथन भएकाले कथनपद्धति पनि यसको प्रमुख तत्त्व हो । रचनाकारले खण्डकाव्य लेख्दा विभिन्न पद्धति अँगाल्न सक्छ । रचनाकारले आफ्ना भावनालाई आफैले सोझो रूपमा वर्णन गर्न सक्छ । त्यसलाई आख्यानीकरणका माध्यमबाट पनि व्यक्त गर्न सकिन्छ । पात्रका संवाद एवम् मनोवादका माध्यमबाट नाटकीकृत कथनपद्धति अँगालेर खण्डकाव्य रचना गर्न सक्तछ । मुख्यतः खण्डकाव्यमा कथनपद्धति कवि प्रौढोक्ति र कवि निवद्धवक्तृप्रौढोक्ति गरी दुई प्रकारका हुन्छन् । कवि स्वयम्ले आफ्नो विचार व्यक्त गरेमा त्यो कवि प्रौढोक्ति हुन्छ भने कतै कविनिबद्धवक्तृप्रौढोक्ति र मिश्रित कथनपद्धतिको पनि प्रयोग हुन सक्छ । उसले (कवि) गर्ने यी कथन प्रथम वा तृतीय पुरुषमा हुन सक्छन् । एउटै रचनाको कथनमा पनि रचनाकारहरूले यी विभिन्न पद्धतिको उपयोग गर्न सक्तछ ।

## २.५ नेपाली खण्डकाव्यको विकासक्रम

साहित्यका कुनै विधाउपविधाको उत्पत्ति र विकास हुनुभन्दा पहिले भाषाको उत्पत्ति भएको हो । भाषाको विकास भएपश्चात् मात्र साहित्यको विकास हुन सक्ने हुँदा नेपाली साहित्यमा खण्डकाव्यको विकासक्रमलाई अध्ययन गर्दा भाषाको उत्पत्तिकालसम्म पुग्नुपर्छ । खण्डकाव्य कविताको उपविधा भएकाले यस (खण्डकाव्य) को विकासक्रमबारे अध्ययन गर्नुभन्दा पहिले कविताकै सुरुआत र विकासक्रमलाई हेर्नुपर्ने हुन्छ ।

---

[४१] **ऐजन ।**

[४२] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,** (काठमाडौँ : साझा प्रकाशन, २०४९), पृ. ७६ ।

नेपाली भाषा संस्कृत, प्राकृत र खस तथा अपभ्रंश हुँदै विकसित भएको कुरा भाषाको इतिहास छ । नेपाली भाषाको उत्पत्ति विक्रमको एघारौँ शताब्दीतिर त्यस बेलाको कर्णाली प्रदेशको सिञ्जा उपत्यकामा भएको कुरा ऐतिहासिक प्रमाणबाट प्रमाणित भएको छ । हालसम्मको खोज तथा अनुसन्धानमा दैलेख जिल्लाको दुल्लुमा प्राप्त राजा दामुपालको *सउँपाल अढैलिखित शाके ९०३* (वि. सं. २०३८) को अभिलेख नै नेपाली भाषाको प्रथम नमुना मानिन्छ । यसको नमुना *"ओ .....(मणि ?) ...पद्मे हुँ । दामुपाल भूपाल रेख भई । किष्णु अडैको भाइ सउपाल अडै सा (के ?) ९०३ ।*[४३]

त्यस्तै दोस्रो प्राचीन नमुनाको रूपमा वि. सं. १३१२ को हुम्ला जिल्लाको रेलिङ्ग गुम्बाको अशोक चल्लको प्रशासनिक ताम्रपत्रलाई मानिन्छ । यसको नमुना "हाम्रा आली अटाली अटलकरी अक्ष्याँ छु" ।[४४] यसरी सुरु भएको नेपाली भाषाको विकासक्रमलाई १५ औँ शताब्दीसम्म अभिलेखकालीन, १६ औँ देखि १९ औ शताब्दीसम्म ग्रन्थकालीन र २० औ शताब्दीदेखि साहित्यकालीन युग मानिन्छ । अलिखित लोकसाहित्यलाई नेपाली साहित्यको पूर्वज मानिन्छ । फलतः खण्डकाव्यको प्रारूप लोकसाहित्यमा प्रचलित लोकगीत र लोकगाथाहरू मानिन्छन् । लोकगाथालाई खण्डकाव्यको पूर्वपीठिकाको रूपमा मानिन्छ । चाँचरी, पैकेलो, भारत आदि लोकगाथाहरू देखि १९ औँ शताब्दीसम्मको समयावधि अलिखित लोकगाथाको इतिहास हो र त्यसपछिको चाहिँ लिखित खण्डकाव्यको इतिहास हो भन्न सकिन्छ ।

नेपाली खण्डकाव्यको विकासक्रमको इतिहासलाई नेपाली कविताको इतिहाससँग जोडेर हेर्नुपर्दछ । कवितालेखनको सुरुआतसँगै खण्डकाव्य स्तरका रचना लेख्न थालिएको पाइन्छ । त्यसकारण खण्डकाव्यको विकासक्रमलाई अध्ययन गर्दा नेपाली कविताको इतिहासझैँ प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी मोटामोटी तीन चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ भने ती कालहरूसँग बीचमा आएका विभिन्न धारा, उपधाराहरूका बारेमा छुट्टाछुट्टै उल्लेख गर्नु आवश्यक देखिन्छ ।

### २.५.१ प्राथमिक काल (वि. सं.१८२६ देखि १९४०)

सामान्यतया नेपाली कविताको प्राथमिक काललाई वि. सं. १८२६ देखि १९४० सम्मको समयावधिलाई सीमाङ्कन गरिएको छ । प्रवृत्तिगत भिन्नताका आधारमा यस

---

[४३] बालकृष्ण सम, **पाँच सयवर्ष**,, दो. सं. (काठमाडौँ : साझा प्रकाशन, २०४३), पृ. १-२ ।

[४४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौ. सं. (काठमाडौँ : साझा प्रकाशन, २०४९), पृ. ७ ।

काललाई वीरधारा र भक्तिधारा भनी उल्लेख गरिएको छ । नेपाली कवितामा वीरधाराका प्रवर्तक तथा अहिलेसम्म प्राप्त शोधखोजका आधारमा पहिला कवि सुवानन्ददासको 'पृथ्वीनारायण शाह' कविता केशवप्रसाद उपाध्यायले १८३० मा लेखिएको भनेका छन् ।[४५] कृष्णप्रसाद पराजुलीले भने उक्त कवितालाई १८२६ भन्दा पहिले नै लेखिएको मानेका छन् ।[४६] यसैगरी वासुदेव त्रिपाठीको प्रयोग र प्राथमिक कालको बिन्दु पनि १८२६ नै हो ।[४७] नेपालको एकीकरणको अभियानमा संलग्न पृथ्वीनारायण शाहको वीरताको प्रथम गान तथा वीरधाराअन्तर्गतको प्रतिनिधि रहेको सो कविताबाट तत्कालीन समाजमा जनताको मानसिकता, राष्ट्रियता, देशभक्ति, वीरता, उत्साहले भरिपूर्ण युद्ध र विजयप्राप्ति आस्थावान् थियो भन्ने बुझिन्छ । पृथ्वीनारायण शाहकालमै लेखिएका र वीरताको गान गर्ने खण्डकाव्यात्मक कविता भने देखिँदैनन् । सुवानन्द दासपछि यस धारामा शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा र दैवज्ञकेसरी अर्ज्यालको नाम उल्लेखनीय देखिन्छ ।[४८]

प्राथमिक कालीन खण्डकाव्य र खण्डकाव्यकारहरूको चर्चा गर्दा दैवज्ञकेसरी अर्ज्यालको पौराणिक विषयवस्तुको वर्णन भएको **अश्वाशुभाशुभ परीक्षा** (१८६०) देखि वीरशाली पन्तको **वीरचरित्र, विमलबोधानुभव**जस्ता रचनाहरू आकारप्रकार र आख्यानका दृष्टिले खण्डकाव्यको नजिक भए पनि काव्यतत्त्वका दृष्टिले खण्डकाव्य भन्न नसकिने देखिन्छन् । त्यस्तै उदयानन्द अर्ज्यालको **बेतालपच्चिसी** (१८७२), सुन्दरानन्द बाँडाको **त्रिरत्नसौन्दर्यगाथा**मा फेला परेका श्लोकहरू, गुमानी पन्त (वि. सं. १८४७-१९०६) का श्लोकहरू पनि यस धाराका नमुनाका रूपमा देखिन्छन् । प्राथमिक काल वीरधारा र भक्तिधारामा विभक्त भएको देखिन्छ । नेपालको एकीकरणअभियानमा जुटेका वीर नेपालीहरू जब सुगौली सन्धिको कठघरामा बाँधिन पुग्छन् तब नेपालीहरू स्वतः अध्यात्मको अबलम्बन गर्न थाल्दछन् । यही पृष्ठभूमिमा नेपाली लेख्यभाषाको पहिलो खण्डकाव्य वसन्त शर्माको **कृष्णचरित्र** (१९४४) लाई भनिएको छ ।

कृष्णभक्ति शाखाका कविहरूले कृष्णलाई आदर्श मानेर कविताकाव्यमा कृष्णको महिमा गाएको पाइन्छ । यस धारामा खण्डकाव्य भन्न सकिने कृतिहरूमध्ये वसन्त शर्माको

---

[४५] केशवप्रसाद उपाध्याय, **प्राथमिक कालीन काव्य र काव्यप्रवृत्ति**, दो. सं. (काठमाडौँ : साझा प्रकाशन, २०४२), पृ. १४ ।

[४६] कृष्णप्रसाद पराजुली, **पन्ध्रतारा र नेपाली साहित्य**, आठौँ संस्करण, (काठमाडौँ : साझा प्रकाशन, २०५२), पृ. १०६ ।

[४७] वासुदेव त्रिपाठी र अन्य, **पूर्ववत्**, पृ. १०६ ।

[४८] **ऐजन**, पृ. १०५ ।

**कृष्णचरित्र** (१९९४), **समुद्रलहरी** (१९०१) र यदुनाथ पोखेलको **कृष्णचरित्र** (भागवत दशम स्कन्धको पूर्वार्द्धबाट लिइएको २१ श्लोक) आदि हुन् ।[४९] रघुनाथको **सुन्दरकाण्ड** शब्दचयनको वैचित्र्य तथा आकारप्रकार र कवित्वका दृष्टिले खण्डकाव्य भन्न सकिन्छ । त्यस्तै पतञ्जली गजुऱ्याल (वि. सं. १८८०-१९४४) का धेरै कृतिहरू भए पनि खण्डकाव्यमा गणना गर्न सकिँदैन । यसरी नेपाली काव्यजगत्‌को अध्ययनले खण्डकाव्य भन्न सकिने कृतिहरू भानुभक्त आचार्यका **वधुशिक्षा** (१९१०), **प्रश्नोत्तरमाला** (१९१०), **रामायण** (१९१०), **भक्तमाला** (१९१९) र **रामगीता** (१९२५) आदि हुन् । यी कृतिहरूमा वर्णमात्रिक छन्दहरूको प्रयोग गरिएको छ ।[५०] उदयानन्द अर्ज्यालको **बेतालपच्चिसी**मा छन्दको प्रयोग गरिएको पहिलो खण्डकाव्य हो ।[५१]

यस कालको अर्को उपधारा निर्गुण भक्तिधारा हो । यस धाराअन्तर्गत अगमदिल दास, अखण्डदिल दास, ज्ञानदिल दासजस्ता सिर्जनात्मक क्षमता भएका सन्तहरू देखिन्छन् । ज्ञानदिल दासको **उदयलहरी** (१९३४), भजनसङ्ग्रहले अनुवाद र मौलिकताको दोसाँधमा रहेर मौलिकताको बाटो पक्रेको देखिन्छ । त्यस्तै लालबहादुर र नरबहादुर राणाका कृतिहरू, **भोटको लडाइँको सवाई** र **जङ्गबहादुरको सवाई**जस्ता लोकगाथात्मक रचनाहरूले पनि खण्डकाव्यको स्तर र आयामको निर्वाहसम्म गरेको देखिन्छ ।[५२]

प्राथमिककालीन नेपाली खण्डकाव्यको ऐतिहासिक परिदृश्यलाई हेर्दा यस काललाई लेखनको काल भनिन्छ । यस कालमा धेरै कृतिहरू लेखिए पनि प्रकाशित हुन सकेनन् । केवल नेपाली भाषामा कलम चलाउने पहिलो प्रयास मानिएको यस कालमा नेपाली खण्डकाव्यमा अनुवाद, रूपान्तरण, वीर एवम् भक्तिभावको सन्देश, राजस्तुति, कम मौलिकताजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

### २.५.२ माध्यमिक काल (वि. सं. १९४१-१९७४) सम्म

वि. सं. १९४१ देखि १९७४ सम्मको समयावधिलाई नेपाली काव्यजगत्‌मा माध्यमिक काल मानिएको छ । प्राथमिक कालमा खण्डकाव्य स्तरका रचना लेखिए पनि प्रकाशित भएको पाइँदैन तर माध्यमिक काल भने लेखन र प्रकाशन दुवै दृष्टिले स्वर्णयुग बनेको

---

[४९] नरेन्द्र चापागाईं र दधिराज सुवेदी, **काव्य समालोचना**, (विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२), पृ. २०१ ।

[५०] **ऐजन**, पृ. १९९ ।

[५१] **ऐजन** ।

[५२] ईश्वरीप्रसाद गैरे, **पूर्ववत्**, पृ. १९० ।

देखिन्छ । यस कालमा शृङगारिक भावधारा, भक्ति एवम् आध्यात्मिक भावधारा र नीति उपदेशसँग सम्बन्धित खण्डकाव्यहरू रचिएका पाइन्छन् । यस कालको प्रमुख धारा शृङ्गारिक भावधारा नै हो । नेपाली साहित्यको परम्परागत वीर र भक्तिको शृङ्खलामा प्रेमभाव, भक्ति र लोकलयका विविध शब्दचित्र प्रस्तुत गरेर मोतीरामले शृङ्गार धाराको सुरुआत गरे ।[५३] यही प्रवृत्ति नै माध्यमिककालीन कविताको प्रमुख प्रवृत्ति हो । यो काल प्रकाशनको आरम्भ, मौलिक-अभिव्यक्तितर्फको स्रष्टाहरूको प्रयास, सौन्दर्य-सचेतता र शृङ्गारिकताको प्रधानताका लागि परिचित र प्रयोगस्थल भएको पाइन्छ ।

नेपाली कविता-काव्यको माध्यमिक काल शृङ्गारिक भावधाराका अतिरिक्त गौणधाराका रूपमा भक्ति एवम् आध्यात्मिक धारा, व्यक्तिस्तुति र नीति-उपदेश उपधारासँग सम्बन्धित खण्डकाव्यहरू रहेका पाइन्छन् ।[५४] माध्यमिककालीन काव्यकृतिहरूमा मोतीराम भट्टको **पिकदूत** (१९४५), **उषाचरित्र** (१९५५), शिखरनाथ सुवेदीको **शृङ्गारदर्पण** (१९५५), **बाह्रमासा**, कृष्णप्रसाद रेग्मीका **प्रभावती चरित्र, बाह्रमासे** (१९६०), **ऋतुमाला, विरहलहरी, शृङ्गारमाला** आदि काव्य/खण्डकाव्य तथा लघुकाव्यहरू शृङ्गारधाराबाट प्रभावित देखिन्छन् । शृङ्गारिक धारा भनेको भोगमुखी, भौतिकतामुखी एवम् वासनामय प्रेमको स्थूल भावको घनत्व वा प्रवाह भएको धारा हो । माध्यमिक कालमा बाह्रमासा तथा लहरीकाव्यको बहुलता पाइन्छ । कृष्णप्रसाद रेग्मीका **कामिनीविरहलहरी** (१९६०), **प्रेमलहरी,** प्रतापसिंह राईको **मदनलहरी, प्रीतिलहरी,** शिखरनाथ सुवेदीको **बाह्रमासा,** केदारनाथ खतिवडाको **बाह्रमासा,** आदि लहरीकाव्य र बाह्रमासाका उदाहरणहरू हुन् ।[५५] यस कालमा शृङ्गारिक भावधारालाई अँगाली लेखिएका अन्य काव्य पनि छन् । जस्तै : शम्भुप्रसाद ढुङ्गेलको **चन्द्रवदनी,** केदारनाथ खतिवडाको **शुभविवाह**, टिकाराम धनञ्जयको **ऋतुमञ्जरी** आदि पर्दछन् ।

शृङ्गारिक भावधारापछि गौणधाराका रूपमा परम्परागत भक्तिधाराको पनि प्रचलन रहेको देखिन्छ । यसअन्तर्गत होमनाथ खतिवडाको **रामाश्वमेध** (१९६०) तारानाथ शर्माको **राघवविलाप** (१९८०), शम्भुप्रसादको **तुलसीकृत रामायण**, भोजराजको **आनन्द रामायण** ( १९५३), वाणीविलास पाण्डेको **चित्रकुटोपाख्यान** (१९७५), हरिहर शर्माको **रामगीता**जस्ता कृतिको नाम पनि लिन सकिन्छ ।

---

[५३] ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्यको परिक्रमा**, दो. सं., (काठमाडौं : साझा प्रकाशन, २०५६), पृ. १२७ ।

[५४] नरेन्द्र चापागाईं र दधिराज सुवेदी, **पूर्ववत्**, पृ. २०५ ।

[५५] टीकाराम बाँस्तोला, **पूर्ववत्**, ।

माध्यमिककालीन नेपाली खण्डकाव्य संस्कृतका **रामायण**, **महाभारत**, **पुराण** आदिबाट कथावस्तु लिएर लेखिएका छन् । संस्कृत वाङ्मयको अनुवाद-रूपान्तरण, संस्कृत शृङ्गारिक धारा, हिन्दी, ऊर्दू, फारसी गजलको प्रवेश, राणाकालीन विलासिता, सामाजिक लोकधारा (सवाई, लहरी, बाह्रमासा) तत्कालीन समाज, मानवेतर प्राणी, **चराको सवाई**, निर्जीव वस्तु (ढिकी र जाँतोको सवाई) सामाजिक जीवनमा घटेका र घट्न सक्ने विषयलाई समेत खण्डकाव्यको कथावस्तुको स्रोत बनाएको पाइन्छ ।[५६] यस कालका खण्डकाव्यमा स्तरीयता नआए पनि कविहरूमा साहित्यिक चेतनाको विकास हुन थालेको थियो भने **सूक्तिसिन्धु** (१९७४) यस कालको अन्तिम बिन्दु रहेको छ ।[५७] यस शृङ्गारिकता नै यस कालको मूल प्रवृत्ति हो ।

### २.५.३ आधुनिक काल (वि. सं. १९७५ देखि हालसम्म)

माध्यमिक कालको उत्तरार्द्धतिर नेपाली साहित्यमा पत्रपत्रिकाहरू प्रकाशित हुनथाले । तिनै पत्रिकामार्फत् माध्यमिक कालका प्रवृत्तिहरूलाई त्याग गरी धेरै नवीन मूल्य र मान्यता अँगालेका फुटकर कविताहरूको छिटपुट लेखन तथा प्रकाशन सुरु भएको देखिन्छ । तिनै फुटकर रचनाहरूले अँगालेका नवीन प्रवृत्तिहरूमा आधारित भई खण्डकाव्य स्तरका रचनाहरू लेखिन थालेका पाइन्छन् । यो नै खण्डकाव्य जगत्मा आधुनिकताको सुरुआत वा श्रीगणेश हो भन्न सकिन्छ ।

नेपाली साहित्यमा समालोचकहरूले कवितामा आधुनिकताको प्रवेशबारे आआफ्नो मत व्यक्त गरेका छन् । कतिपय समालोचकहरूले भने वि. सं १९४१ मा सुरु भएको माध्यमिक काललाई वि. सं. १९७४ को **सूक्तिसिन्धु**बाट नै आधुनिकताको सुरुआत मानेका छन् । **सूक्तिसिन्धु**लाई माध्यमिक कालकै शृङ्गारिक प्रवृत्तिको उत्कर्ष र अन्तिम रचना ठान्दै यसलाई क्षयोन्मुख कविताको नमुना भनिएको छ ।[५८] **सूक्तिसिन्धु**लाई माध्यमिक कालको अन्त्य र आधुनिक कालको सुरुआत गर्ने कृतिका रूपमा मानिन्छ । नेपाली काव्यजगत्मा वि. सं. १९६५ मा प्रकाशित **माधवी** पत्रिकाको महत्त्वपूर्ण भूमिका देखिन्छ । यसमा लेखनाथ पौड्यालको **वर्षाविचार** (१९६५) प्रकाशित हुन्छ । जुन कृतिमा लेखनाथीय परिष्कार धर्मको निर्वाह भएको पाइन्छ । यो नै आधुनिक नेपाली खण्डकाव्यको प्रथम खण्डकाव्य बन्न पुगेको

---

[५६] नारायणप्रसाद गौतम, **पूर्ववत्**, पृ. ४० ।

[५७] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **पूर्ववत्**, पृ. १०९ ।

[५८] **ऐजन** ।

छ । यस कालमा समयाक्रमसँगै विश्वमा घटित साहित्यिक, राजनीतिक र सामाजिक परिवर्तनका क्रममा नेपाली साहित्यका पनि विभिन्न धाराउपधाराहरू, मोडउपमोडहरू रहेका पाइन्छन् । यहाँ नेपाली खण्डकाव्यका मोडहरूका बारेमा चर्चा गरिन्छ :

**क) पहिलो मोड : परिष्कारवादी धारा (वि. सं. १९७३ देखि १९९१) सम्म**

**ख) दोस्रो मोड : स्वच्छन्दतावादी धारा (वि. सं. १९९२ देखि २०१६) सम्म**

**ग) तेस्रो मोड : प्रयोगवादी धारा (वि. सं. २०१७ देखि २०२९) सम्म**

**घ) चौथो मोड : समसामयिक धारा (वि. सं. २०३० देखि हालसम्म)**

### क) परिष्कारवादी धारा

आधुनिक नेपाली काव्यजगत्मा निरन्तर महत्त्व पाइरहेको धाराको रूपमा परिष्कारवादी धारालाई लिइन्छ । यस चरणका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् । लेखनाथ पौड्यालको **ऋतुविचार** (१९७३) बाट परिष्कारवादी धाराको प्रवर्तन भएको र यसै धारालाई अझ बढी सबल पार्न **शोकप्रवाह** (१९७०), **सत्यकलिसंवाद** (१९७६), **गीताञ्जली** (१९८६), **ऋतुविचार** (१९९१), **बुद्धिविनोद** (१९९३), **त्याग र उदयको युगलप्रकाश** (२००२), **अमरज्योतिको सत्यस्मृति** (२००८), **मेरो राम** (२०११) आदि काव्यकृतिहरू रहेको पाइन्छ । यस चरणलाई परिष्कारवादी धाराको उत्थान कालको नाम दिई यसलाई (वि. सं. १९७३-१९९०) को समयावधि सीमाबद्ध गर्न सकिन्छ ।

नेपाली काव्यपरम्परामा र इतिहासमा परिष्कारवादी धारालाई परिष्कृत परिमार्जित गर्दै आधुनिकताको शिखर आरोहण गर्ने क्रम (वि. सं. १९९०) पछि अझ तीव्र पारिएको देखिन्छ । (वि. सं. १९९०-२०११) सालसम्म यो परिष्कारवादी धाराको विकासकाल भनेर नामाङ्कन गर्न सकिने दोस्रो चरणमा **ऋतुविचार** परिष्कृत प्रकृतिकाव्यको रूपमा उपस्थित भइसकेको छ ।[५९] कवि लेखनाथ पौड्यालकै महाकाव्यभन्दा सानो आयाम र खण्डकाव्यभन्दा बृहत् आयामको नव्यकाव्य भनिने छुट्टै संरचना बोकेको **तरुणतपसी** (२०१०) पनि देखापर्दछ । यसैगरी बालकृष्ण समको भौतिक-आध्यात्मिक समन्वयात्मक दर्शन बोकेको गद्य खण्डकाव्य **आगो र पानी** (२०१०) को प्रकाशन भयो । यस चरणमा भीमनिधि तिवारीको **तर्पण** (१९९४), **यशस्वी शव** (२०१३), गुणराज उपध्यायकको **अश्रुपात** (२००२),

[५९] वासुदेव त्रिपाठी, **लेखनाथ पौड्यालको कवित्व विश्लेषण र मूल्याङ्कन**, (काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. २०३४), पृ. ५७ ।

**शान्तिशतक** (२००२), महानन्द सापकोटा, कुलचन्द्र गौतमको **राघवालङ्कर,** मुकुन्दशरण उपाध्यायको **प्राकृतपोखरा (२०२०),** हेमचन्द्र शर्माको **गङ्गातरङ्ग (२०३८),** माधवप्रसाद देवकोटाको **हुस्सू पथिक** (२०१०) जस्ता खण्डकाव्यकारहरूको उदय भए पनि यस चरणको अन्तिम दार्शनिक भावको सबल कृति भने समको **आगो र पानी** (२०११) नै भएको छ ।

नेपाली खण्डकाव्य जगत्मा वि. सं. २०१२ सालदेखि यता परिष्कारधर्मी प्रवृत्ति बोकेका कयौँ खण्डकाव्यकारहरूले विभिन्न खण्डकाव्यहरू रचना गरेका छन् । यस चरणलाई नामाङ्कन गर्नुपर्दा परिष्कारवादको तेस्रो चरणको निरन्तरता मान्न सकिन्छ । यो प्रवृत्ति आजसम्म पनि निरन्तर रूपले प्रवाहित हुँदै आइरहेको पाइन्छ । यस कालका कृतिहरूमा परिष्कारवादीभित्र रूपान्तरणको स्वर भेटिन्छ । यस कालका प्रमुख कविहरूमा भीमनिधि तिवारी, माधवप्रसाद देवकोटा, हरिहर शास्त्री, बदरीनाथ भट्टराई, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, मुकुन्दशरण उपाध्याय, कृष्णप्रसाद पन्त, घटराज भट्टराई, हेमचन्द्र शर्मा आदि नयाँ पुराना खण्डकाव्यकारहरू हुन् ।

परिष्कारवादी धाराका कविहरूलाई प्रवृत्तिगत दृष्टिले पनि विभाजन गर्न सकिन्छ । खासगरी पौराणिक, आध्यात्मिक समाजसुधारको चेतना बोकेका कविहरूमा लेखनाथ पौड्याल, भीमनिधि तिवारी, महानन्द सापकोटा, माधवप्रसाद देवकोटा, हरिहर शास्त्री आदि पर्दछन् । भौतिकता र आध्यात्मिकताको समन्वय चाहने सामाजिक संस्कार विरुद्ध सहभाव र समन्वयका साथ मानवतावादका प्रवक्ताका रूपमा सम देखिन्छन् भने भरतराज पन्तले **शैलपुत्री** (२०३९) जस्तो खण्डकाव्यमा नेपालको प्रकृति र संस्कृतिको उद्घाटन गरेका छन् । उनले सूक्ष्माख्यान र प्रबल आलङ्कारिक अभिव्यक्तियुक्त परिष्कारवादी धर्म प्रदर्शन गरेका छन् । यिनको शोककाव्य **शैलपुत्री** (२०३९) खण्डकाव्यमा छन्दको कुशलता पनि देख्न पाइन्छ । गोविन्द भट्टको **शान्तिसन्देश,** मोदनाथ प्रश्रितको **आमाको आँसु** (२०५०), **बुबा खै ?** (२०२०), **गोलघरको सन्देश** (२०४०) जस्ता खण्डकाव्यहरूमा सामाजिक जागरणका स्वर, आर्थिक असमानता र क्रान्तिद्वारा शान्तिको स्थापना हुनसक्ने भावनाहरूको शङ्खघोष भएको पाइन्छ । यसै धाराअन्तर्गत पर्ने मुकुन्दशरण उपध्यायको **प्राकृतपोखरा** (२०२०) लाई रमणीय र सुन्दरस्थल पोखराको वर्णन भरिएको परिष्कारवादी धाराको उत्कृष्ट आञ्चलिक खण्डकाव्यका रूपमा लिन सकिन्छ ।[६०]

---

[६०] ईश्वरी गैरे, **पूर्ववत्,** पृ. २०५ ।

परिष्कारवादी धारामा हालसम्म विभिन्न खण्डकाव्यहरू रचना भइसकेका पाइन्छन् । यसै सन्दर्भमा वासुदेव त्रिपाठी र उनको **राजकुमारी वासवदत्ता** र **अर्धनारीश्वर** खण्डकाव्यहरूमा प्राचीन पौराणिक आख्यानमा उनिएर समसामयिक मानवीय जीवनको भोगाइलाई सन्तुलित रूपमा प्रस्तुत गरेको पाइन्छ भने भाषागत परिष्कृति, परिमार्जन र शिल्पशैलीको शालीनताले पनि यी खण्डकाव्य उल्लेख्य छन् । त्यस्तै यस चरणका अर्का खण्डकाव्यकार घनश्याम उपाध्याय कँडेलको **देवयानी** ( २०३९) खण्डकाव्य चर्चित काव्यकृति हो । यस काव्यमा परिष्कारवादी शिल्पशैलीको सम्मिश्रण छ । पौराणिक विषयवस्तु र आख्यानमा आधारित यस काव्यमा समसामयिक भावना सुन्दरशैलीमा प्रस्तुत भएको पाइन्छ । खण्डकाव्ययकार कँडेलको लोकलयमा आधारित अर्को खण्डकाव्य **उज्यालोतिर** हो । समष्टिमा यस धाराको अध्ययन गर्दा सबैका कृतिमा परिष्कारवादी धाराको छाप र प्रभाव पाइनाका साथै धाराको निरन्तरता र विशेषताको द्योतक हो भन्न सकिन्छ ।

**ख) स्वच्छन्दतावादी धारा**

नेपाली खण्डकाव्यको इतिहासमा आधुनिक कालको सुरुआत गर्ने परिष्कारवादी धारापछिको महत्त्वपूर्ण धारा स्वच्छन्दतावादी धारा हो । लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** (१९९२) यस धाराको पहिलो कृति हो । यसमा कवित्व र आख्यानको सुन्दर समीकरण पाइन्छ । यो काव्य खण्डकाव्यात्मक तत्त्वको कलात्मक विन्यासका दृष्टिले स्वच्छन्दतावादी धाराको आमन्त्रण गर्ने प्रथम कृतिको रूपमा रहेको छ । यसको कथानकले गाउँले सरल जनजीवनको आदर्शमय चित्रण गरेको छ भने सहरिया कोहाहलमय वातावरण र त्यहाँको मानवताहीन सभ्यताप्रति व्यङ्ग्य पनि गरेको पाइन्छ ।[६१]

यस धाराले वि. सं. २००४ सालसम्म स्वच्छन्दतावादी प्रवृत्ति अँगालेको र त्यसपछि प्रगतिवादलाई समेत आत्मसात गरेर अघि बढेको पाइन्छ । राजनीतिक अवस्थाका कारणले पनि त्यसबेला राणाविरोधी आन्दोलनबाट प्रेरित र प्रभावित कविहरूले स्वतः नै प्रगतिवादी स्वर उरालेको देखिन्छ । स्वच्छन्दतावादी र प्रगतिवादी धारा देवकोटाद्वारा प्रवर्तित र उनकै जीवनकाल २०१६ सालसम्म सशक्त रूपमा प्रचलित रहेको देखिन्छ । वि. सं. २०१६ पश्चात् प्रगतिवादी धारा आजसम्म पनि प्रचलित रहेको छ । यस धाराका केन्द्रीय प्रतिभा देवकोटा नै

---

[६१] खगेन्द्रप्रसाद लुँइटेल, **पूर्ववत्,** पृ. ३४० ।

हुन् ।[६२] उनी अङ्ग्रेजीका वर्डस्वर्थ, सेली र वायरनजस्ता स्वच्छन्दतावादी कविका काव्यबाट प्रभावित छन् । **मुनामदन** (१९९२) पछि देवकोटाका मुख्य खण्डकाव्यहरूमा **राजकुमार प्रभाकर** (१९९७), **कुञ्जिनी** (२००२), **म्हञ्झावर्णन** (२००४), **पहाडीपुकार** (२००५), **दुष्यन्तशकुन्ताला भेट** (२०१५), **म्हेन्दु** (२०१५), **लुनी** (२०२३), **मायाविनी सर्सी** (२०२५)**नवरस** (२०२५) **मैना** (२०३९), **वसन्ती** (२०३९), **सृजामाता** (२०३९), **वैराग्यलहरी** (२०३९), **नेपाली मेघदूत** (२०३९) आदि पर्दछन् । यी मध्ये **म्हञ्झावर्णन** खण्डकाव्य पहिलो र अन्तिम प्रकृतिकाव्य हो । उनले प्रकृतिका रौद्ररूपको वर्णन गर्ने क्रममा रचेको आख्यानविहीन एकसर्गे खण्डकाव्य हो ।[६३] यसरी गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिले खण्डकाव्यको सिर्जनामा देवकोटा अनन्य र अविजेय प्रतिभाका क्रममा स्थापित भएका छन् । यसरी (वि. सं. १९९२-२०१६) का बीचको अवधि नेपाली कविता विधाकै स्वच्छन्दतावादी प्रगतिवादी धाराको आरम्भ र विकासका आधारमा स्वर्णकाल सावित भएको देखिन्छ ।

यस धाराका अर्का सशक्त कवि सिद्धिचरण श्रेष्ठ हुन् भने यस भावधारामा शिल्पगत परिष्कारका साथ कविता लेख्ने अर्का कवि माधवप्रसाद घिमिरे हुन् । अन्य कविहरूमा युद्धप्रसाद मिश्र, केदारमान व्यथित, भवदेव पन्त, धर्मराज थापा, कञ्चन पुडासैनी, अगमसिंह गिरी, कुमारबहादुर जोशी र निरविक्रम प्यासी, आनन्ददेव भट्ट, भानुभक्त पोखेल, शङ्कर पौडेल आदिको नाम लिन सकिन्छ ।

स्वच्छन्दतावादी धाराका कविहरूमा देवकोटा पछिका प्रतिभाशाली कवि माधवप्रसाद घिमिरेका **नयाँ नेपाल** (२०१३), **गौरी** (२०१५), **राजेश्वरी** (२०१७), **पापिनी आमा** (२०१०), **राष्ट्रनिर्माता** (२०२३) आदि खण्डकाव्य रहेका छन् । सिद्धिचरण श्रेष्ठका **उर्वशी** (२०१७), **मङ्गलमान** (२०४९), **आँशु** (२०५०) आदि रहेका छन् । यसपछि केदारमान व्यथितको **मेरो सपनामा मेरो देश र हामी** (२०३४), युद्धप्रसाद मिश्रको **मुक्ति रामायण** (२०२७), **भक्त सुदामा** (२०२९), घनश्याम कँडेलको **देवयानी** (२०३९), धर्मराज थापाको **वनचरो, रत्नजुनेली** (२००३), आनन्ददेव भट्टको **गोरेधर्तीको सवाई, बोइ,** युद्धप्रसाद मिश्रको **जीवनको थुम्कोबाट, साहिलीमैया**, रविलाल अधिकारीको **एकलब्य** (२०३५), **आशुँको अँजुली** (२०४१), **हर्के** (२०४६) आदि उल्लेखनीय छ ।

---

[६२] नारायणप्रसाद गौतम, **पूर्ववत्,** पृ. ४४ ।

[६३] महादेव अवस्थी, **पूर्ववत्,** पृ. २८१-८२ ।

यस धाराका खण्डकाव्यहरूमा विषयवस्तुगत तथा काव्यगत स्तरीयता, स्वतःस्फूर्तलेखन, आशुलेखन, तन्मय र मन्मय प्रकृतिचित्रण, मानवतावादी चिन्तन, प्रकृतिचित्रण, अतीतोन्मुखी, व्यङ्ग्यविद्रोह, ग्राम्यजीवनप्रतिको आकर्षण, वस्तुपरकताभन्दा हार्दिकता तथा आत्मपरक अभिव्यक्ति, शिल्पकारिता, प्रगतिवादी स्वर, प्रकृतिका सुन्दर सुकोमल देखि भीषण भयावह रूपको चित्रण, पूर्वीय संस्कृतिप्रति आस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय चेतनाजस्ता मूल प्रवृत्ति रहेका छन् । नेपाली खण्डकाव्यको सर्वाधिक उत्कर्षकाल पनि यही हो ।

**ग) प्रयोगवादी धारा**

प्रयोगवादी धाराको सुरुआत हुनामा यसको आफ्नै पृष्ठभूमि र समसामयिक सन्दर्भ रहेको पाइन्छ । १९ औं शताब्दीको अन्त्यतिर पाश्चात्य साहित्यमा स्वच्छन्दतावाद पछि विसङ्गतिवाद, अस्तित्ववाद, अतियथार्थवाद र बिम्बवाद आदि नवीन वादहरूको प्रयोग हुन थालेको र ती सम्पूर्ण वादहरूको समष्टि रूप प्रयोगवाद हुन पुगेको देखिन्छ ।[६४] यसैले प्रयोगवादी कवि अवचेतनलेखन र अमूर्तलेखनमा आधारित भएर फुटकर कविता र केही लामा कविताहरू रचना गर्ने क्रममा मझौला आयामका कविता पनि देखापरेका छन् ।[६५] यस धाराअन्तर्गत रचना गरिएका लामा कविताहरूमा परम्परित खण्डकाव्यमाझैँ आख्यान तथा अन्य आख्यायिक तत्त्व नभेटिए पनि यिनलाई प्रयोगवाद सन्दर्भका खण्डकाव्य भनिएको छ । खण्डकाव्य अवचेतन र अर्धचेतन मनका अमूर्त अनुभूतिहरूलाई विसङ्गत र विशृङ्खल रूपले व्यक्त गरिने भएको मझौला आयामका कविताहरूको चर्चा खण्डकाव्यकै अध्ययनअन्तर्गत गर्नुपर्ने देखिन्छ ।[६६]

नेपाली साहित्यमा प्रयोगवादी काव्यधाराका प्रवर्तक मोहन कोइराला हुन् । उनका यस धराअन्तर्गतका कृतिहरूमा दुर्बोध्य, दुरुह तथा क्लिष्टता रहेको पाइन्छ । यस धाराका ईश्वर बल्लभको **मेरी आमाले हत्या गरेको देश** र अन्य कविहरूमा मदन रेग्मी, आशिष राई, कणाद महर्षि, रत्नशमशेर थापा आदि भए पनि यस धाराको एकल सबल प्रतिनिधित्व गर्ने कवि मोहन कोइराला नै देखिन्छन् । कोइरालाका **सूर्यदान** (२०२२), **लेक** (२०२५), **पलङ नं.**

---

[६४] वासुदेव त्रिपाठी, **नेपाली कविता भाग २**, (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. ३५० ।

[६५] नारायणप्रसाद गौतम, **पूर्ववत्**, पृ. ४७ ।

[६६] **ऐजन** ।

**२१** (२०२८), **गङ्गाप्रवास** (२०३८), **नदी किनाराका माझी** (२०३८) आदि लामा कविताहरू उल्लेख्य देखिन्छन् ।

प्रयोगवादी धाराको उत्कृष्ट दृष्टान्तको रूपमा मोहन कोइरालाको **गङ्गाप्रवास**लाई लिइन्छ । यस काव्यमा कोइरालाले मानवजीवन र प्राकृतिक जीवनको तादात्म्य देखाउँदै जीवनलाई दु:खको महासागरको रूपमा अर्थ्याएका छन् ।

पाश्चात्य साहित्यको प्रभावमा रहेको प्रयोगवादी काव्यधाराका लामा कविताहरूले फ्रान्सेली साहित्यमा देखापरेका विसङ्गतिवाद, अस्तित्ववाद र अतियथार्थवादका प्रवृत्तिहरूलाई अमूर्त नवलेखनपद्धतिका माध्यमबाट आत्मसात् गरेको पाइन्छ । वि. सं २०१७ सालमा **रूपरेखा** पत्रिकामा कोइरालाको 'घाइतेयुग' (२०१७) कविता प्रकाशन भएबाट प्रयोगवादी धाराको थालनी भए पनि यस धाराले परिष्कारवाद र स्वच्छन्दतावादको प्रभावलाई रोक्न सकेन । दरुह, दुर्बोध्य, क्लिष्टता, तथा अमूर्तलेखन यस धाराको मूल प्रवृत्ति हो ।

**घ) समसामयिक धारा**

समसामयिकता भनेको वर्तमान हो । समसामयिक विषयवस्तु र सन्दर्भमा रचित रचनालाई समसामयिक धाराअन्तर्गत राखिन्छ । वि. सं. २०१७ सालमा प्रयोगवादी काव्यधाराको थालनी भएपछि रचिएका रचनाहरू सम्प्रेषणको सङ्कटमा परे ।[६७] यस धाराका कविता क्लिष्ट भएकाले साहित्य र पाठकबीचको सम्बन्ध विच्छेद हुन गयो । प्रयोगवादी धाराले थालनी गरेको सम्प्रेषणको सङ्कटबाट नेपाली कवितालाई मुक्त गरी साहित्य र पाठकबीचको विच्छेदित सम्बन्धलाई पुनर्स्थापना गर्ने उद्देश्यले नयाँ प्रतिभाले आफ्ना सिर्जनाप्रक्रियालाई गतिशील बनाउन थाले ।[६८] अर्कातिर वि. सं. २०३६ र २०४६ सालका राजनीतिक जनआन्दोलन र तिनले जन्माएका सामाजिक, राजनीतिक सचेतताले काव्यजगत्मा पनि अत्याधिक प्रभाव परेको र त्यसै प्रभावले समसामयिक धाराको सुरुआत भएको देखिन्छ ।

यस धारासँग सम्बन्धित कविहरूमा कृष्णभूषण बल, सरुभक्त, मञ्जुल, शिव अधिकारी, गगन विरही, ललितजन रावल, ज्ञानुवाकर पौडेल आदि देखिन्छन् । यस धाराका

---

[६७] ऐजन ।

[६८] ऐजन, पृ. ३५-३६ ।

नारी स्रष्टाहरूमा वानीरा गिरी, वेन्जु शर्मा, शारदा शर्मा, शुभ श्रेष्ठ आदि पर्दछन् । छन्दमा कविता लेख्ने कविहरूमा वासुदेव त्रिपाठी, घनश्याम कँडेल, घटराज भट्टराई, दैवज्ञराज न्यौपाने, गणेश विषम आदि देखिन्छन् । यस धाराका कविताकाव्यहरूले खासगरी भोगेको कुरालाई यथार्थ रूपमा प्रस्तुतिको, व्यापक र मानवमूल्यको व्यापक खोजी, कथ्य र शैलीको संश्लिष्टता, सरल संरचनाजस्ता विषयवस्तु र प्रवृत्ति अँगालेको पाइन्छ ।

आधुनिक नेपाली खण्डकाव्यका मुख्य मोड वा धाराहरूलाई पृथक्पृथक् अध्ययन तथा विश्लेषण गर्दा यी सबै धारा एकअर्कामा पूर्ण रूपले सम्बन्धित देखिन्छन् । सबै धाराहरूमा कुनै न कुनै अंशमा प्रवृत्तिगत शैली, शिल्पगत मेल पाइन्छ । परम्परागत रूपमै प्रचलनमा आएको परिष्कारवादी धारा होस्, स्वच्छन्दतावादी वा प्रगतिवादी धाराहोस् वा प्रयोगवादी, समसामयिक धारामा व्याप्त प्रवृत्ति हालसम्म पनि निरन्तर रूपमा नेपाली काव्यजगत्मा प्रचलति रहेको देखिन्छ ।

## २.६ निष्कर्ष

खण्डकाव्य कविता विधाको एक उपविधा हो । कवितात्मक प्रबन्धकाव्यको विविध रूपमा बृहत् रूप हो भने खण्डकाव्य मध्यम रूप हो । आयामका दृष्टिले खण्डकाव्य फुटकर कविताभन्दा लामो/ठूलो महाकाव्यभन्दा छोटो रूपमा रहेको हुन्छ । खण्डकाव्यलाई काव्यको एक भेदका रूपमा चिनाउने विद्वान् संस्कृतसाहित्यशास्त्री विश्वनाथ हुन् । उनले यसलाई काव्य (काव्य वा महाकाव्य) को एकदेश भनेका छन् । खण्डकाव्यमा महाकाव्यजस्तो सम्पूर्ण जीवनको चित्रण नभएर जीवनको कुनै गम्भीर एक पक्षको चित्रण मात्रै हुन्छ । विभिन्न रसहरूमध्ये एकरस वा सोभन्दा बढी रसको प्रयोग अर्थात् प्रायः एकै छन्दको प्रवाहमा बगेको हुन्छ । खण्डकाव्यमा भावनाको आख्यानीकरण हुन्छ । खण्डकाव्य निर्माणका लागि आवश्यक पर्ने प्रमुखतत्त्वहरू कथावस्तु, पात्र, परिवेश, भाव (रस), भाषाशैली (लय, बिम्बप्रतीक) कथनपद्धति हुन् । यिनै तत्त्वहरूका आधारमा कुनै पनि खण्डकाव्यको कृतिपरक विवेचना गर्न सकिन्छ ।

# t];|f] kl/R5]b\

## महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको खण्डकाव्य यात्रा

### ३.१ विषयप्रवेश

महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) बनारस प्रवासकालीन समय (२००४) मा प्रकृतिका उग्रस्वरूपको चित्रण गरी रचेको एक प्रकृतिकाव्य **झञ्झावर्णन** (२००४) हो । जुन **मैना** (२०३९) खण्डकाव्यसङ्ग्रहमा सङ्कलित छ । झञ्झासँग सम्बन्धित यी विभिन्न कुराको वर्णन झञ्झानुसारी गडगडाहटपूर्ण भाषाशैली र प्रवाहपूर्ण स्रग्धरा छन्दको प्रयोग गरिएको र २१ पृष्ठ, १२३ श्लोकमा संरचित कृतिलाई निम्न शीर्षकमा विवेचना गरिएको छ ।

### ३.२ खण्डकाव्यकार देवकोटाको सङ्क्षिप्त जीवनी

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि. सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार काठमाडौँको डिल्लीबजारस्थित धोवीधारा टोलमा रात्री ९ बजेर ५४ मिनेटमा जाँदा भएको हो ।[६९] नक्षत्रअनुसार न्वारनको नाउँ तीर्थमाधव देवकोटा पर्न गए तापनि लक्ष्मीपूजाको दिन जन्मिएकाले उनलाई लक्ष्मीको प्रसादस्वरूप मानी लक्ष्मीप्रसाद नै भन्न थालियो ।[७०] लक्ष्मीको प्रसादको रूपमा ठानिएका देवकोटा पछि गएर नेपाली भाषासाहित्यका महान् स्रष्टाका रूपमा परिचित भई धनकी देवी लक्ष्मीको प्रसादका रूपमा आफूलाई उभ्याए ।[७१] उनले प्रारम्भिक शिक्षा घरमै प्राप्त गरेको पाइन्छ । उनले १९९० मा पटनाबाट बी. एल् पास गरे भने एम्. ए. अङ्ग्रेजीचाहिँ पूरा गर्न पाएनन् ।

आफूलाई पढ्नमा प्रोत्साहित गर्ने मातापिताको निधन भएकाले कोमलहृदयी देवकोटा अन्यन्त आहत बन्न पुगे भने अर्कातिर यिनी माथि पारिवारिक जिम्मेवारी बहन गर्नुपर्ने दायित्व पनि बढ्न पुग्यो । उनको आर्थिक स्थिति ज्यादै कष्टप्रद थियो । २००० साल

---

[६९] चूडामणि बन्धु, **देवकोटा**, (काठमाडौँ : साझा प्रकाशन, २०३६), पृ. ४ ।

[७०] नित्यराज पाण्डे, **महाकवि देवकोटा**, (ललितपुर : जगदम्बा प्रकाशन, २०१७), पृ. ३ ।

[७१] **ऐजन** ।

भाद्र ११ मा उनी भाषानुवाद परिषदमा जागिरे भए ।[७२] त्यो जागीर स्थायी नभए पनि २००३ सालम आषाढ १२ गते त्रिचन्द्र कलेजमा नेपाली र अङ्ग्रेजी पढाउन थाले ।[७३] त्यतिबेला देशमा रहेको जहाँनिया राणाशासनलाई हुत्याएर देशमा प्रजातन्त्र ल्याउने सिलसिलामा जागिर छोडी २००४ सालमा बनारस गई **युगवाणी** पत्रिकाको सम्पादन गरे । आर्थिक अवस्था कमजोर भएकाले छोराछोरी भोकभोकै मर्न थाले । कविको आर्थिक स्थिति सामना गर्न आफ्ना कविता बेच्दै गुजारा गर्न थाले । फलतः २००६ सालमा स्वदेश फर्के । सांस्कृतिक परिषद्ले उनलाई रु १५०।- मासिक भत्ता प्रदान गरेको पाइन्छ ।[७४] २०११, २०१२ सालमा क्रमशः पद्मकन्या कलेज र कमर्स कलेजमा प्राध्यापकीय काम गरेको पाइन्छ ।[७५] २०१४ आषाढ ९ मा एकेडेमी स्थापना हँदा साहित्य विभागका सदस्यसमेत भएका देवकोटा डा. के. आइ. सिंहको मन्त्रीमण्डलमा शिक्षा तथा स्वायत्त शासन मन्त्री बनेको देखिन्छ ।[७६]

यसरी उनको जीवनकालमा विभिन्न उतारचढाव र दयनीय आर्थिक अवस्थाको सङकटदेखि शिक्षा तथा स्वायत्त शासन मन्त्रीसम्मको देवकोटाको पेशागत जीवनमा देखिन्छ ।

देवकोटाको जीवनयात्राको अन्तिम वर्ष हो २०१६ साल । चुरोटको सेवन गर्ने देवकोटा २०१४ सालदेखि नै क्यान्सरले पिल्सिदै र आर्थिक सङ्कटले ताडिँदै आएका देवकोटा ऋणग्रस्त समेत बनेका थिए भन्ने कुरा कुमारबहादुर जोशीले उल्लेख गरेका छन् ।[७७] यसरी क्यान्सर जस्तो रोगको दारुण वेदनालाई खप्दै र आर्थिक सङ्केतको सामना गर्दै तथा कविता रच्दै र महान् उद्गारहरू अभिव्यक्त गर्दै आफ्ना लालावालाको विजोग हुने सम्झेर विचलित बन्दै सबैलाई अन्तिम नमस्कार टक्र्याउँदै २ छोरा र ४ छोरी सहित धर्मपत्नी मनदेवीलाई छोडेर एक महान् सारस्वत कवि देवकोटाले पशुपति आर्यघाटमा आफ्नो पाञ्चभौतिक शरीर विसर्जित गरे । नेपाल र नेपालीको अपुरणीय क्षति भएको दुःखदायी दिन र समय थियो २०१६ साल भाद्र २९ गते ।

यसरी देवकोटाको निधन भएको भोलिपल्ट उनकै सम्झनामा राष्ट्रिय झन्डा आधा झुकाएर अधिराज्यभरका अड्डाअदालत तथा शिक्षणसंस्थाहरूलाई विदा दिने घोषणा

---

[७२] महादेव अवस्थी, **पूर्ववत्**, पृ. १४ ।

[७३] कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. १०२ ।

[७४] **ऐजन**, पृ. १०३ ।

[७५] **ऐजन** ।

[७६] **ऐजन** ।

[७७] **ऐजन**, पृ. १०५ ।

गरियो ।[७८] उनका नाममा विभिन्न ठाउँमा पुस्तकालय, विद्यालयहरू खुल्ने क्रम जारी नै छ । त्यसैगरी देवकोटालाई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले मरणोपरान्त वि. सं. २०२३ सालको त्रिभुवन पुरस्कार प्रदान गरेको पाइन्छ ।[७९]

यसरी नेपाली साहित्यमा अनन्य योगदान दिई सबैलाई शोकाकुल तुल्याउँदै आफ्नो नश्वर पाञ्चभौतिक शरीरलाई त्यागेर महाकवि लक्ष्मीप्रसाद देवकोटा यस लोकबाट बिदा भए पनि उनको साहित्यिक योगदान भने सधैँ अमर रहनेछ ।

## ३.३ देवकोटाको खण्डकाव्यकारिता

आफ्नो पचासबर्से जीवनकालमा नेपाली काव्यजगत्मा महत्त्वपूर्ण योगदान पुऱ्याएका देवकोटा साहित्यका विभिन्न विधामा सफलताका साथ कलम चलाउने साहित्यिक फाँटका चम्किला प्रतिभा हुन् ।[८०] उनले कथा, निबन्ध, कविता, खण्डकाव्य, महाकाव्य आदि विभिन्न क्षेत्रमा कलम चलाएर साहित्यसृजन कलामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । गद्यतर्फ निबन्ध विशेषतः निजात्मक निबन्ध र पद्यतर्फ कविताका फाँटमा भने यिनी नेपाली साहित्यका दरिला प्रतिभाका रूपमा स्थापित छन् । उनका दुई निबन्धसङ्ग्रहहरू **लक्ष्मीनिबन्धसङ्ग्रह** (.२००२) र **दाडिमको रूखनेर** (२०३९) प्रकाशित छन् । उनको कथा, नाटक तथा **चम्पा** (२०२४) एक मात्र उपन्यास प्रकाशित छ ।

उनले दसवर्षको उमेरदेखि लेखन सुरु गरेका र कविता विधामा सबैभन्दा बढी सफलता प्राप्त गरेका छन् । उनको कविताको सृजनाक्रममा मृत्युशय्यामासम्म चालू रहेको पाइन्छ । उनले लघुत्तमदेखि बृहत् रूपसम्मका कविताकृतिको रचना गरेका छन् । उनको कवि व्यक्तित्वको योगदान भने कविता, खण्डकाव्य र महाकाव्यमा बढी पाइन्छ ।[८१] कवितालेखनबाट नै उनी महाकवि बन्न पुगे । उनका फुटकर कवितासङ्ग्रहहरू **पुतली भाग १ र २** (२००९), **भिखारी** (२०१०), **छहरा** (२०१६), **लक्ष्मीकवितासङ्ग्रह** (२०३३) आदि हुन् । यसैगरी उनले रचना गरेका महाकाव्यहरू **शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **महाराणाप्रताप** (२०२४), **वनकुसुम** (२०२५), **प्रमिथस** (२०२८), **पृथ्वीराजचौहान** (२०४९) हुन् । त्यस्तै खण्डकाव्यहरूमा **मुनामदन** (१९९२), **राजकुमार प्रभाकर** (१९९७), **कुञ्जिनी** (

[७८] **ऐजन** ।

[७९] **ऐजन** ।

[८०] मोहनराज शर्मा, (सम्पा), **नेपाली निबन्ध भाग १,** (काठमाडौँ : साझा प्रकाशन, २०४८), पृ. १२ ।

[८१] महादेव अवस्थी, **पूर्ववत्** ।

२००२), **झञ्झावर्णन** (२००४), **पहाडीपुकार** (२००५), **रावणजटायु युद्ध** (२०१५), **मायाविनी सर्सी** (२०२४), **सीताहरण** (२०२४), **दुष्यन्तशकुन्तला भेट** (२०२५), **लुनी** (२०२५), **कटक** (२०२६), **मैना** (२०३९) आदि हुन् । उनको सबैभन्दा पहिलो खण्डकाव्य **मुनामदन** (१९९२) हो भने अन्तिम खण्डकाव्यचाहिँ **परिमार्जित मुनामदन** (२०१६) हो । उनका २१ वटा खण्डकाव्यहरू प्रकाशित छन् । यसरी कविताका विभिन्न उपविधाहरूको सृजन गर्ने क्रममा देवकोटा सफल देखिन्छन् । उनको २००२ सालदेखि २००६ सालको समय लेखनको युग हो भने उनका विभिन्न खण्डकाव्यहरूमध्ये **झञ्झावर्णन** उच्चस्तरको खण्डकाव्य हो भनी केही अध्येताहरूले बताएका छन् ।

## ३.४ देवकोटाको खण्डकाव्य यात्रा र चरण विभाजन

लक्ष्मीप्रसाद देवकोटाले वि. सं. १९९१ बाट सार्वजनिक कविता यात्राको थालनी गरेका र त्यसैको अर्को वर्ष १९९२ सालमा 'मुनामदन' खण्डकाव्यको प्रकाशन गरी आफ्नो खण्डकाव्य यात्राको आरम्भ गरेका छन् । उनको कविता यात्रा वि. सं. १९९१ बाट सुरु भई अनवरत रूपमा अगाडि बढी २०१६ सालमा मृत्युशय्यामा रहँदासम्म फुटकर कविता सृजनाले निरन्तरता लिएको पाइन्छ भने खण्डकाव्य रचना भने केही समय निकै उर्वर र केही समय शिथिल भएको देखिन्छ ।[८२] देवकोटाले १९९२ मा प्रकाशित 'मुनामदन' प्रथम खण्डकाव्यपछि लगातार रूपमा अगाडि नबढी १९९६ मा मात्र अर्को खण्डकाव्य 'राजकुमार प्रभाकर' (प्रकाशन १९९७) रचना गरे र त्यसपछि वि.सं. २००० सालबाट अनवरत रूपमा २००५ सालसम्म दुई दर्जनभन्दा बढी खण्डकाव्य रचना गरेका र त्यसपछिका नौ वर्ष (वि.सं. २००६-२०१४) सम्म खण्डकाव्य तर्फ कुनै रचना नगरी २०१५ सालमा प्रथम प्रकाशित 'मुनामदन' खण्डकाव्यको परिवर्द्धन, परिमार्जन गर्नुका साथै अन्य थप चारओटा खण्डकाव्य रचना तर्फ प्रवृत्त रहेको पाइन्छ ।[८३] यसरी देवकोटाको खण्डकाव्य यात्राले अनवरत र प्रवाहमय रूपमा अघि नबढी बीचमा केही वर्ष विश्राम र केही वर्ष निकै द्रुततर उर्लदो खहरे भेलको बाढीभैँ विकसित वहेको कुराको पुष्टि हुन्छ । उनले आफ्नो जीवन यात्राको अन्तिम वर्ष साथै कवितायात्राको अन्तिम वर्ष २०१६ सालमा भने कुनै खण्डकाव्य कृतिको रचना गरेको पाइँदैन ।

---

[८२] महादेव अवस्थी, पूर्ववत्, पृ. १२२ ।

[८३] महादेव अवस्थी, पूर्ववत् ।

यसरी १९९१ सालदेखि २०१६ सालसम्मको आफ्नो पच्चीस वर्षे कविता यात्रा कालभित्र देवकोटाले १९९२ देखि २०१५ सालसम्मको तेइस वर्षे समयावधि खण्डकाव्य यात्रामा खर्चेको देखिन्छ । यसै समयभित्र पनि 'मुनामदन' १९९२ मा 'राजकुमार प्रभाकर' १९९७ मा र 'लूनी' २००१ सालमा प्रकाशित भएका खण्डकाव्यपछि उनको खण्डकाव्य यात्रा अनवरत रूपमा अगाडि बढीरहेको पाइन्छ । अतः २०१५ सालभित्रै देवकोटाले (प्रकाशित अप्रकाशित गरी) सैंतीसओटा खण्डकाव्यहरू लेखेको कुरा देखिन आउँछ ।[८४] यस प्रकार देवकोटाका खण्डकाव्य यात्राको समानुपातिक विकास नभए पनि बीच-बीचका वर्षहरूमा अत्यधिक प्रवाहशीलता र केही वर्ष शिथिलताकै समग्रतामा अगाडि बढे तापनि धारागत प्रवृत्ति र ढाँचा समेतको निरूपण समग्र कविता यात्राकै परिप्रेक्ष्यमा गर्न सकिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाको समग्र कविता यात्राकै परिप्रेक्ष्यमा खण्डकाव्य यात्राको चरण विभाजन गर्न सकिन्छ । देवकोटाको वि.सं. १९७६-१९९० सालसम्मको अवधिमा रचिएका फाटफुट कविता रचनाहरू देखा परे तापनि खण्डकाव्य स्तरको कुनै पनि कृतिको रचनाचाहिँ भएको पाइँदैन त्यसैले उनका समग्र कवितायात्राको अवधि सोझै खण्डकाव्यकृतिसँग सम्बन्धित देखिंदैन । देवकोटाका सार्वजनिक खण्डकाव्ययात्राको सुरुवात र विकास उनको सार्वजनिक कवितायात्रा (१९९१-२०१६) अर्न्तगत नै रहेको पाइन्छ । खण्डकाव्य पनि कविताविधाकै अपेक्षाकृत विस्तारित रूप हो । उनको सार्वजनिक कविता यात्राको थालनी वि.सं. १९९१ बाट सुरु भयो भने सार्वजनिक खण्डकाव्य यात्राको थालनी वि.सं. १९९२ मा प्रकाशित मुनामदन खण्डकाव्यबाट भयो । उनको सार्वजनिक कवितायात्राको अन्त्य मृत्युशय्या (वि.सं. २०१६) मा लेखेको "म शून्यमा शून्यशरी ..." कविताबाट भएको पाइन्छ । खण्डकाव्य यात्राले भने त्यसको एक वर्ष अगाडि २०१६ सालको 'नयाँ सत्यकलि संवाद' बाट विश्राम लिएको पाइन्छ । त्यसैले देवकोटाको समग्र कविता यात्राकै परिप्रेक्ष्यमा खण्डकाव्य यात्राको चरण विभाजन गर्न सकिन्छ, र यसले उनका खण्डकाव्यगत धारा एवं प्रवृत्तिसँग पनि समन्वय कायम राख्न पुगेको कुरा उल्लेख गर्न सकिन्छ ।

देवकोटाको कविता यात्राको क्रममा वि.सं. १९९१ बाट देखापरेको स्वच्छन्दतावादी मानवतावाद, प्रकृति प्रेम, आस्तिकता, अध्यात्मवाद जस्ता प्रवृत्ति (२००३-२००४) देखि स्वच्छन्तावादी प्रगतिवादी क्रान्तिकारी प्रवृत्तिका साथै खरो, खस्रो, मर्दाना शैली पाइन्छ ।

---

[८४] पूर्ववत् ।

मुनामदनबाट थालिएको खण्डकावय यात्रा 'नयाँ सत्यकलि संवाद (२०१५) सम्म जारी रहेको पाइन्छ । यसरी हेर्दा देवकोटाको औपचारिक कविता यात्राको आरम्भ र अन्त्यका एक-एक वर्ष जम्मा तेइस वर्षको खण्डकाव्य यात्राको यात्राको अवधि हुन जान्छ । देवकोटाको औपचारिक पच्चीस वर्षे कविता यात्रालाई पूर्वार्द्ध (१९९१-२००३) र उत्तरार्द्ध (२००४-२०१६) गरी मोटामोटी दुई चरणमा विभाजन गर्न सकिन्छ । त्यस्तै उनको खण्डकाव्य यात्रालाई पनि पूर्वाद्ध र उत्तरार्द्ध गरी क्रमशः (१९९२-२००३), (२००४-२०१५) विभाजन गर्न सकिन्छ, तर पनि तेइस वर्षे खण्डकाव्य यात्रालाई क्रमशः चार चरणमा विभाजन गर्नु बढी सान्दर्भिक हुन जान्छ ।[८५]

प्रथम चरण - वि.सं. १९९२ - १९९९ सम्म

द्वितीय चरण - वि.सं. २००० - २००३ सम्म

तृतीय चरण - वि.सं. २००४ - २००९ सम्म

चतुर्थ चरण - वि.सं. २०१० - २०१५ सम्म

(क) प्रथम चरण (वि.सं. १९९२ – १९९९)

लक्ष्मीप्रसाद देवकोटाको पहिलो चरणको समयावधि (वि.सं. १९९२-१९९९) सम्म रहेको छ । उनका यस चरणमा प्रकाशित खण्डकाव्य कृतिहरू 'मुनामदन' (१९९२) र 'राजकुमार प्रभाकर' (१९९६ प्र. १९९७) हुन् । मुनामदन देवकोटाको पहिलो खण्डकाव्य कृति हो । यस खण्डकाव्यबाट नै देवकाटाको खण्डकाव्य यात्रा सुरु हुन्छ । यस खण्डकाव्यको प्रकाशनद्वारा नेपाली खण्डकाव्य परम्परामा नै नवीन स्वच्छन्दतावादी प्रवृत्तिका काव्य, गाथाकाव्यढाँचा र परिपुष्ट आयाम भएका काव्यका साथै गुणस्तरीय खण्डकाव्यकृति भएको कुरा उल्लेख गरिएको छ ।[८६] यी खण्डकाव्यमा स्वच्छन्दतावादी, मानवतावादी अभिव्यक्तिका साथै जीवनजगत्का रहस्यको भाव पाइन्छ । मुनामदन खण्डकाव्यमा देवकोटाले आत्मिक प्रेमको अमरता, समानता र मातृत्वमा आधारित मानवतावाद र सहरिया दुष्प्रवृत्ति प्रतिको घृणााजस्ता स्वच्छन्दतावादी भावहरू उक्त खण्डकाव्यमा समेटिएका छन् । मुनामदन देवकोटाको करुण रसको अभिव्यक्ति भएको दुःखान्तमा टुङ्गिने महत्त्वपूर्ण कृति हो । यसै चरणमा प्रकाशित 'राजकुमार प्रभाकर' वर्णमात्रिक छन्दमा लेखिएको दन्त्यकथामा आधारित

---

[८५] महादेव अवस्थी, पूर्ववत् ।

[८६] पूर्ववत् ।

सुखान्त खण्डकाव्य हो ।[८७] देवकोटाका पहिलो चरणका यी दुई खण्डकाव्यमा सर्गविभाजन गर्ने प्रवृत्तिका साथै जीवनको एकदेशीयता झल्काउने पुष्ट आख्यान पाइन्छ । अतः यस चरणको उत्कृष्ट खण्डकाव्यका साथै पहिलो खण्डकाव्य मुनामदन हो ।

(ख) दोस्रो चरण (२०००-२००३)

वि.सं. २००० देखि २००३ सम्मको अवधिलाई देवकोटाको खण्डकाव्य यात्राको दोस्रो चरण मानिन्छ । यस चरणमा देवकोटा खण्डकाव्य रचनाका क्षेत्रमा द्रुतवेगी आशुकविका रूपमा देखा पर्दछन् । यो चरण देवकोटाको खण्डकाव्य सृजनाका दृष्टिले अत्यन्त उर्वर मानिन्छ । यस चरणमा देवकोटाद्वारा लूनी, कुञ्जिनी, दुष्यन्त शकुन्तलाभेट, म्हेन्दु, सीताहरण, रावण जटायुयुद्ध जस्ता खण्डकाव्यहरू रचना गरिएका छन् । यस चरणमा देवकोटाले गाथाकाव्य ढाँचा, लोकलय र मात्रा छन्दतर्फ सफल कलम चलाएका छन् । सामाजिक, पौराणिक, प्रणयगाथायुक्त आख्यानको सफल प्रयोगका साथै अन्यायका विरुद्ध आत्मबलिदान गर्नुपर्छ भन्ने क्रान्तिकारी भावको अभिव्यक्ति पनि उनका खण्डकाव्यमा पाइन्छ । यस चरणमा देवकोटाले सामाजिक आख्यानका साथै पौराणिक आख्यानको पनि प्रयोग गरेका छन् ।[८८] यस चरणका खण्डकाव्यहरूमा देवकोटाले प्रकृतिमानव र मानव-प्रकृति बीच तादात्म्य सम्बन्ध गाँस्नुको साथै नारी पात्रहरूलाई सहज रूपमै प्रकृतिपुत्रीका रूपमा प्रस्तुत गरेका छन् । देवकोटाका यिनै खण्डकाव्यगत र संरचनागत नवीन प्रवृत्तिहरूले गर्दा यस चरणका खण्डकाव्यहरूले अलग्गै पहिचान राखेको देखिन्छ । एकै रातमा कुञ्जिनी जस्तो खण्डकाव्यको रचना गरेर तीव्र आशुकवित्वको ज्वार फैलाउन सक्नु देवकोटाको महत्त्वपूर्ण उपलब्धि हो । यस चरणका तीन वर्षमा आधार दर्जन खण्डकाव्यहरू रचना गरेर तीव्र कवित्वचेत्को अभिव्यक्ति पाइनु निश्चय नै महत्त्वपूर्ण उपलब्धि हो ।

(ग) तेस्रो चरण (२००४-२००९)

वि.सं. २००४ देखि वि.सं. २००९ सम्मको अवधि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्राको तेस्रो चरण हो, साथै खण्डकाव्य रचनाका दृष्टिले महत्त्वपूर्ण चरण पनि हो । यसबेला देशमा एकतन्त्रीय जहाँनिया राणाशासनका विरुद्ध आन्दोलनको शंखघोष हुन थालेको थियो । यस परिप्रेक्ष्यमा देवकोटा पनि राणाशासनका विरुद्ध तीव्र आक्रोश व्यक्त गर्न

[८७] पूर्ववत् ।

[८८] ताराकान्त पाण्डेय, 'देवकोटाको खण्डकाव्यकारिता : प्राप्ति र सीमाका परिप्रेक्ष्यमा' **वाङ्मय**, (वर्ष १५, पूर्णाङ्क ८, २०५५/५६), पृ. २३ ।

२००४ साल श्रावण ३ गते आफ्नो प्राध्यापकीय जागीर छोडी[८९] वनारस प्रवासमा गई क्रान्तिकर्ममा संलग्न बनेका थिए ।[९०] उक्त वनारस प्रवासका क्रममा आफूमाथि आइपरेको आर्थिक सङ्कटबाट राहत पाउनका लागि उनले द्रुततर आशुवेगी खहरेका रूपमा खण्डकाव्यका साथै थुप्रै कविताकृतिहरू रचना गरेको पाइन्छ । वनारस प्रवासको दुई वर्षका अवधिमा देवकोटाले प्रकाशित, अप्रकाशित गरी एक्काईस ओटा खण्डकाव्यहरू रचना गरेको कुरा स्पष्ट हुन्छ ।[९१] यो चरण देवकोटाको आशुतर र गुणस्तरीय खण्डकाव्य रचनाका दृष्टिले अत्यन्त उर्वर बन्न पुगेको छ । यस चरणका खण्डकाव्यहरूमा - वसन्ती १, २, नवरस, मायाविनी सर्सी, कटक, मैना, सृजामाता, नेपाली मेघदूत, वैराग्यलहरी, आनन्दशतक, झञ्झावर्णन आदि पर्दछन् । उनका यस चरणका खण्डकाव्यहरूमा सामाजिक, पौराणिक, ऐतिहासिक, कोषकाव्यढाँचा जस्ता आख्यान बैविध्य, रसगत वैविध्य, लयगत वैविध्यको सफल प्रयोग भएको पाइन्छ । यस चरणमा मुक्तलय वा गद्यलयमा लिखित देवकोटाको एक मात्र खण्डकाव्य मायाविनी सर्सी हो । पूर्वीय पुराणमा आधारित खण्डकाव्य ‘मायाविनी सर्सी’ र ‘सृजामाता’ खण्डमाव्य हुन् । यस प्रकार खण्डकाव्य रचनाको प्रयोगका साथै पाश्चात्य अङ्ग्रजी कवि कलरिजको स्वच्छन्दतावादी प्रभाव उपर्युल्लिखित खण्डकाव्यहरूमा पाइन्छ । यस चरणमा खण्डकाव्यकार देवकोटामा स्वच्छन्दतावादी प्रकृतिकेन्द्री उग्र-भीषण सौन्दर्यचेत्का साथै कान्तिकारी प्रगतिवादीचेत्को अभिव्यक्ति समेत व्यक्त भएको पाइन्छ ।[९२] यस चरणका खण्डकाव्यमा तन्त्राख्याल (मैना) वीराख्यान (कटक, मायाविनी सर्सी), सृष्टिका रहस्यको आख्यान (सृजामाता) का साथै प्रणयाख्यान (वसन्ती १,२) मा सशक्त चित्रणका साथ प्रस्तुत भएको छ । मानवीय उदात्त वीर चरित्र र नीच भागवादी पशुप्रवृत्ति बीचको द्वन्द्वका साथै उदात्त वीर चेतनाले आफूभित्रको नीच भागवादी पशुप्रवृत्तिलाई दमन गर्नु पर्छ भन्ने भाव ‘मायाविनी सर्सी’ भन्ने खण्डकाव्यमा पाइन्छ ।

यस चरणका देवकोटामा स्वच्छन्दतावादी प्रगतिवादी क्रान्तिकारी भावका साथै खरो, खस्रो, मर्दाना, ओजस्वी पाराको भाषाशैली पाइन्छ । देवकोटाले वनारस प्रवासका क्रममा व्यहोर्नु परेको आर्थिक सङ्कटबाट राहत पाउनका लागि द्रुततर आशुवेगी गडगडाउँदो

---

[८९] कुमारबहादुर जोशी, पूर्ववत् ।

[९०] अम्बिका देवी रिमाल, पूर्ववत् ।

[९१] महादेव अवस्थी, पूर्ववत् ।

[९२] कुमारबहादुर जोशी, पूर्ववत् ।

वर्षाकालीन खहरे भेलका रूपमा रचना गरिएका हुन् उपर्युक्त खण्डकाव्यहरू । देवकोटाका यस अवधिका प्रतिनिधि रचनाहरूमध्ये 'मायाविनी सर्सी' उनको महत्त्वपूर्ण रचना हो ।[९३]

यसरी यस चरणमा देवकोटाको खण्डकाव्य सृजनशीलता अत्यन्त तीव्र रूपमा र प्रवाहपूर्ण रूपमा बगेको पाइनुका साथै उच्च गुणस्तरका दृष्टिले पनि खण्डकाव्य रचना महत्त्वपूर्ण छन् ।

(घ) चौथो चरण (वि.सं. २०१०-१०१५)

वि.सं. २०१० देखि २०१५ सम्मको अवधि देवकोटाको खण्डकाव्य यात्राको अन्तिम चरणका रूपमा मानिन्छ । यस चरणमा देवकोटाको खण्डकाव्य सृजनशीलता शिथिल बन्दै गएको देखिन्छ । यस चरणमा देवकोटाले उत्कृष्ट र गुणस्तरीय कविता रच्नुका साथै खण्डकाव्यहरू परिमार्जन गरेका छन् । यस चरणमा देवकोटाले प्राचीन विचार धाराको अँध्यारो पक्षको विरोध र नवीन युगका प्रगतिशील विचारहरू प्रतिको समर्थन गरी युगबोधको व्यञ्जनसमेत गरेको देखिन्छ । यसका साथै सर्वाधिक लोकप्रिय खण्डकाव्य 'मुनामदन' का साथै अन्य खण्डकाव्यहरूलाई पनि पुनः परिमार्जित गरेका छन् । यस चरणमा देवकोटा खण्डकाव्य तथा कविता कृतिहरूको परिष्कार, परिमार्जन तर्फ उन्मुख भएका देखिन्छन् ।

## ३.५ देवकोटाका खण्डकाव्य कृतिहरूको कालक्रमिक विवरण

कविता विधाको फुटकर कविताभन्दा लामो र महाकाव्यभन्दा छोटो मझौला किसिमको साथै आकार-प्रकारमा मध्यमस्तरको आख्यानात्मक वा आख्यानरहित प्रबन्धात्मक संरचना भएको एक उपविधा खण्डकाव्य हो । खण्डकाव्यमा प्रयुक्त आख्यानले जिन्दगीका एक खण्डको पूर्ण अभिव्यक्ति गर्दछ । कविताका विविध रूपहरूमध्ये लघु, मध्यम तथा बृहत् जुनसुकै आकार भए पनि खण्डकाव्य कविताको मध्यम रूप हो । देवकोटाका प्रकाशित खण्डकाव्य कृतिहरूको खण्डकाव्य कृतिहरूको कालक्रमिक विवरण यसरी प्रस्तुत गर्न सकिन्छ ।[९४]

---

[९३] कुमारबहादुर जोशी, पूर्ववत् ।

[९४] महादेव अवस्थी, पूर्ववत् ।

| खण्डकाव्य | रचनाकाल | चरण | प्रकाशन काल |
|---|---|---|---|
| १) मुनामदन | वि.सं. १९९०-९२ | पूर्वार्द्ध | १९९२ |
| २) राजकुमार प्रभाकर | १९९६ | पूर्वार्द्ध | १९९७ |
| ३) लूनी | २००१ | पूर्वार्द्ध | २०२३ |
| ४) कुञ्जिनी | २००२ | पूर्वार्द्ध | २००२ |
| ५) दुष्यन्त शकुन्तलाभेट | २००२ | पूर्वार्द्ध | २०२५ |
| ६) म्हेन्दु | २००३ | पूर्वार्द्ध | २०१५ |
| ७) सीताहरण | २००३ | पूर्वार्द्ध | २०२४ |
| ८) रावण जटायुयुद्ध | २००३ | पूर्वार्द्ध | २०१५ |
| ९) सीताहरण | २००४ | उत्तरार्द्ध (हाल अनुपलब्ध) | २००४ |
| १०) वसन्ती (भाग १,२) | २००४ | उत्तरार्द्ध | २००९ |
| ११) मायाविनी सर्सी | २००४ | उत्तरार्द्ध | २०२४ |
| १२) शृङ्गार रस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १३) शान्तरस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १४) वीभत्स रस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १५) भयानक रस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १६) वीररस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १७) हास्यरस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १८) अद्भुत रस | २००४ | उत्तरार्द्ध | २०२५ |
| १९) करुण रस | २००४ | उत्तरार्द्ध | २०२५ |
| २०) कटक | २००४ | उत्तरार्द्ध | २०२६ |
| २१) मैना | २००४ | उत्तरार्द्ध | २०३९ |
| २२) सृजामाता | २००४ | उत्तरार्द्ध | २०३९ |
| २३) नेपाली मेघदूत | २००४ | उत्तरार्द्ध | २०३९ |
| २४) वैराग्य-लहरी | २००४ | उत्तरार्द्ध | २०३९ |
| २५) आनन्दशतक | २००४ | उत्तरार्द्ध | २०३९ |
| २६) झञ्झावर्णन | २००४ | उत्तरार्द्ध | २०३९ |
| २७) पहाडीपुकार | २००५ | उत्तरार्द्ध | २००५ |
| २८) नाला | २००५ | उत्तरार्द्ध | २००५ |
| २९) आँसु | २००५ | उत्तरार्द्ध | २००६ |

| | | | |
|---|---|---|---|
| ३०) भ्यागुर नारान | २०१५ | उत्तरार्द्ध | २०२४ |
| ३१) नासमझको गाँठो | २०१५ | उत्तरार्द्ध | २०२४ |
| ३२) घोडचढी | २०१५ | उत्तरार्द्ध | २०२४ |
| ३३) नयाँ सत्यकलिसंवाद | २०१५ (अनुमानित) | उत्तरार्द्ध | २०१८ |

लक्ष्मीप्रसाद देवकोटाको समय कविता यात्राका सापेक्षतामा उनका खण्डकाव्य यात्राका चार चरणमध्ये दोस्रो र तेस्रो चरण खण्डकाव्य रचनाका दृष्टिले अत्यन्त उर्वर देखिन्छ । उनको खण्डकाव्य यात्राको पहिलो चरणमा विशेषताः 'मुनामनद' खण्डकाव्यले आख्यान सुगठितता र पुष्टता प्राप्त गर्नुका साथै कवित्वका उत्कृष्ट सन्तुलनले स्वच्छन्दतावादी भावको सफल प्रयोग पाइन्छ । मुनामदनको ऐतिहासिक देन र अत्यधिक लोकप्रियताले यो चरण विशेष महत्तम प्राप्तिपूर्ण ठहर्दछ । दास्रो चरणमा ६ ओटा खण्डकाव्य संरचना परिमाणात्मकताका साथै उच्चस्तरका देखिन्छन् । तेस्रो चरणभित्रै प्रगतिवादको प्रवेश, मुक्तलयको प्रयोग, विषय वैविध्य, स्रोत वैविध्य आदिका दृष्टिले उपलब्धिपूर्ण ठहर्दछ । यस चरणको उनको महत्त्वपूर्ण कृति 'मायाविनी सर्सी' हो । चौथो चरणमा देवकोटाले परिष्कार, परिमार्जनका साथै - भ्यागुर नारान, घोडचढी आदि जस्ता खण्डकाव्य कृतिको रचना गरेको पाइन्छ ।

यसरी लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्रालाई समग्ररूपमा अध्ययन गर्न सकिन्छ । लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्राको तेस्रो चरणको महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको र स्रग्धरा छन्द प्रयोग गरी रचना गरिएको "झञ्झावर्णन" खण्डकाव्यको अध्ययन यहाँ गरिएको छ ।

# rf}yf] kl/R5]b

## 'झञ्झावर्णन' खण्डकाव्यको अध्ययन

### ४.१ झञ्झावर्णन खण्डकाव्यको कृतिपरक अध्ययन

#### ४.१.१ शीर्षकीकरण

प्रस्तुत खण्डकाव्यको **झञ्झावर्णन** शीर्षक 'झञ्झा' र 'वर्णन' दुई बेग्लाबेग्लै शब्दमा तत्पुरुष समास भई बनेको समस्त पद हो र यसको अर्थ डर लाग्दो घन्काइ, क्षणत्कार, पानी वतास, आँधीवेहरी, हुरी, आँधी हुन्छ । यस खण्डकाव्यमा प्रकृतिरूपी झञ्झाको उग्र स्वरूपको चित्रण गरिएको छ । यसमा भौतिक संसारमा थुप्रिएका फोहोरमैलालाई बढार्न र समाज, राष्ट्र तथा संसारमा फैलिएका अत्याचार, शोषण र निरङ्कुशतालाई सखाप पार्न अनि नेपालको परिवेशमा देशमा थुप्रिएको शासनप्रक्रियाले उब्जाएको कालुष्यलाई बढार्न /पखाल्न तथा फ्याक्नका लागि झञ्झासँग आह्वान गरिएको र झञ्झाको वर्णन गरिएको हुनाले यस काव्यको शीर्षक **झञ्झावर्णन** राख्नु उपयुक्त नै देखिन्छ । शीर्षक विषयवस्तुको प्रतिनिधिमूलक र व्यञ्जनात्मकसमेत बनेको छ भने अभिधात्मक दृष्टिले पनि उपयुक्त नै रहेको पाइन्छ ।

#### ४.१.२ कथानक

**झञ्झावर्णन** अधिसङ्ख्यक प्रकृति कविता लेख्ने स्वच्छन्दतावादी कवि देवकोटाको प्रथम र अन्तिम प्रकृतिकाव्य हो । झञ्झारूपिणी प्रकृतिको वर्णनको सूक्ष्मतर विस्ताररूप अन्तर आख्यानमा आधारित तथा भाव प्रवाहले लामो कविताको स्वरूप ग्रहण गरेको प्रस्तुत काव्यमा कविले पूर्वीय पाश्चात्य र पौराणिक ऐतिहासिक तूफानी बिम्ब र प्रतीकहरूलाई अँगाल्दै आफ्नो स्वच्छन्दतावादी प्रकृतिकेन्द्री उग्र सौन्दर्यचेतका साथै खासगरी बनारसप्रवासकालीन क्रान्तिकारी अदम्यवीरका रूपमा प्रकट भएको र वस्तुतः त्यही झञ्झावीरको गाथा यहाँ सञ्चारित रहेको पाइन्छ । यस्तो झञ्झाको उग्रस्वरूपको वर्णन केही पङ्क्तिद्वारा प्रस्तुत गरिन्छ ।

छड्की पड्की चचडकी चटचट चटके चालले कर्र पारी ।
दाह्राधारी हुरीका चुरिइ अघि झरे वृक्ष हाँगा झटारी ॥
तड्की गड्की झझड्की धडधड स्वरले पोख्छ लाखौं घडारी ॥
आयो भीमोग्र आयो प्रलयबल हुरी विश्व सारा मडारी ॥

**झञ्झावर्णन**, २ ।

**झञ्झावर्णन** खण्डकाव्य नवरस कोषकाव्यको भयानक रसको वर्णनको अर्को वैकल्पिक लेखन हो कि भन्ने अनुमान पनि गरिएको छ ।[९५] नवरसअन्तर्गतका अरु रसको अभिव्यक्ति एकएक काव्यका रूपमा गरिएको तर रौद्र रसको भने छ हरफको लघुतम कविताको आयामको बान्की मात्र पेस गरिएकाले त्यस रौद्र रसको विस्तृत अभिव्यक्ति गरी देवकोटाले यस **झञ्झावर्णन** खण्डकाव्यको रचना गरेको हुनसक्ने ठानिएको छ ।[९६] पाण्डुलिपिकै शीर्षकमा पनि भयानक रसको उल्लेख गरिएको यो काव्य वस्तुतः भयानक रसको वर्णनभन्दा झञ्झामय क्रान्तिचेतकै अभिव्यक्ति हो । एकसर्गे खण्डकाव्य **झञ्झावर्णन**मा प्रकृतिको मौसमी परिवर्तनका सिलसिलामा नियमानुसार देखापर्ने चर्को आँधीवेरी वा झञ्झा नै यस खण्डकाव्यको मुख्य विषयवस्तु हो । झञ्झा वा झञ्झावातलाई **अमरकोश**मा यसरी चिनाइएको छ । "प्रकम्पनो महावात झञ्झावातः सवृष्टिकः । वर्षासहितको प्रकम्पक महावात झञ्झावात हो ।[९७] प्रकृतिका देशमा थुप्रिएका अनेकौं कसरमसरलाई उडाई बढारी वा बगाई प्रकृतिलाई सफा पार्ने झञ्झारूपी चरित्रको चित्रण यस खण्डकाव्यमा गरिएको छ । त्यस झञ्झालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव जीवनका स्तरमा व्याप्त विकृति र विसङ्गतिका कसिङ्गरलाई उडाई, बढारी, पखाली स्वच्छ मानवजीवनको निर्माण गर्न युगयुगमा देखापर्ने क्रान्तिकारी वीरको मानवीय व्यक्तित्व पनि दिइएको छ । यहाँ प्राकृतिक झञ्झावातका वर्णनका क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युगीन विकृति र विसङ्गतिलाई बढार्न आउने क्रान्ति विद्रोह र विप्लवको अभिव्यक्ति गरिएको पाइन्छ । यस खण्डकाव्यमा उक्त झञ्झावीरका दुई मुख्यस्वरूपको चित्रण गरिएको छ । झञ्झाका ती दुई रूप विध्वंशकारी रूप जसले उग्र भीषण माध्यमद्वारा विकारहरूको बढारकुँढार गर्छ भने अर्को नवनिर्माणकारी रूप जसले मानवीय उच्च आदर्श र स्वप्नहरू फल्न र फुल्न सक्ने सुन्दर वातावरणको सृजना गर्छ भन्ने कुरा यस खण्डकाव्यमा व्यक्त

[९५] चूडामणि बन्धु, **पूर्ववत्**, पृ. २७१ ।

[९६] **ऐजन** ।

[९७] कुलचन्द्र गौतम, **अमरकोश** (टीकाकार), (काठमाडौं : लक्ष्मीनाथ गौतम, २०२७), पृ. १८ ।

गरिएको छ । प्रकृति र जीवनजगत्मा ताप उत्पीडन विकृति र विसङ्गति र शोषण विषमता बढ्न गई मानवीय उच्च आदर्श र स्वप्नहरू नयाँ सुन्दर वातावरणको सृजना गरिदिन्छ भन्ने विषयवस्तुलाई नै यस खण्डकाव्यमा व्यक्त गरिएको छ । त्यसैले प्रकृतिजगत्का मानव समाजमा थुप्रिएका असङ्गतिहरू विरुद्ध युगयुगमा देखापर्ने प्रकृतिचक्र, युगचक्र, मानवीय जीवनचक्रमा देखिने असङ्गतिको चर्चा गर्दै प्राकृतिक झञ्झा विप्लवसँग मानवीय क्रान्ति विप्लवको समीकरण गरिएको छ र झञ्झापछि वासन्तिक नवसुन्दर वातावरणको स्थापना हुने कुराको सङ्केत दिइएको छ ।

यस खण्डकाव्यमा स्वच्छन्दतावादी प्रकृति कविताका क्रान्तिचेतको प्रेरणा र प्रभाव केही मात्रामा झल्किन्छ तापनि यो मुख्यतः देवकोटाकै प्रकृतिकेन्द्रित उग्र विप्लवी सौन्दर्यचेतको आख्यान न्यून कवितात्मक अभिव्यक्ति गरिएको खण्डकाव्य हो ।[९८] यस खण्डकाव्यमा पूर्वीय पुराकथा, तन्त्र र आध्यात्मिक वेदान्त दर्शनको प्रभाव ठाउँठाउँमा पाइन्छ । यहाँ पूर्वीय तथा पाश्चात्य मानवसभ्यताको इतिहासलाई पनि छोइएको छ । अङ्ग्रेजी स्वच्छन्दतावादी कवि सेली र वायरनबाट उत्प्रेरित हुने यस खण्डकाव्यका परिवेशमा चर्को दूषण आएपछि झञ्झावीर जन्मने र त्यसले परिवेशलाई बढारेर स्वच्छ तुल्याई सुन्दर बनाउँछ भन्ने झञ्झारूपी क्रान्तिदर्शन अभिव्यञ्जित भएको छ ।[९९] जस्तै :

यो ठूलो रन्थने हो ज्वर प्रकृतिविषे रोगको चिह्न खास ।
रन्केको भाल खाली गडबडहरूको उर्लिंदो उग्र श्वास ॥
यो तातो आँधि ज्वाला बरबरहरूमा बर्बरायो करायो ।
यै हो स्वास्थ्यप्रपोषी यसविन जगमा शान्ति कैल्यै न आयो ॥

(**झञ्झावर्णन**, ५५) ।

कविले पूर्वीय तथा पाश्चात्य पौराणिक, ऐतिहासिक तूफानी बिम्ब र प्रतीकहरूलाई अँगाल्दै परिवेशमा भएका विकृति तथा विसङ्गति, ताप-सन्तापहरूको सृष्टि भएपछि उच्च आदर्श र स्वप्नहरू आहत हुने अनि झञ्झावीरको जन्म भई ती सबै विकृति तानाशाही आदिको अन्त्य हुने कुराको चर्चा पाइन्छ ।[100] वस्तुतः झञ्झाले सारा फोहोरमैलालाई बढारी प्रकृतिलाई स्वच्छ पार्छ भन्ने प्राकृतिक सत्यद्वारा समाज, राष्ट्र र विश्वमा युगयुगमा देखापर्ने

[९८] वासुदेव त्रिपाठी, **गोधुली**, **पूर्ववत्**, पृ. ४६ ।
[९९] कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. १२३-१२६ ।
[100] कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. २२१ ।

असङ्गतिका विरुद्ध पनि उग्र क्रान्तिको लहर जुर्मुराउँदै आउँछ । यसैले ती असङ्गतिलाई समाप्त पारी सङ्गति र सुन्दरताको स्थापना गर्छ भन्ने मानवीय सामाजिक सत्यको अभिव्यक्ति यस खण्डकाव्यमा गरिएको छ । यसैगरी प्रकृतिका माध्यमबाट कविले युगीन र शाश्वत समीकरणतर्फ कविको यो काव्य उन्मुख भएको छ ।[१०१] यस्तो झञ्झा प्राकृतिक स्तरमा तापसन्तापका विरूद्ध प्रकृतिको कोप हो भने सामाजिक सन्दर्भमा यथास्थितिको जडता वा तानाशाहीका विरूद्ध क्रान्ति अभिव्यक्ति हो । यस्तै नैतिक स्वरमा यो सत् असत्को द्वन्द्व हो भने धार्मिक सन्दर्भमा पाप वा दानवी प्रवृत्तिका विरूद्ध धर्म वा दैवी प्रवृत्तिको अवतार वा अवतरण हो अनि मानसिक स्तरमा चाहिँ यो रूढ सामान्यतयाका विरूद्ध उच्च समस्त चेतको असामान्य विस्फोट हो भन्ने आत्मिक आध्यात्मिक स्वरमा चाहिँ यो भौतिक एषणा, आत्मिक र आध्यात्मिक मूल्यहरूको अन्तर्द्वन्द्व पनि हो । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा व्याप्त रहेका विसङ्गति र विकृतिलाई जब अत्याचारको पराकाष्टाले थेग्न सक्दैन त्यतिखेर झञ्झारूपी क्रान्ति आएर यस्ता विकृति विसङ्गतिहरूलाई निर्मूल पार्छ र स्वस्थ्य समाजको स्थापना हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।[१०२]

यस काव्यमा प्रकृतिको भयङ्कर रूपको सशक्त अभिव्यक्ति हुनाका साथै युगचेतनाको प्रभावकारी अभिव्यक्ति पनि भएको छ । यहाँ जीवनजगत्का आत्मिक मूल्यहरूको पुनःस्थापना सूक्ष्म व्यञ्जनाका विभिन्न स्तरमा तूफानी भावबिम्बहरूका आधारमा व्यक्त भएको छ । यसो हुनाले यो काव्य कविको उच्च प्रतिभाको नमुना बनेको छ । यसमा कविले झञ्झावातको पृष्ठभूमि दिँदै प्राकृतिक र मानवीय यात्राको उल्लेख गर्दै सामाजिक र राष्ट्रिय असङ्गतिहरूको चर्चा पनि गरेका छन् । यस खण्डकाव्यमा प्राकृतिक संसारमा थुप्रिएका फोहोरमैलालाई बढार्न झञ्झा आइरहन्छ र समाज, राष्ट्र र विश्वमा फैलिएका दुराचार र निरङ्कुशता तथा शोषणलाई सखाप पार्न क्रान्ति भइरहन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

देवकोटाले तत्कालीन (२००४ साल तिरको) नेपालको परिवेशमा चाहिँ देशमा थुप्रिएको राणाशाहीको फोहोरमैलालाई बढार्न सम्पूर्ण नेपालीहरूलाई झञ्झारूपी क्रान्तिवीरका रुपमा जुर्मुराएर उठ्न आह्वान गरेजस्तो बुझिन्छ । झञ्झासँग सम्बन्धित यी विभिन्न कुराको वर्णन झञ्झानुसारी गडगडाहट पूर्ण भाषाशैली र प्रवाहपूर्ण स्रग्धरा छन्दको प्रयोगद्वारा व्यक्त गरिएकाले यस खण्डकाव्यको शीर्षक **झञ्झावर्णन** सार्थक बन्न भएको छ ।

---

[१०१] अम्बिकादेवी रिमाल, पूर्ववत् ।

[१०२] नवराज केशी, पूर्ववत् ।

### ४.१.३ परिवेश

परिवेश भनेको देशकाल तथा वातावरण हो । महाकाव्यमा जस्तो व्यापक परिवेश खण्डकाव्यमा समेटिएको हुँदैन । यस खण्डकाव्यको कार्यपीठिकाको रूपमा बनारसलाई लिइएको छ । देवकोटाले वनारस प्रवासकालीन समयमा झञ्झावातको वर्णन गर्ने सिलसिलामा तत्कालीन (२००४ सालतिरको) नेपालको परिवेशमा देशमा थुप्रिएको राणाशाहीको फोहोरमैलालाई बढार्न सम्पूर्ण नेपालीहरूलाई झञ्झारूपी क्रान्तिकारी वीरका रूपका जुर्मुराएर उठ्न आह्वान गरेका छन् । प्राकृतिक परिवेशमा थुप्रिएका फोहोरमैलालाई बढार्न झञ्झा आइरहन्छ र समाज, राष्ट्र विश्वमा फैलिएका दुराचार, निरङ्कुशता, शोषणलाई सखाप पार्न क्रान्ति भइरहन्छ भन्ने कुरा व्यक्त गरेका छन् । जब परिवेशमा चर्को दूषण आउँछ । त्यसपछि झञ्झावीर जन्मन्छ र त्यसले उग्र भीषण माध्यमबाट परिवेशलाई बढारेर स्वच्छ तुल्याई सुन्दरताको स्थापना गर्छ भन्ने बुझिन्छ ।

यस काव्यमा रूसी क्रान्तिको हावा, हिन्दु-मुसलमानदङ्गा तथा शक्ति, महाराणाप्रताप र ग्यारिबाल्डीका महायुद्धका खेल र अविजित रणसँग सम्बन्धित अन्तर्राष्ट्रिय ऐतिहासिक परिवेशका साथै नेपाली वीरले लडेका युद्ध, अमरसिंह, बलभद्र र भीमसेन थापाजस्ता नेपाली वीरका वीरताको राष्ट्रिय ऐतिहासिक परिवेश पनि समेटिएको छ । यहाँ एटम वम र विज्ञानवादका वैज्ञानिक सन्दर्भको प्रयोग पनि गरेका छन्; जस्तै :

एटम बमतुल्य चड्क्यो कुलिश गगनमा आँधिको जोर चल्दा ।
विज्ञानै वाद चंकेसरी बिजुली बनी अग्निको सर्प झिल्का ॥
आकाशै डम्म ढाकी प्रथम रवि-छवि 'स्वः' विषे छैन तुल्य ।
बिर्साइ आँधि घन्क्यो घडडड रिसले धर्म विर्सी अमूल्य ॥

**झञ्झावर्णन**, ६७ ।

समग्रमा यस काव्यमा प्राकृतिक परिवेशको चित्रण विस्तृत र व्यापक रूपमा गरिएको छ । यहाँ प्रकृतिका शान्त, रौद्र, भयानक, उराठ आदि अनेक रूपको चित्रण पाइने हुनाले प्राकृतिक परिवेशको चित्रण गरिएको छ । प्रकृतिप्रेमी कवि प्राकृतिक परिवेशको वर्णनमा रमाउनुलाई स्वभाविक मान्नुपर्छ । यहाँ राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा रहेका विभिन्न प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको छ । मानव, व्यक्ति, समाज अनि राष्ट्र,

अन्तर्राष्ट्रिय र विश्वलाई परिवेश बनाइ क्रान्तिकारी गीत गाउँदै युगीन आकाङ्क्षाका आडमा विप्लवपछिको आशापूर्ण परिवर्तनको आह्वान गरेका छन् ।

### ४.१.४ रसभावगत विविधता

साहित्यमा रसलाई विभिन्न साहित्यकारहरूले अनिवार्यतत्त्व मानेका छन् । साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूति नै रस हो । संस्कृत साहित्यमा नौवटा रस (शृङ्गार, हास्य, करुण, भयानक, अद्भुत, वीर, रौद्र, वीभत्स र शान्त) छन् । त्यसैअनुरूप नौवटा स्थायीभाव (रति, हास, शोक, भय, विस्मय, उत्साह, क्रोध, घृणा, निर्वेद) मानिएका छन् । स्थायीभावका अतिरिक्त अनुभाव, व्यभिचारीभावहरू छन् । स्थायीभाव मानिसमा संस्कार वा वासनाको रूपमा रहेका हुन्छन् । हृदयमा रहेको स्थायीभावलाई जगाउने काम विभावले गर्दछ । विभाव पनि आलम्बन विभाव (स्थायीभावलाई जगाउने व्यक्ति वा वस्तु विशेष) र उद्दीपन विभाव (स्थायीभावलाई उद्दीप्त गर्ने, वस्तु वा अवस्था, जस्तै : वसन्त ऋतु, जुनेली रात, एकान्त ठाउँ आदि) गरी दुई प्रकारका हुन्छन् । स्थायीभावको अनुभव गराउनेलाई अनुभाव भनिन्छ । अनुभावअन्तर्गत आँखा, कान रातो हुनु, वाक्य बन्द हुनु, शरीरका रौँ ठाडा हुनु आदि पर्दछन् । व्यभिचारीभाव (सञ्चारीभाव) हर्ष, मोह, ग्लानि, चिन्ता, त्रास, आवेग जस्ता ३३ किसिमका मानिएका छन् । यस खण्डकाव्यमा उत्साह, भय, क्रोध स्थायीभावसँग वीर, भयानक र रौद्र रसको प्रभावकारी अभिव्यक्ति प्रकट भएको छ । काव्यको सुरुदेखि अन्त्यसम्म प्रायः क्रोधभावको बढी अभिव्यक्ति भएका केही श्लोकहरू यस प्रकार छन् :

जो जो सुत्छन् निदालू तिनउपर गई थालमा हुङग हुङ्ग ।
आँधीले मंत्र गर्दै सक्रिय बन भनी द्वार हाल्दो छ ढुङ्ग ॥
मानो यौटा नवीन प्रकृतिबिच बन्यो यो कुरुक्षेत्र धार ।
मानौँ बीसौँ शताब्दी यस जगतविषे क्रान्तिको दिक् छ चार ॥

**झञ्झावर्णन**, १० ।

झक्छन् खल्ली र वल्लीबिच विटपहरू छल्बलाएर पात ।
हान्दै तान्दै घचेड्दै घचघचहरू दी लाख आघात, घात ॥
आफ्नो ध्वंसी महोग्र प्रकृति प्रकृतिमा त्यो हुरीले प्रदर्शी ।
संघर्षी मार्ग छानी युगगतिसरि त्यो जान्छ संसार तर्सी ॥

**झञ्झावर्णन**, २१ ।

त्यस्तै श्लोक ३०, ४६, ७२, ७४, ६६, ६९, ९०, ९५, १००, १०२, १२३ मा क्रोधभावको बढी अभिव्यक्ति पाइन्छ । यस खण्डकाव्यको अन्त्यमा शान्तभाव प्रकट भएको पाइन्छ । उदाहरण :

यो दोह्रौ छालको हो गडबड यसमा पत्फडी साँफ आँधी ।
यो हो फंफा युगान्ती यसविच लहुरी द्वन्द्व खेल्छन् अनादि ॥
यो हाम्रो हाँ दको हो पवन तर जहाँ उग्र यस्को प्रकोप ।
ध्वंसै हो सृष्टि भन्छन् ऋषि मधु ऋतु के आउने छैन ? गोप ! ॥

**फञ्फावर्णन**, १२३ ।

वीरताको अभिव्यक्ति रहेका केही श्लोकहरू

फड्की तर्बार गड्की अतिशय तुजुकी देशका मानधार ।
बीरात्मा लड्न आओ रणथल नभमा शानका ज्यानदार ॥
हावाफैँ फौज चाली अमर विजयका सिंह नेपालपाल ।
गोरामा हान सोला बढ लड बलभद्र प्रतापी कराल ॥

**फञ्फावर्णन**, ९८ ।

हाम्रा भित्री अनौठा प्रबल प्रकृतिका शक्तिका भीम चाल ।
काही सुत्छन् निदाई तिमिरमय गुहामा विचेती विशाल ॥
ती सुन्दा छैन कोही तर प्रबल हुरी निस्कँदा उग्रजाल ।
हामी देख्छौँ सबै ती अतिशय सुखले उठ्दछन् बाल, बाल ॥

**फञ्फावर्णन**, ९९ ।

प्रकृतिका भयानक र रौद्र रूपको फल्को यस खण्डकाव्यको आलम्बनको विभावको रूपमा प्रकृति नै उपस्थित भएको छ । उद्दीपन विभावको रूपमा फञ्फारूपी वातावरण विकृति-विसङ्गति आदि र सञ्चारीभावको रूपमा चिन्ता, मोह, उग्रता, विवाद आदि देखापरेका छन् ।

### ४.१.५ कथनपद्धति

कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकाले खण्डकाव्यको तत्त्वको रूपमा रहेको छ । रचनाकारले खण्डकाव्यमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुई प्रकारको कथनपद्धतिको प्रयोग गरेको हुन्छ । कुनै पनि रचनाकारले आफ्नो विचार, अनुभव र अनुभूति ती कृतिहरूमा प्रस्तुत गर्दा कि त लेखक आफैँ उपस्थित भएर प्रस्तुत गर्छ कि

अन्य पात्रहरूलाई उपस्थित गराएर विचारहरू प्रस्तुत गरिरहेको हुन्छ । प्रथमपुरुष र तृतीयपुरुष दृष्टिबिन्दुमा कतै वर्णनात्मक, संवादात्मक, नाटकीय सन्दर्भमा कतै प्रथमपुरुष दृष्टिबिन्दु कतै तृतीयपुरुष दृष्टिबिन्दु र कतै मिश्रित दृष्टिबिन्दुको प्रयोग गरेको हुन्छ । यस खण्डकाव्यमा देवकोटाले तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । प्रकृति झञ्झालाई नै पात्रको रूपमा उपस्थित गराएर त्यसैको माध्यमबाट विकृति, विसङ्गतिको अन्त्य हुने विचार अभिव्यक्त गरेका र कवि आफू उपस्थित नभएको हुनाले यस खण्डकाव्यमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.१.६ भाषाशैली

खण्डकाव्यमा प्रयोग गरिने भाषा सरल, सहज र सरस हुनु आवश्यक छ । खण्डकाव्यमा सीमा र परिवेश सुहाउँदो भाषाशैलीको प्रयोग हुनुपर्छ । शैलीका दृष्टिले समास शैलीको उपयोग हुनु नितान्त आवश्यक छ । यस खण्डकाव्यमा भाषाप्रयोगका वर्णस्तरमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य पाइन्छ । यस खण्डकाव्यमा तत्सम, तद्भव, झर्रा नेपाली शब्द र आगन्तुक शब्दको प्रयोग भएको छ । यसमा प्रयुक्त कठीन शब्दहरू (अवनि, सद्वज्जी, मुजगहान, आच्छन्न, असिकर, कुलिस) ले खण्डकाव्यलाई क्लिष्ट बनाएको प्रतीत हुन्छ । झञ्झारूपी अनुकरणात्मक शब्दको प्रयोगले गर्दा यो स्रग्धरा छन्द पनि प्रस्तुत खण्डकाव्यमा झञ्झाजस्तै प्रचण्ड, वेगिलो र तुफानी बन्न गएको छ । प्रकम्पक झञ्झाको वर्णनको सिलसिलामा यस खण्डकाव्यमा नेपाली अनुकरणात्मक शब्दको प्रचुर प्रयोग भएको छ । यो भाषाशैलीको प्रभावकारी पक्ष पनि हो; जस्तै :

छड्की पड्की चचडकी चटचट चटकै चालले कर्र पारी ।
दाह्रा धारी हुरीका चुरिइ अघि झरे वृक्ष हाँगा झटारी ॥
तड्की गड्की झझड्की घडघड स्वरले पोख्छ लाखौं घडारी ।
आयो भीमोग्र आयो प्रलयबल हुरी विश्व सारा मडारी ॥

**झञ्झावर्णन**, २ ।

चड्की चड्ड्याङ र चुडडुङ रिससित घनले फ्याँक्छ आगो शिखामा ।
हावा आएर हाँगा हिलहिल गरिँदा खल्बलेको दशामा ॥
धर्केका पात झर्दो किरिकिरि करकी कम्पले भै अशान्त ।
जीवैको झैँ नमुना सदृश छ तरुको विश्वशक्ति प्रकोप ॥

**झञ्झावर्णन**, ३५ ।

यस खण्डकाव्यमा सन्धि, द्वित्व र समास भएका शब्दका साथै पदकोटिका दृष्टिले प्रायः नाम, विशेषण, क्रिया (समापिक, असमापिका) र क्रियाविशेषण पदको प्रयोग भएको छ । यस खण्डकाव्यमा अन्तर्निवेशपूर्ण सरल काव्यढाँचाका साथै संयुक्त र मिश्रढाँचाका वाक्यहरूको प्रयोग गरेको पाइन्छ । कथनका दृष्टिले यहाँ अप्रत्यक्ष कथनकै व्याप्ति देखिन्छ जुन आख्यानरहित कोषात्मक खण्डकाव्य ढाँचाका सन्दर्भमा उपयुक्त नै छ । यहाँ उन्नाइसौँ शताब्दीका अङ्ग्रेजी स्वच्छन्दतावादी कवि पी. वि सेलीको पश्चिमी हावाप्रति सम्बोधित गीतात्मक कविताबाट उत्प्रेरित रही प्रकृतिचक्र, युगचक्र, सामाजिक चक्रको सूक्ष्म सङ्केत सहित युगीन शाश्वत क्रान्तिरागको सशक्त अभिव्यक्तिका क्रममा यस खण्डकाव्यको व्यष्टि र समष्टि शैलीगत संरचनाले उपर्युक्त उच्च शैलीको समक्ष उपयोग गरेको विशेष उल्लेखनीय छ ।

यस खण्डकाव्यमा गौडी रीतिको र ओजगुणको प्राधान्य र बोध्यताका दृष्टिले प्रसाद र अप्रसादको मध्यस्थिति रहेको छ । जस्तै :

छड्की पड्की चचडकी चटचट चटके चालले कर्र पारी ।<br>
दाह्राधारी हुरीका चुरिइ, अघि झरे वृक्ष हाँगा झटारी ॥<br>
तड्की गड्की झझड्की घडघड स्वरले पोख्छ लाखौँ घडारी ।<br>
आयो भीमोग्र आयो प्रलयबल हुरी विश्व सारा मडारी ॥

**झञ्झावर्णन**, २ ।

यस खण्डकाव्यमा प्रयोग गरिएका कठीन शब्दहरूले गर्दा यस खण्डकाव्यको भाषाशैली क्लिष्ट, दुर्बोध्य बन्न गएको छ र पाठकका लागि यो खण्डकाव्य उपयुक्त नै देखिन्छ ।

### ४.१.७ लयविधान

**झञ्झावर्णन** खण्डकाव्य स्रग्धरा छन्दमा लेखिएको आख्यानविहीन एकसर्गे खण्डकाव्य हो । नेपालीमा सबैभन्दा बढी प्रचलनमा रहेको छन्द पनि स्रग्धरा नै हो । यसमा २१ अक्षरको एक पाउ हुन्छ । पाउको प्रत्येक सातौ अक्षरमा यति हुन्छ । एक पाउमा तीनवटा यति हुन्छन् । प्रकम्पक र झञ्झावातसँग सम्बन्धित विषयवस्तु वा भावलाई यस खण्डकाव्यमा अत्यन्त जटिल वर्णमात्रिक स्रग्धरा छन्दको प्रयोग गरी प्रस्तुत गरिएको छ । यहाँ श्लोक ५४ को चौथो पाउमा छन्दोभङ्ग पनि भएको देखिन्छ ।[१०३] जस्तै

---

[१०३] महादेव अवस्थी, **पूर्ववत्**, पृ. २८४ ।

सच्चा शान्ति प्रतापी यदि बुझिन सके आँधिको घोर रूप ।
सच्चा कान्तिप्रकर्षी तिमिर गहनको व्योपव्यापी स्वरूप ॥
उग्रैमा शान्त आगो प्रकटित नभई धूम बन्दैन ज्वाला ।
हावाको फन्फनीमा सघन मनले तत्त्व देख्यो उज्याला ॥

**झञ्झावर्णन**, ५४ ।

त्यस्तै एकाध ठाउँमा (श्लोक ११ का प्रथम र द्वितीय पाउ, श्लोक ५२ का प्रथम र द्वितीय पाउ) मा अन्त्यानुप्रास भङ्ग भएको भए पनि प्रायः अन्त्यानुप्रास र अन्तर्अनुप्रास मिलेको यस खण्डकाव्यको लयढाँचामा झञ्झानुरूपी उग्र साङ्गीति प्रवाह पाइन्छ । जस्तै :

हा हा हा हा सारा हडबड मनमा वृक्षमा हौट हौट ।
हावाका लाख घोडा कटकटट गरी टापले कड्कडाए ॥
हल्लागुल्ला छ सारा, तिमिर छ सबमा दौड औ धूप व्यर्थ ।
शङ्काले रन्थनेको मनुज प्रकृति झैं देशको हेर चित्र ॥

**झञ्झावर्णन**, ११ ।

यत्रो क्रोधान्ध हावा हुँइ हुँइ रथमा शक्तिको अश्ववेगी ।
उग्रक्रान्तिप्रकंपी चुरचुर रिसको दिव्य बेरोक हेर !....॥
यल्लाई भित्र चाल्ने हृदयतल छ क्या शान्तिको तत्व शुद्ध ।
सौन्दर्यैतुल्य भीम प्रकृतियुत चल्यो गड्गडाई अक्रुद्ध ॥

**झञ्झावर्णन**, ५२ ।

यस खण्डकाव्यमा व्यक्त रौद्र भावधाराअनुसार जुन प्रचण्ड वेगिलो र तूफानी स्रग्धरा छन्दका सङ्गीतको गडगडाहट पैदा गरिएको छ । त्यसबाट यहाँ विषयवस्तु, भाव र लयविधानका बीचमा पनि सुन्दर समन्वय स्थापित हुन भएको छ ।

### ४.१.८ बिम्बालङ्कारविधान

यस खण्डकाव्यमा झञ्झालाई वीरका रूपमा प्रयोग गरिएको छ । यो खण्डकाव्य प्रकृतिपरक खण्डकाव्य भएकाले यहाँ प्राकृतिक बिम्बको प्रचुर प्रयोग भएको छ । ती प्राकृतिक बिम्बहरू यसले अँगालेको रौद्रभावअनुसार रौद्रमय बन्न गएका छन् । यहाँ सर्प, चरो, कोइली, वादल, आकाश, सूर्य, चन्द्र, तारा, पहाड, पहरा, शिखर, पानी, वर्षा, जलधि,

नदी, खोला, बगर, खाल्डा, आगो, हावा, हुरी, आँधी, झञ्झा, पृथ्वी, वनजंगल, रुख, लहरा, भुँवरी आदि विभिन्न प्राकृतिक बिम्बको सहज प्रयोग पाइन्छ । यस खण्डकाव्यमा पूर्वीय पौराणिक क्षेत्रका भीम, काल, यम, इन्द्र, रुद्र, शिव, काली, उग्रचण्डी, भैरवी, शिव ताण्डवनृत्य, शिवशिरकी गङ्गा, शिवगण, देवासुरसङ्ग्राम आदि बिम्बको प्रयोग गरी रौद्र झञ्झा चरित्रको अभिव्यक्ति गरिएको छ । त्यसैगरी भूत, प्रेत, पिशाच, बज्र आदि तान्त्रिक बिम्ब र रुसी क्रान्तिको हवा, हिन्दुमुसलमान दङ्गा, हिटलरको शक्ति, महाराणाप्रताप र ग्यारीबाल्डीका महायुद्धका खेल, अविजित रणसँग सम्बन्धित अन्तर्राष्ट्रिय ऐतिहासिक सन्दर्भका साथै नेपाली वीरले लडेका युद्ध, अमरसिंह, बलभद्र र भीमसेन थापाजस्ता नेपाली वीरका वीरताको राष्ट्रिय ऐतिहासिक सन्दर्भको प्रयोग गरिएको छ । यहाँ कवि देवकोटाकै **मैना** खण्डकाव्यका प्रयोग गरिएको अनैतिकता र अधर्म विरुद्धको प्राकृतिक उग्रता र **सृजामाता** खण्डकाव्यमा प्रयोग गरिएको आमा गर्जनका सदस्यहरूको प्रयोग पनि भएको छः जस्तै :

आमाको गर्जनाझैं घनघन छ हुरी रुन्छ हावा हनन्न ।
लाचारीमा अनौठा विषय जलधिको यो अँध्यारो निफन्न ॥
डस्छन् आकाशलाई उरग-दुःखहरू अग्निले हान्छ सोला ।
पोलायो हेर सारा हहर हहर यो हुरिँदो आँधी-गोला ॥

**झञ्झावर्णन**, ८६ ।

यहाँ एटम वम र विज्ञानवादको वैज्ञानिक सन्दर्भको प्रयोग पनि कविले गरेका छन् । यी विभिन्न क्षेत्रसँग सम्बन्धित रौद्र बिम्ब र सन्दर्भको व्यापक र सहज प्रयोगद्वारा यस खण्डकाव्यको रौद्र रसको प्रभावकारिता निकै बढेको पाइन्छ ।

यस खण्डकाव्यमा झञ्झालाई विभिन्न प्राकृतिक बिम्बहरूको साथै विभिन्न अलङ्कारको प्रयोग गरिएको छ । यहाँ प्रकृतिको मानवीकरण गर्ने स्वच्छन्दतावादी अलङ्करणप्रविधिको प्रयोग हुन गएको छ भन्ने स्पष्ट हुन्छ । अलङ्कार प्रयोगका दृष्टिले हेर्दा यस खण्डकाव्यमा विशेषगरी उपमा, उत्प्रेक्षा, रूपक, संसृष्टि, समाशोक्ति, विरोध अलङ्कारको प्रयोग भएको छ भने समानान्तरता, प्रश्नालङ्कार, पर्यायोक्ति र पुररूक्तिजस्ता अर्थालङ्कारको प्रयोग पनि भएको पाइन्छ; जस्तै :

उपमा

खाल्तो पर्दा गहीरो पवन सदनमा वायुको गर्त घोर ।
विग्रेकी ठाउँ छोडी प्रकृति हुनगई गड्बडाई अघोर ।
देवात्माको लडाई असुरसँग भएझैं परी धर्म युद्ध ।
झञ्झाका लाख छौंडा हुइँ हुइँसित छन् शक्तिधारी प्रबुद्ध ।

**झञ्झावर्णन**, २४ ।

समाशोक्ति

रोएका वृक्ष ठूला खलबल जलले आत्तिएका समस्त ।
ढल्मल् गर्छन् हजाराँ दलदल चुँडिदै आँधिमा उग्र त्रस्त ॥
रोऊन् न्यूरन् कराउन् तर तल त्यसको वेगले खान्छ कावा ।
आफ्नो बाटो नछाड्ने प्रगतिमय नअड् वेगले हान्छ हावा ॥

**झञ्झावर्णन**, ४७ ।

संसृष्टि

धूलाका भूत काला हरहर धसिए कल्पनाका पिशाच ।
लम्बे चौडे बनेका दहउपर तथा वृक्षका माथि नाच ॥
बन्छन् धूले धरौरा भुँबरहरू परे फन्फनाई फनन्न ।
जस्तो पानी तुफानी जलधिबिच उडी घुंदछन् धन्नधन्न ।

**झञ्झावर्णन**, १४ ।

विरोधाभास

यो दोह्रो छालको हो गडबड यसमा पत्झडी साँझ आँधी ।
यो हो झंझा युगान्ती यसबिच लहरी द्वन्द्व खेल्छन् अनादि ॥
यो हाम्रो हाँ दको हो पवन तर जहाँ उग्र यस्को प्रकोप ।
ध्वंशै हो सृष्टि भन्छन् ऋषि मधु ऋतु के आउने छैन? गोप ! ॥

**झञ्झावर्णन**, १२३ ।

प्रश्नालङ्कार

के चाहन्छौ जगत्मा जनहरू अहिले सर्वका गर्वद्वारा ।
चाहन्छौं आँधि ठूलो गडवडहरूको बाज्न खोज्छौ नगारा ॥
झिल्काई क्यै विजुली दुःखसित नभमा क्यै कराएर अन्त ।
झंझामा चढ्न खोज्छौं चढ चढ जन हो ! व्याप्त पारी दिगन्त ॥

**झञ्झावर्णन**, ७७ ।

उत्प्रेक्षा

मानो यो शब्द ब्रह्म प्रकृतिबिच सबै खल्बलाई घनन्न ।
सूत्रै यौटा नपाई ध्वनित बहु दिशामा भई ध्येय शून्य ॥
संसारै लाई सारा खलबल बलले रान्किँदो जाल पारी ।
पाराबाटै उछाल्दो अनियत ध्वनिको चल्छ आघात भारी ॥

**झञ्झावर्णन**, १८ ।

रूपक

हात्ती छन् हेर ठूला पवनतुरगको फौज बढ्छन् गडड्ड ।
रेंकी केंकी कराई विविध स्वर गरी लाड्दछन् झुण्ड झुण्ड ॥
पानी नै वर्षि आयो रुधिर समरको छन् धरामाथि धारा ।
कोकोलो हाल्छ सारा पवन जगतको क्रोध गर्दो छ मारा ॥

**झञ्झावर्णन**, ३१ ।

## ४.२ निष्कर्ष

देवकोटाले भारतप्रवासकाल (२००४ सालतिर) मा भयानक रसको वैकल्पिक लेखन वा रौद्र रसको विस्तृत अभिव्यक्ति गरी रचेको एक खण्डकाव्य **झञ्झावर्णन** हो । यस खण्डकाव्यमा अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूका क्रान्तिचेतनाको प्रभावका साथै पूर्वीय र पाश्चात्यजगत्का विविध विषयक्षेत्रको र बीसौं शताब्दीका युगको प्रभाव झल्किए पनि यो मुख्यतः प्राकृतिक उग्र, रौद्ररूपको वर्णन गरी रचेको एक प्रकृतिपरक मौलिक खण्डकाव्य हो । यस खण्डकाव्यमा कविका प्रकृतिकेन्दी, रौद्र, सौन्दर्यचेतना र क्रान्तिकारी विद्रोही चेतनाका साथै धार्मिक, नैतिक र आध्यात्मिक विचारको पनि अभिव्यक्ति भएको छ । झञ्झाको विध्वंशकारी र नवनिर्माणकारी दुई थरी रूपको वर्णन गरिएको हुँदा रौद्र रसको अभिव्यक्ति छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा व्याप्त रहेका विसङ्गति र विकृति फोहोरमैलालाई जब अत्याचारको पराकाष्टाले थेग्न सक्दैन त्यतिखेर झञ्झारूपी क्रान्ति आएर विकृति र विसङ्गतिहरूको निर्मूल पार्छ र स्वस्थ समाजको स्थापना हुन्छ भन्ने कुरा नै यस खण्डकाव्यको सारवस्तु हो ।

प्रकृतिचक्र, युगचक्र र जीवनचक्रका शाश्वत परिवेशका विकृतिको विरुद्ध देखापरी विध्वंश मच्चाई नवसुन्दर वातावरणको स्थापना गर्ने झञ्झा वीरताको वयान गरिएको हुँदा

यस खण्डकाव्यले तत्कालीन परिप्रेक्ष्यमा चाहिँ राणा शासनका तानाशाही विरुद्ध झञ्झाक्रान्तिको आह्वान गरिएको छ । विषयवस्तु, भाषाशैली, लयविधानका आधारमा यस खण्डकाव्यको शीर्षक सार्थक देखिन्छ । एकसर्गमा पूर्ण भएको यस खण्डकाव्यमा १२३ श्लोक रहेका छन् । यस खण्डकाव्यको तृतीयपुरुषकेन्द्री कथनपद्धति, रौद्र भावानुसार भाषाशैली, लयविधान र सन्दर्भ बिम्बविधानका कारणले रोचक र प्रभावकारी बनेको छ । वर्णमात्रिक स्रग्धरा छन्दको प्रयोग गरिएको यस खण्डकाव्यमा ठाउँठाउँमा छन्दको प्रयोगमा केही कसरमसर झल्किए पनि प्रायः अन्तर्अनुप्रास र अन्त्यानुप्रास मिलाई झञ्झारूपी उग्र, प्रचण्ड भाषाशैलीको प्रयोग गरी त्यस स्रग्धरा छन्दको गडगडाहटपूर्ण वेगिलो तूफानी सङ्गीतको सृजना गरी यहाँ झञ्झामा आधारित विषयवस्तु वा भाव र स्रग्धरा छन्दका उग्र, रौद्र रूपमा समन्वय स्थापित गरिएको छ । नेपाली अनुकरणात्मक शब्दको प्रचुर प्रयोग गरिएको छ । पूर्वीय तथा पाश्चात्य जगत्का आध्यात्मिक, पौराणिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, तान्त्रिक, नैतिक, साहित्यिक, वैज्ञानिक, राजनैतिक आदि क्षेत्रका विभिन्न सन्दर्भको सहज र सशक्त प्रयोगद्वारा यसको बिम्बालङ्कारविधान समृद्ध बनेको छ । तत्सम, तद्भव शब्दको उचित प्रयोग गरिएको छ । झञ्झाको गडगडाहटको अनुकरण गर्ने पदपदावलीको प्रचुर प्रयोग, प्रवाहपूर्ण ओजस्वी भाषा तथा दिव्य तूफानी वर्णनात्मक शैलीलाई अँगालेर स्रग्धरा छन्दमा लेखिएको उच्चस्तरीय **झञ्झावर्णन** (मैना खण्डकाव्यसङ्ग्रहमा सङ्गृहीत) देवकोटाको प्रथम र अन्तिम प्रकृतिकाव्य हो ।

# पाचौ परिच्छेद

# शोध निष्कर्ष

प्रथम परिच्छेद यस शोधपत्रमा शोधपरिचयका रूपमा रहको छ भने दोस्रो परिच्छेदको शीर्षक खण्डकाव्यको सैद्धान्तिक स्वरूप र विकासक्रम हो । यसमा साहित्यको एक विधाका रूप रहेको कविताको एक उपविधा खण्डकाव्य हो । यसलाई कविताको मझौलो रूप पनि भनिन्छ । कविताका लघुतम रूप, लघुरूप, मध्यम रूप, बृहत् रूप र बृहत्तर रूपमध्ये मध्यवर्ती रूपका खण्डकाव्य रहेको छ । कविताको मझौला रूपमा रहेको यस खण्डकाव्यलाई चिनाउने पहिला विद्वान् संस्कृत साहित्यशास्त्री आचार्य विश्वनाथ हुन् । यिनले काव्यको एक देशका रूपमा खण्डकाव्यलाई चिनाएका छन् । काव्यको एकदेश नै खण्डकाव्य भएकाले यसले जीवनको सम्पूर्णताको नभई जीवनको एकखण्डको मात्र अभिव्यक्ति दिने काम गर्दछ । विश्वनाथको परिभाषा नै खण्डकाव्यलाई चिनाउने मुख्य आधार हो । उनको (विश्वनाथ) यही खण्डकाव्यसम्बन्धी चिन्तनलाई नै नेपाली साहित्यका विद्वान्हरूले पनि स्वीकार गरी आआफ्नै किसिमले चिनाउने काम गरेका छन् ।

नेपाली खण्डकाव्यको विकासक्रमको इतिहासलाई नेपाली कविताको इतिहाससँग जोडेर हेर्नुपर्छ । कवितालेखनको सुरुआतसँगै खण्डकाव्य स्तरका रचना लेख्न सुरु भएको देखिन्छ । फलतः खण्डकाव्यको विकासक्रमलाई अध्ययन गर्दा कविताको इतिहासझैँ प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी तीन चरणमा विभाजन गरी छुट्टाछुट्टै अध्ययन गरिन्छ । प्राथमिक काल (वि. सं. १८२६-१९४०) का कविहरू सुवानन्द दास, शक्तिवल्लभ अर्याल, उदयानन्द अर्याल, वसन्त शर्मा, ज्ञानदिलदास आदि प्रमुख रहेका छन् । यस कालमा खण्डकाव्य भन्न सकिने भानुभक्त आचार्यका **वधुशिक्षा** (१९१०), **रामगीता** (१९९५) आदि रहेका छन् । यस काललाई लेखनको युग भनिन्छ । माध्यमिक काल (वि. सं १९४१-१९७४) का केन्द्रीय प्रतिमा मोतीराम भट्ट हुन् । यो काल लेखन र प्रकाशनको युग हो । **सूक्तिसिन्धु** (१९७४) माध्यमिक कालको अन्त्य र आधुनिक कालको आरम्भ बिन्दुको

रूपमा रहेको छ । आधुनिक काल (वि. सं. १९७५ देखि हालसम्म) मा विभिन्न मोडहरू रहेका छन् ।

कुनै पनि खण्डकाव्यको विवेचना गर्नाका लागि विभिन्न तत्त्वलाई आधार मानिन्छ । विश्वनाथदेखि आजसम्मका खण्डकाव्यसम्बन्धी परिभाषाले निर्देशन गरेअनुसार खण्डकाव्यका विभिन्न तत्त्वहरू रहेका छन् । कथावस्तु, पात्र, परिवेश, भाव, (रस) कथनपद्धति, भाषाशैली (लय) बिम्बप्रतीक यी तत्त्वहरू नै खण्डकाव्य विवेचनाका मुख्य आधार हुन् । यिनै तत्त्वहरूद्वारा कुनै पनि खण्डकाव्यको विवेचना गर्न सकिन्छ ।

तेस्रो परिच्छेदको निष्कर्ष 'कवि लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य यात्रा' हो । कवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक यात्रा कलिलै उमेरदेखि अर्थात् वि.सं. १९७६ दश वर्षको अल्पायुबाटै प्रारम्भ भए पनि खण्डकाव्य यात्रा भने वि.सं. १९९२ बाट प्रारम्भ भएको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारितासम्बन्धी तेस्रो परिच्छेदको अध्ययनबाट प्राप्त हुने पहिलो निष्कर्ष के हो भने आफ्नो खण्डकाव्ययात्राका २३ वर्षमा उनले तीन दर्जन जति (लामो कविता समेत) खण्डकाव्यहरूको रचना गरेका छन् । देवकोटाको यो खण्डकाव्य सङ्ख्याले उनलाई नेपाली खण्डकाव्य परम्परामै सर्वाधिक खण्डकाव्य स्रष्टाका रूपमा प्रस्तुत गरेको छ । कम्तीमा परिमाणात्मक हिसाबले नेपाली कविता संसारलाई यति धेरै खण्डकाव्य दिएर समृद्ध तुल्याउनुबाट देवकोटाको खण्डकाव्यात्मक प्राप्ती टड्कारिएकै छ भने गुणात्मक र विशेषतः सौन्दर्यमूल्यका दृष्टिले पनि उनको खण्डकाव्यात्मक प्राप्ति टड्कारिएको स्पष्ट हुन्छ ।

निश्चय पनि देवकोटा आफ्ना खण्डकाव्यमा त्यति बेला पनि यथार्थवादी छैनन् जति उनी आफ्नै फुटकर कविता - यात्राका उत्तरार्द्धमा रहेका छन् । समाजका जल्दाबल्दा सामयिक सन्दर्भहरू कहीँ-कतै उनका खण्डकाव्यमा लाक्षणिक-साङ्केतिक स्तरमा रहे पनि तिनको व्यापक गम्भीर प्रस्तुति तिनमा भएको छैन र प्रखर सामाजिक खण्डकाव्यकारका रूपमा देवकाटा त्यति सशक्त देखिँदैनन् । नेपाली सामाजिक जीवनबाट पात्रहरू र सन्दर्भहरू टिपिए पनि तिनको प्रस्तुति सामाजिक जीवनका जटिलताका परिप्रेक्ष्यमा गरिएको नभई विशेषतः प्रेम-प्रणयका सन्दर्भमा गरिएको छ र त्यस कममा यथार्थवादी चेतनाको सक्रियताभन्दा पनि अदर्शवादी - स्वच्छन्दतावादी चेतनाकै भूमिका केन्द्रीय रहेको छ ।

यसरी खण्डकाव्यकार देवकोटा प्रत्येक खण्डकाव्यमा अलग-अलग प्रवृत्ति लिएर देखापरेकाले कुनै एक बिन्दुबाट देवकोटाका खण्डकाव्यकारिताको मूल्यनिर्धारण गर्नु देवकोटाप्रति अन्याय हुनेछ ।

चौथो परिच्छेदमा महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि. सं. १९६६-२०१६) नेपाली साहित्यमा महाकाव्य, खण्डकाव्य, निबन्ध, कविता आदि विविध क्षेत्रमा कलम चलाएर साहित्यिक क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएका छन् । दस वर्षको उमेरदेखि कविता लेख्न सुरु गरेका स्वच्छन्दतावादी-प्रगतिवादी धाराका कवि देवकोटाको कवितासिर्जनको क्रम मृत्युसय्यासम्म चालु रहको पाइन्छ । उनी कवितालेखनबाटै महाकवि बन्न पुगे । उनका उच्चस्तरका कृतिहरूमा **मुनामदन** (१९९१), **राजकुमार प्रभाकर** (१९९६), **शाकुन्तल** (२००२), **सुलोचना** (२००२), **कुञ्जिनी** (२००२), **झञ्झावर्णन** (२००४), **महाराणाप्रताप** ( २०२४), **मायाविनीसर्सी** (२०२४), **लुनी** (२०२५), **सृजामाता** (२०३९), **मैना** (२०३९) र **पृथ्वीराज चौहान** (२०४९) आदि रहेका छन् । उनको सबैभन्दा पहिलो खण्डकाव्य **मुनामदन** (१९९१) हो भने अन्तिम खण्डकाव्य चाहिँ परिमार्जित **मुनामदन** (२०१६) हो । देवकोटा विभिन्न खण्डकाव्यहरूमध्ये **झञ्झावर्णन** (२००४) उच्चस्तरको प्रकृतिकाव्य हो । यो **झञ्झावर्णन** खण्डकाव्य **मैना** (२०३९) खण्डकाव्यसङ्ग्रहमा सङ्गृहीत छ । **झञ्झावर्णन** खण्डकाव्यमा प्रकृति वा झञ्झाका विविध रूपको चर्चा गरिएको छ ।

देवकोटाको **झञ्झावर्णन** (२००४) खण्डकाव्य भारतप्रवास (२००४-६) मा रहँदा प्रकृतिका उग्र स्वरूपको चित्रण गरी रचेको प्रकृतिपरक खण्डकाव्य हो । यो खण्डकाव्य स्वच्छन्दतावादी धाराका कवि देवकोटाको प्रथम र अन्तिम प्रकृतिकाव्य हो ।

यस काव्यमा प्रकृति वा झञ्झालाई नै पात्र बनाई झञ्झाको गीत गाइएको छ । काव्यमा भौतिक संसारमा थुप्रिएका फोहोरमैलालाई बढार्न र समाज, राष्ट्र र विश्वमा फैलिएका अत्याचार, शोषण, निरङ्कुशतालाई सखाप पार्न अनि नेपालको परिवेशमा देशमा थुप्रिएका राणाशाहीको फोहोरमैलालाई बढार्न र पखाल्न तथा फ्याँक्नका लागि झञ्झासँग आह्वान गरिएको छ । यस काव्यमा प्रकृतिको भयङ्कर र सशक्त अभिव्यक्ति हुनाका साथै युगचेतनाको प्रभावकारी अभिव्यक्ति पनि भएको छ । झञ्झाले समाजमा रहेका विकृति, विसङ्गति, अत्याचारलाई निर्मूल पारी स्वच्छ तथा स्वस्थ्य समाजको स्थापना हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । देवकोटाले बनारस प्रवासकालीन समयमा झञ्झावातको वर्णन गर्ने सिलसिलामा तत्कालीन (२००४ सालतिरको) नेपालको परिवेशमा देशमा थुप्रिएको

राणाशाहीको फोहोरमैलालाई बढार्न सम्पूर्ण नेपालीहरूलाई झञ्झारूपी क्रान्तिकारी वीरका रूपमा जुर्मुराएर उठ्न आह्वान गरेका छन् । उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई समेत समेटेको छ । झञ्झासँग सम्बन्धित यी विभिन्न कुराको वर्णन झञ्झानुसारी गडगडाहटपूर्ण भाषाशैली र प्रवाहपूर्ण स्रग्धरा छन्दको प्रयोगद्वारा व्यक्त गरिएकाले यस खण्डकाव्यको **झञ्झावर्णन** शीर्षक पनि सार्थक बन्न पुगेको छ।

**मैना** खण्डकाव्यसङ्ग्रहमा सङ्गृहीत यस **झञ्झावर्णन** खण्डकाव्यमा २१ पृष्ठ रहेका छन् १२३ श्लोकमा फैलिई एकै सर्गमा पूर्ण भएको छ । प्राकृतिक झञ्झालाई पात्र बनाइ त्यसका चरित्रको वर्णनमा आधारित सूक्ष्माख्यानको झल्कोसमेत पाइन्छ । तृतीयपुरुषकेन्द्री वर्णनात्मक कथनपद्धतिको प्रयोग गरिएको यस खण्डकाव्यमा रौद्र भावानुसारका भाषाशैली, लयविधान र सन्दर्भ बिम्बविधानका कारणले निकै रोचक र प्रभावकारी बनेको छ ।

नेपाली अनुकरणात्मक शब्दको प्रचुर मात्रामा प्रयोग, तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको यस खण्डकाव्यमा वर्णनात्मक तथा सूचनात्मक किसिमको भाषाशैलीको प्रयोग भएकाले यो खण्डकाव्य उत्कृष्ट बन्न पुगेको छ । समग्रमा भन्नुपर्दा देवकोटाका विभिन्न स्तरका खण्डकाव्यहरूमध्ये **झञ्झावर्णन** एक उच्च स्तरको खण्डकाव्यका रूपमा राखी अध्ययन गर्न सकिन्छ ।

## सम्भाव्य शीर्षकहरू

**क) ‘झञ्झावर्णन’ खण्डकाव्यको शीर्षक सार्थकता**

**ख) ‘झञ्झावर्णन’ खण्डकाव्यको अलङ्कारविधान**

**ग) ‘झञ्झावर्णन’ खण्डकाव्यको रसभावगत विविधता**

# सन्दर्भग्रन्थसूची


अम्बिकादेवी रिमाल, **खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन**, (स्नातकोत्तर शोधपत्र) त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीतिपुर, २०४२ ।

अभिनव गुप्त, **ध्वन्यालोक लोचन टीका**, बाराणसी : चौखम्बा विद्याभवन, सन् २०२१ ।

ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** काठमाडौँ : न्यू हिरा इन्टरप्राइजेज, २०६० ।

कृष्णप्रसाद पराजुली, **पन्ध्रतारा र नेपाली साहित्य**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०४२ ।

कुमारबहादुर जोशी, **महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोडउपमोडको विवेचना** (विद्यावारिधि शोधप्रबन्ध) त्रि. वि., २०४२ ।

..................... , **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४७ ।

......................... , **देवकोटाका कविताकृतिमा प्रकृति**, काठमाडौँ : सरस्वती प्रकाशन, कीर्तिपुर, २०५३ ।

......................., **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना**, काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८ ।

कुलचन्द्र गौतम, **अमरकोश** (टीकाकार), काठमाडौँ : लक्ष्मीनाथ गौतम, २०२६ ।

केशवप्रसाद उपाध्याय, **प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति**, ते. सं., काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

....................... , **साहित्यप्रकाश**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०३४ ।

खगेन्द्रप्रसाद लुँइटेल, **कविताको संरचनात्मक अध्ययन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

घनश्याम दाहाल र अन्य, **खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,** काठमाडौँ : भुँडीपुराण, २०५७ ।

चूडामणि बन्धु, **देवकाटा**, ते. सं., काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

टीकाराम बाँस्तोला, 'आधुनिक नेपाली खण्डकाव्यको शिक्षण', **पृथ्वीवाङ्मय** (वर्ष १, अङ्क १, २०५८) ।

ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्यको परिक्रमा**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

ताराकान्त पाण्डेय, 'देवकोटाको खण्डकाव्यकारिता : प्राप्ति र सीमाका परिप्रेक्ष्यमा' **वाङ्मय**, (वर्ष १५, पूर्णाङ्क ८, २०५५/५६) ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन, २०४९ ।

दैवज्ञराज न्यौपाने, 'खण्डकाव्यको सैद्धान्तिक परिचय', **वाङ्मय,** काठमाडौँ : नेपाली केन्द्रीय विभाग : २०५५/५६ ।

नवराज केशी, **मैना खण्डकाव्यसङ्ग्रहको कृतिपरक अध्ययन**, (स्नाकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, २०५८ ।

नारायणप्रसाद गौतम, **नेपाली खण्डकाव्य सिद्धान्त र विवेचना**, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार, २०६१ ।

नरेन्द चापागाईं र दधिराज सुवेदी, **काव्य समालोचना**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२ ।

नरेन्द्र, **भारतीय काव्यशास्त्रको भूमिका**, भारत : डिल्ली नेसनल पब्लिसिङ्ग हाउस, सन् १९७६ ।

**नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञाप्रतिष्ठान, २०५८ ।

बालकृष्ण सम, **पाँचसयवर्ष**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०४३ ।

मोहनहिमांशु थापा, **साहित्य परिचय**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

मोहनराज शर्मा, **शैलीविज्ञान**, काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञाप्रतिष्ठान, २०४९ ।

.................. , (सम्पा.) **नेपाली निबन्ध भाग १**, काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुँइटेल, **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा. लि., २०६१ ।

रूद्रट, **काव्यालङ्कार**, दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५ ।

वासुदेव त्रिपाठी, **लेखनाथ पौड्यालको कवित्व विश्लेषण र मूल्याङ्कन,** काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०३४ ।

वासुदेव त्रिपाठी र (अन्य), **नेपाली कविता** (भाग २), काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

.................., **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (भाग १), ते. सं., काठमाडौँ : साझा प्रकाशन, २०४८ ।

..................... , 'महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राको थालनी एवं दिशाबोध, **गोधूली**, २०५१ ।

वासुदेव त्रिपाठी अन्य, (सम्पा.), **नेपाली कविता** (भाग ४), ते. सं., काठमाडौँ : साझा प्रकाशन, वि. सं. २०५४ ।

विश्वनाथ, **साहित्यदर्पण**, (सम्पा. सत्याव्रत सिंह) ष. सं., वाराणसी : चौखम्बा प्रकाशन विद्याभवन, सन् १९८२ ।

सोमनाथ सिग्देल, **साहित्यप्रदीप**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।